# नेपाल समाचारपत्र

नेपाली मनको नेपाली पत्रिका

NEPAL SAMACHARPATRA

शुक्रबार भदौ १, २०७५ | Friday, August 17, 2018 | www.newsofnepal.com | नेसं ११३८ गुँलाथ्व ६ | वर्ष २४, अंक २१९ | पृष्ठ १२ | मूल्य रु १०/–







### जटिल बन्दै उपत्यकाको फोहोर व्यवस्थापन

# सिसडोल ३ महिनामा भरिँदै

ईश्वरराज ढकाल, सिसडोल, नुवाकोट


सरकारले फोहोर व्यवस्थापनमा ध्यान दिएन भने अबको ३ महिनापछि उपत्यकाको फोहोर व्यवस्थापनमा गम्भीर समस्या उत्पन्न हुने भएको छ। नेपालको संविधान-२०७२ अनुसार स्थानीय तहलाई फोहोर व्यवस्थापन गर्ने अधिकार दिए पनि केन्द्रीय सरकारले बजेट उपलब्ध नगराउँदा फोहोर व्यवस्थापन गर्ने काम विकराल बन्दै गएको भन्दै सरोकारवालाहरूले चिन्ता व्यक्त गरेका छन्।

उपत्यकाका तीनसहित ६ जिल्लाका २२ स्थानीय निकायको फोहोर व्यवस्थापन गर्ने थलो सिसडोल ल्यान्डफिल साइट भरिएको छ। लगातारको वर्षाका कारण फोहोर व्यवस्थापन गर्न कठिन बन्दै गएको छ। सिसडोलमा फोहोर खसाल्न गएका सवारीसाधन घन्टौं लाइन बस्न बाध्य हुने गरेका छन्।

कतिपय सवारी चालक त २ दिनसम्म सिसडोलमै बसेर एक ट्रिप फोहोर खसाली फर्कने गरेका छन्। फोहोरको थुप्रोमा निर्माण गरेको हिलाम्य बाटो पार गरी फोहोर व्यवस्थापन गर्नुपर्ने भएकाले दिनहुँजस्तो समस्या आउने गरेको छ। काठमाडौं महानगरपालिका एक्लैले सिसडोल ल्यान्डफिलका लागि दैनिक १ लाख रुपियाँ सिसडोलमा खर्च गर्ने गरेको छ।

सरकारले कम्तीमा पनि ५ वर्षका लागि वैकल्पिक ल्यान्डफिल साइटको व्यवस्था नगरे अबको ३ महिनापछि उपत्यकाको फोहोर व्यवस्थापन गर्न नसकिने कामपा वातावरण व्यवस्थापन विभाग प्रमुख हरिबहादुर कुँवरले बताउनुभयो।

उहाँका अनुसार राजधानीलगायत स्थानीय तहको फोहोर व्यवस्थापन गर्न नसक्दा समस्या बिकराल बन्दै गएको छ। अहिले सिसडोलाई ल्यान्डफिलभन्दा पनि डम्पिङसाइट भन्ने अवस्था सिर्जना भएको छ। लिचेड कहाँ व्यवस्थापन भइरहेको छ अत्तोपत्तो छैन, जतातत्तै आफूखुसी फोहोर व्यवस्थापन गरिएको छ। वैकल्पिक स्थान नभएका कारण फोहोर व्यवस्थापनमा समस्या आएको बताउँदै कामपा वातावरण व्यवस्थापन समितिका संयोजक एवं कामनपा-१२ का अध्यक्ष विकास डंगोलले राज्यले ध्यान नदिँदा समस्या आएको बताउनुभयो। महानगरद्वारा गठित समितिका सदस्य एवं वडा नम्बर ४ का अध्यक्ष मोहन विष्ट, २६ का वडा अध्यक्ष ख्यामराज तिवारी र वडा नम्बर १७ का कार्यपालिका सदस्य प्रेम पुजारीसहितको टोली ल्यान्डफिल साइट अवलोकन गर्न पुगेका थिए।



- राज्यले सहयोग नगर्दा गम्भीर समस्या : कामपा
- हामीले मात्रै होइन सबै स्थानीयले चासो दिनुपर्‍यो

अहिले सिसडोलमा सामान्य बाटो मर्मत गरेपछि नगन्य मात्रामा फोहोर व्यवस्थापन भइरहेको छ। पानी परेपछि बाटो हिलाम्य हुन्छ। सवारीसाधन सञ्चालन हुनै सक्दैन पानी नपरेको बेला झन्डै १ सय ५० सवारीसाधनले फोहोर व्यवस्थापन गर्दा घन्टौं लाग्ने गरेको छ।

तीनपिप्लेदेखि ल्यान्डफिल साइटसम्म जाने बाटो व्यववस्थित भए पनि मुड्खुदेखि जितपुफेदीसम्मको बाटोमा खाल्डैखाल्डो भएको छ। अन्य स्थानको बाटोभन्दा पनि ल्यान्डफिल साइटको बाटोले समस्या पारेको विभागीय प्रमुख कुँवरले बताउनुभयो।

दैनिक १ हजार टन फोहोर व्यवस्थापन हुने सिसडोलमा अहिले करिब ४ सय टन मात्रै फोहोर व्यवस्थापन हुने गरेको छ। करिब ५० मिटर उचाइसम्म फोहोरमाथि नै निर्माण गरेको सिसडोल ल्यान्डफिल साइटको प्रवेशमार्ग वर्षाद् र फोहोरको अत्यधिक भारले भासिएको छ।

जापान सहयोग नियोग (जाइका) को सहयोगमा २०६२ सालमा निर्माण गरेको सिसडोल ल्यान्डफिल साइटको क्षमता सकिइसकेको छ। २ वर्षको क्षमता रहने गरी निर्माण गरेको सो ल्यान्डफिल साइटको विकल्पका रूपमा रहेको वन्चरेडाँडाको ल्यान्डफिल साइट निर्माण गर्न सकिएको छैन।

करिब दुई साताअघि फोहोर व्यवस्थापन समस्याले बिकराल रूप लिँदै गएपछि उपत्यकालगायतका २२ स्थानीय निकायको बैठकले कामपाका सहसचिव ईश्वरचन्द्र मरहठ्ठाको संयोजकत्वमा ५ सदस्यीय समिति गठन गरेको थियो। समितिले काम गरे पनि व्यवस्थापनको भने अहिलेसम्म निष्कर्षमा पुग्न सकेको छैन।

२०६२ साल जेठ २२ गतेदेखि काठमाडौं र ललितपुरमा उत्पादन भएको फोहोर ओखरपौवा क्षेत्रमा व्यवस्थापन गर्न थालिएको थियो। त्यस क्षेत्रमा फोहोर व्यवस्थापन गर्न थाल्दा साइटको क्षमता ३ वर्ष हुने अनुमान गरिएको थियो। तत्कालीन अवस्थामा काठमाडौं महानगर र ललितपुर उप-महानगरबाट दैनिक ३ सय ७५ मेट्रिक टनसम्म फोहोर पुग्ने गरेको थियो। अहिले दैनिक झन्डै १ हजार टन फोहोर जाने गरेको छ। सरकारले ३ वर्षभित्र वन्चरेडाँडाको पूर्वाधार तयार पारेर २०६५ सालबाट फोहोर व्यवस्थापन शुरुआत गर्ने लक्ष्य थियो। तोकिएको समयको भन्दा १० वर्षपछि पनि बन्चरेडाँडाको पूर्वाधार बन्न सकेको छैन।

पूर्वाधार बन्न नसक्दा अहिले सबै निकायको फोहोर सिसडोलमा व्यवस्थापन हुने गरेको छ। नुवाकोट र धादिङ जिल्लाको सीमानामा पर्ने वन्चरेडाँडाको जग्गा प्राप्तिको काम सकी सरकारबाट वातावरणीय प्रभाव मूल्याङ्कन पनि गराइएको छ । वन्चरेडाँडामा १ अर्ब रुपियाँ खर्च भइसके पनि पूर्वाधार भने केही बनेको छैन।

### पुरानो मुलुकी ऐन आजैदेखि खारेज

# १ सय ६५ वर्षपछि नयाँ मुलुकी ऐन लागू

प्रशान्त वली, काठमाडौं

आज भदौ एकदेखि देशले नयाँ कानुन पाउँदै छ। जंगबहादुर राणा प्रधानमन्त्री भएका बेला १९१० सालमा बनाइएको मुलुकी ऐन खारेज गरी नयाँ 'मुलुकी ऐन-२०७४' कार्यान्वयनमा ल्याइएको हो। सो ऐन-२०२० सालमा पहिलोपटक संशोधन गरिएको थियो।

आजदेखि कार्यान्वयनमा आउने ऐनमा मुलुकी अपराध (संहिता) ऐन-२०७४, मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन-२०७४, फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन-२०७४, मुलुकी देवानी (संहिता) ऐन-२०७४ र मुलुकी देवानी कार्यविधि (संहिता) ऐन-२०७४ रहेका छन्। मुलुकी ऐन कार्यान्वयनका लागि सबै तयारी पूरा भइसकेको सर्वोच्च अदालतले जनाएको छ। ऐन कार्यान्वयनका लागि ३ हजार १ सय कर्मचारीलाई तालिम दिइएको सर्वोच्चका प्रवक्ता भद्रकाली पोखरेलले नेपाल समाचारपत्रलाई जानकारी दिनुभयो।

यसैबीच यसै उपलक्ष्यमा कानुन तथा संसदीय मामिला मन्त्रालयद्वारा आजै दिउँसो २ बजे विशेष समारोहको आयोजना गरिएको उक्त मन्त्रालयका प्रवक्ता रमेशप्रसाद ढकालले पुष्टि गर्नुभयो।

उक्त कार्यक्रममा उपस्थित हुन आफ्ना मातहतका सम्पूर्ण अदालतलाई परिपत्र गरेको प्रवक्ता पोखरेलले बताउनुभयो।

यस्तै कायममुकायम प्रधानन्यायाधीश ओमप्रकाश मिश्रले संहिताहरूको कार्यान्वयन प्रारम्भ हुने आजको दिनलाई कानुनी इतिहासको सुखद दिन भन्नुभएको छ।

नेपाल कानुन समाजद्वारा बिहीबार ललितपुरमा आयोजित 'मुलुकी देवानी र फौजदारी कार्यविधि (संहिता) ऐन-२०७४ कार्यान्वयनको अवस्था र चुनौती' विषयक अन्तरक्रियामा उहाँले सो कुरा बताउनुभएको हो।

## अनुमतिबिना तस्वीर खिचे एक वर्ष कैद

नयाँ मुलुकी ऐनअनुसार कसैले अनुमतिबिना कसैको तस्वीर खिचेमा १ वर्ष वा १० हजार रुपियाँ जरिवाना लाग्ने वा दुवै सजाय हुने भएको छ। यस्तै निजको तस्वीरसँग अरू कसैको तस्वीर राखी अर्को तस्वीर बनाएमा पनि १ वर्षसम्म कैद वा रु. १० हजार जरिवाना वा दुवै हुने व्यवस्था हुनेछ।

अपराध संहितामा विवाह बदर हुनसक्नेसम्मको व्यवस्था गरिएको छ। मन्जुरीबिना गरिएको विवाह, बालविवाह, बदर हुनेछ।

यस्तै नयाँ ऐनमा जन्मकैदलाई २५ वर्ष बनाइएको छ। साविकको मुलुकी ऐनमा जन्मकैद २० वर्ष थियो।

आजैदेखि लागू हुने देवानी संहिताको परिच्छेद-६ अनुसार कुनै मुद्दा पुनरावलोकन गरी वा मुद्दा दोहोर्‍याई पाऊँ भन्ने आदेश भएमा अदालतीय शुल्क (कोर्ट फी) लाग्नेछ।

यस्तै यातना दिने वा विवाहमा लेनदेन गर्नेलाई ५ वर्ष कैद वा रु. ५० हजार जरिवाना वा दुवै सजाय हुनेछ।

## चिकित्सक सोसाइटीको चासो

काठमाडौं, (नेस)

डाक्टर्स सोसाइटी अफ नेपालले आजदेखि कार्यान्वयनमा ल्याइएको मुलुकी अपराध (संहिता) ऐन-२०७४ र मुलुकी फौजदारी कार्यविधि ऐन-२०७४ प्रति ध्यानाकर्षण भएको जनाएको छ। सोसाइटीद्वारा बिहीबार जारी प्रेस विज्ञप्तिमा संहिताका धेरै कुरा सकारात्मक हुँदाहुँदै पनि चिकित्सकप्रति लक्षित इजलाशसम्बन्धी केही बुँदा गम्भीर भएको जनाइएको छ।

सोसाइटीका महासचिव तोसिमा कार्कीद्वारा जारी गरेको उक्त विज्ञप्तिमा संहिताका केही बुँदा संशोधन गर्न माग गर्दै नेपाल चिकित्सक संघको विरोधका कार्यक्रमप्रति समर्थन जनाएको खुलाइएको छ। साथै संघले उक्त संहिता १५ दिनभित्र संशोधन हुनुपर्ने जिकिर गरेको छ।

### सत्तापक्षकै सांसदद्वारा मन्त्री महासेठको आलोचना

# 'सबै नेतालाई खाल्डोमा हाल्नुपर्छ भन्छन्'

नेपाल समाचारपत्र

काठमाडौं

भौतिक पूर्वाधार तथा यातायातमन्त्री रघुवीर महासेठसँग सत्तापक्षका सांसद्हरूले समेत मन्त्री र मन्त्रालयको कामकारबाहीबारे स्पष्टीकरण माग गरेका छन्। उनीहरूले प्रतिपक्षी दलहरूले जस्तै मन्त्री महासेठको आलोचना गरेका छन्।

प्रतिनिधिसभाको विकास तथा प्रविधि समितिको बिहीबार सिंहदरबारमा बसेको बैठकमा नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का सांसद्हरूले सरकारको ढिलासुस्ती र हेलचेक्र्याइँको विषयमा प्रश्न गरेका थिए।

सांसद्हरूले विभिन्न ठाउँमा बिग्रिएका सडक, अलपत्र भएका निर्माण कार्य, टेन्डरलगायतका विषय प्रश्न उठाएको उक्त समितिका सभापति जिपछिरिङ लामाले जानकारी दिनुभयो।

उक्त बैठकमा नेकपाका सांसद आशाकुमारी विकले भन्नुभयो- 'मानिसमा आक्रोश छ, जिल्ला जान सकिएको छैन, काम नहुँदा जनतामा निराशा छाएको छ।' नेकपाकै सांसद् इन्दुकुमारी शर्माले जोरपाटीको यात्रा गर्दै डेरा जाँदा सांसद्को लोगो खोलेर गइरहेको बताउँदै भन्नुभयो- 'यात्रामा जनताको गुनासो मात्र आउँछ, सधैं आलोचना गर्छन्, बाटो पनि हिँडिसक्नु छैन।'

'यी सबै नेतालाई यही खाल्डोमा हाल्नुपर्छ भन्छन्, पानीजहाज कुद्यो भनेर व्यङ्ग्य गर्छन्।' -सांसद् कल्याणी खड्काले भर्खरै मात्र पिच भएको बाटोको पिच उप्किएको प्रसंगमा मन्त्रीको आधिकारिक धारणा माग गर्नुभयो। उहाँले कामको जिम्मा लिएर समयमै काम नसक्ने ठेकेदारमाथि कारबाही हुनुपर्ने बताउनुभयो।

सांसद केदार सिग्देलले दर्जनौं टेन्डर लिएर कामको जिम्मेवारी निर्वाह नगर्ने परिपाटी बढेकाले थोरै संख्यामा टेन्डर दिई कामप्रति जिम्मेवार बन्न दबाब दिनुपर्ने बताउनुभयो।

सांसद कमला रोकाले सरकार जनताप्रति जवाफदेही हुन नसक्दा सुखी नेपाली र समृद्ध नेपालको चाहना पूरा गर्न नसकिने बताउनुभयो।

(क्रमशः पृष्ठ ९ मा)

# भारतीय पूर्वप्रधानमन्त्री बाजपेयीको निधन

नयाँदिल्ली, (एजेन्सी)

भारतीय जनता पार्टीका संस्थापक पूर्वप्रधानमन्त्री अटल विहारी बाजपेयीको बिहीबार अपराह्न निधन भएको छ। उहाँको ९३ वर्षको उमेरमा दिल्लीस्थित एम्स अस्पतामा निधन भएको भारतीय सञ्चारमाध्यमले जनाएका छन्।


२ महिनादेखि बिरामी पर्नुभएका पूर्वप्रधानमन्त्री बाजपेयी मधुमेह र मृगौला रोगबाट थला पर्नुभएको थियो। उहाँलाई विभिन्न रोगले ग्रस्त बनाएपछि जुन महिनाको मध्यतिर अखिल भारतीय आयुर्विज्ञान संस्थान (एम्स) मा भर्ना गरिएको थियो।

भारतीय प्रधानमन्त्री जवाहरलाल नेहरूपछि निकै सम्मानित प्रधानमन्त्रीका रूपमा चिनिनुभएका स्व. बाजपेयी भारतको सर्वोच्च नागरिक सम्मान भारतरत्नबाट समेत सम्मानित भइसक्नुभएको छ। उहाँ भारतको तीनपटक प्रधानमन्त्री हुनुभएको थियो।



सन् १९९६ मा १३ दिनका लागि प्रधानमन्त्री बन्नुभएका बाजपेयी सोही वर्ष भएको संसदीय निर्वाचनमा पहिलो ठूलो दल भए पनि उहाँले संसद् मा बहुमत जुटाउन नसकेपछि राजीनामा दिनुभएको थियो।

(क्रमशः पृष्ठ ९ मा)

१९८६ मा दक्षिण कोरियाको राजधानी सोलमा भएको एसियाडमा नेपालले ८ कांस्य जितेको थियो। नेपालले एसियाडको इतिहासमा पहिलोपटक पदक जितेको हो।

# एसियाडमा नेपालको सहभागिता

नेपालले दोस्रो एसियाडबाहेक सबै एसियाडमा सहभागिता जनाएको छ। यसपटक जाकार्ता र प्लेमबाङ शहरमा १८औं एसियाड आयोजना भोलिदेखि शुरू हुँदै छ। यसरी दुई शहरमा एसियाड आयोजना हुन लागेको पहिलोपटक हो। नेपालले २९ खेलमा सहभागिता जनाउनेछ। जसमा १ सय ३० पुरुष र ५६ महिला गरी १ सय ८६ जना नेपाली खेलाडीले इन्डोनेसियामा खेल्ने छन्।

नेपालले यसपटक कमजोर तरिकाले तयारी गरे पनि पदकको आश भने ठूलै गरेको छ। नेपालले जुडो, तेक्वान्दो, उसुबाट पदक ल्याउने आशा गरेको हो। एसियाली खेलकुदमा भाग लिन ७ करोड खर्च हुने अनुमान लगाइएको छ। जसमा नेपाल सरकारले ५ करोड रुपियाँ उपलब्ध गराएको छ।

राखेपका सदस्य-सचिव केशवकुमार विष्टले पदकको आशा गरेका छन्। उनले बुधबार पत्रकार सम्मेलनमा बताएका थिए- 'यसपालि धेरै खेलमा नेपालले भाग लिएको छ। २९ खेलमा भाग लिएकोमा १९ खेलका खेलाडीलाई वैदेशिक प्रशिक्षणमा पठाएको थिएँ। स्रोत साधनले भ्याएसम्म हामीले अधिकतम् सुविधा पनि दिएको छौं। यसैले यसपटक हामीले पछिल्ला एसियाडमा भन्दा बढी पदकको आशा गरेका छौं।'

नेपालले पहिलोपटक सोल एसियाड १९८६ देखि पदक जित्न शुरू गरेको हो। १९८६ को सोलदेखि २०१४ को इन्चोन एसियाडसम्म नेपालले २३ पदक जितेको छ। जसमा एक रजत र २२ कांस्य रहेका छन्। नेपालले तेक्वान्दो, कराँते र बक्सिङमा पदक जित्दै आएको छ भने उसु र जुडोमा आशा गरेअनुरूप अहिलेसम्म पदक हात पार्न सकेको छैन।

## पहिलो एसियाड

विसं २००७ साल राणा शासनको अन्त्य गरेर नेपालमा राजालाई फर्काएको वर्ष थियो। फागुन ७ गते राणा शासन अन्त्य भएर त्रिभुवन राजगद्दीमा बस्नुभएको थियो। ठ्याक्कै १४ दिनपछि नेपालले पहिलो एसियाडमा भाग लिएको थियो। नेपालमा खेलको कुनै संरचना पनि थिएन त्यति बेला। तापनि नेपालले छिमेकी देश भारतमा भएको पहिलो एसियाडमा भाग लियो। गजराज जोशी, मीनबहादुर विष्ट, चक्रबहादुर, रामबहादुर र गणेशबहादुर एसियाडमा जाने पहिलो नेपाल खेलाडी हुन्।

यी टोलीको चिफ द मिसन नरशमशेर राणा थिए भने टोलीको नेतृत्व कृष्णबहादुर वर्माले गरेका थिए। नेपाली टोलीलाई बिदाइ तत्कालीन राजा त्रिभुवनले गर्नुभएको थियो। नेपाली खेलाडीलाई तत्कालीन प्रधानमन्त्री मोहनशमशेरको लक्ष्मी निवासमा प्रशिक्षण दिइएको थियो।

## तेस्रो एसियाड

दोस्रो एसियाड १९५४ मा फिलिपिन्सको राजधानी मनिलामा सम्पन्न भएको थियो। नेपालले त्यति बेला यो एसियाडमा भाग लिएन। नेपालले आर्थिक अवस्था ठीक नभएको भन्दै एसियाडमा सहभागिता जनाएको थिएन। तर, १९५८ मा जापानको टोकियोमा भएको तेस्रो एसियाडमा भने नेपालले भाग लियो। यो एसियाडमा नेपालको तर्फबाट रामकृष्ण वर्माले एक्लो खेलाडीका रूपमा सहभागिता जनाएका थिए।

## पाँचौं एसियाड

चौथो एसियाडमा भाग नलिएको नेपालले सन् १९६६ मा थाइल्यान्डको राजधानी बैंककमा भएको पाँचौं एसियाडमा ३ खेलमा भाग लिएको थियो। यसअघि एथ्लेटिक्समा मात्रै सहभागी जनाएको नेपालको तर्फबाट ब्याडमिन्टन र टेबलटेनिस खेलमा पनि भाग लिएको थियो। ब्याडमिन्टनतर्फ रामकृष्ण वर्मा, दिलेन्द्रवीर पाण्डे, बुद्धिशमशेर राणा र अर्जुनबहादुर सिंह थिए। टेबलटेनिसमा वाईआर जोशी, कमल चित्रकार, बीडी पन्थ र दिल्लीजंग थापा रहेका थिए।

## छैटो एसियाड

१९७० मा छैटो एसियाड थाइल्यान्डको राजधानी बैंककमा भएको थियो। नेपालको तर्फबाट सो एसियाडमा एथ्लेटिक्स र ब्याडमिन्टनमा सहभागिता जनाएको थियो। जसमा ब्याडमिन्टनतर्फ सिंहबहादुर बस्नेत, बलराम केसी, पुरुषोत्तम केसी, कुमार मोहनबहादुर शाही, गिरेन्द्रमान सिंह र किशोरबहादुर सिंहले प्रतिस्पर्धा गरे।

एथ्लेटिक्सतर्फ १० हजार मिटर दौडमा नेपाली धावक महेन्द्रबहादुर राईले छैटो स्थान र भक्तबहादुर सापकोटाले सातौं स्थान प्राप्त गरेका थिए। त्यस्तै ८ सय मिटर दौडमा भीमबहादुर केसी नवौं तथा ५ हजार मिटर दौडमा केशर बानियाँले चौथो स्थान हात पारेका थिए। तर, म्याराथन धावकद्वय गंगाबहादुर थापा र जितबहादुर केसीले पूरा दौडेर क्रमशः सातौं र आठौं स्थान हासिल गरे। यो एसियाडमा पछिल्ला प्रतियोगिताभन्दा नेपाली खेलाडीले राम्रो प्रदर्शन गरे।

## सातौं एसियाड

सन् १९७४ मा भएको सातौं एसियाडको आयोजक शहर इरानका राजधानी तेहरान थियो। नेपालले एथ्लेटिक्स, ब्याडमिन्टन र टेबलटेनिसका साथै लनटेनिसमा पनि भाग लियो। टेबलटेनिसमा भाग लिने खेलाडीमा प्रेमिता सुवाल, पुनम लामा, अनिता धाक्वा र दिगम्बर सुवाल, कल्याण पाण्डे, कमल चित्रकार, आरआर जोशी, नवीन सुवेदी र सज्जल चित्रकार थिए। त्यस्तै ब्याडमिन्टनमा किशोरबहादुर सिंह, जेएल अमात्य, उदय श्रेष्ठ र अशोकरत्न स्थापित थिए।

## आठौं एसियाड

सन् १९७८ मा बैंककमा भएको आठौं एसियाडमा नेपालको तर्फबाट ७ खेलमा भाग लियो। एथ्लेटिक्स, टेबलटेनिस र ब्याडमिन्टनसँगै बक्सिङ, जिमन्यास्टिक, भारोत्तोलन र भलिबलमा नेपाली खेलाडीले प्रतिस्पर्धा गरेका थिए। बैकुण्ठ मानन्धरले पहिलोपटक एसियाडमा दौडेका थिए। उनले म्याराथन दौड २ घण्टा २१ मिनेट समय लिँदै सातौं स्थान हात पारे। ब्याडमिन्टनतर्फ फेरि एकपटक किशोरबहादुर शाहीले एसियाडमा खेलेका थिए। उनीसँगै प्रताप अधिकारी, राजेन्द्र विष्ट, बिन्दा सिंखडा, रीता अधिकारी र प्रकाश शाहीले भाग लिएका थिए।

बक्सिङतर्फ पुष्करध्वज शाही, जितेन्द्रध्वज खाँडले ४८ केजी समूहमा प्रतिस्पर्धा गरे। टेबलटेनिसतर्फ भने सुवालकै दबदबा थियो। जसमा प्रलिता सुवाल, जुही सुवाल, प्रचण्ड सुवाल, दिगम्बर सुवाल र सुरेन्द्र सुवालले भाग लिएका थिए। अन्यमा सिजरिन शाह, रेशमा शाह र सजल चित्रकार रहेका थिए।

## नवौं एसियाड

पहिलो एसियाड आयोजना गरेको शहर नयाँ दिल्लीले पुनः एसियाडको आयोजना गर्न पाएको थियो। १९८२ मा भएको एसियाडमा नेपालले ११ खेलमा प्रतिस्पर्धा गरेको थियो। एथ्लेटिक्स, ब्याडमिन्टन, टेबलटेनिस, भलिबल, बक्सिङ, जिम्नास्टिक, भारोत्तोलनसँगै फुटबल, पौडी, लनटेनिस र सुटिङ खेलमा नेपालले १ सय ४४ जनाको प्रतिनिधि पठाएको थियो। जसमा खेलाडी १ सय २२ जना थिए। यो एसियाडमा बैकुण्ठ मानन्धरबाट पदकको आश गरिएको थियो। तर, उनलाई अन्त्यमा १० हजार मिटर दौडमा पनि दौडाएपछि उनले म्याराथनमा राम्रो गर्न सकेनन्। उनले दौडको बीचमै मांशपेशी खिँचिएपछि प्रतिस्पर्धाबाट हट्नुपरेको थियो।

## १०औं एसियाड



यो नेपालका लागि सबैभन्दा स्मरणीय बनेको एसियाड थियो। १९८६ मा दक्षिण कोरियाको राजधानी सोलमा भएको एसियाडमा नेपालले ८ कांस्य जितेको थियो। नेपालले एसियाडको इतिहासमा पहिलोपटक पदक जितेको हो। बक्सिङ र तेक्वान्दोमा ४/४ कांस्य पदक नेपालले हासिल गरेर सोलमा भएको १०औं एसियाडलाई सुनौलो सहभागिता बनाएको थियो।

तेक्वान्दोतर्फ विधान लामाले ५० केजीमुनि, ५८ केजीमा रामबहादुर गच्छे, ७६ केजीमा राजकुमार राई र राजकुमार बुचेले ८३ केजीमा कांस्य पदक प्राप्त गरेका थिए। त्यस्तै बक्सिङतर्फ दलबहादुर रानामगर र मनोजबहादुर श्रेष्ठले ६३ केजीमा, सुशील पोखरेलले ७५ केजी र तुलबहादुर थापाले ९१ केजीमा कांस्य पदक जितेर नेपाललाई एकैपटक ८ कांस्य पदक दिलाउन महत्त्वपूर्ण भूमिका खेलेका थिए।

नेपालले उक्त एसियाडमा यी दुई खेलसँगै १२ खेलमा भाग लिएको थियो। अन्य खेल भारोत्तोलन, भलिबल, टेबलटेनिस, जिम्नास्टिक, जुडो, फुटबल, एथ्लेटिक्स, पौडी, टेनिस र सुटिङ थिए। जुडोमा नेपालले पहिलोपटक भाग लिएको थियो। तर, आश गरिएअनुसार जुडो खेलाडीले निराश गरेका थिए।

## ११औं एसियाड

चीनको बेइजिङमा सन् १९९० मा भएको ११औं एसियाडमा नेपालले ४ वर्षअघि सोलमा भएको स्मरणीय उपलब्धिलाई क्रमता दिन सकेन। केवल एक कांस्यमै चित्त बुझाउनुपरेको नेपालले सो एसियाडमा ११ खेलमा भाग लिएको थियो। नेपालका लागि एक मात्र पदक बक्सर चित्रबहादुर गुरुङले दिलाए। उनले ६३ केजी समूहमा कांस्य पदक जितेर नेपालको नाक राखेका थिए। उक्त एसियाडमा नेपालले बक्सिङ, एथ्लेटिक्स, कबड्डी, सुटिङ, भलिबल, भारोत्तोलन, सफ्ट टेनिस, जुडो, उसु, टेनिस र टेबलटेनिस गरी ११ खेलमा सहभागी जनाएको थियो।

## १२औं एसियाड

सन् १९९४ मा जापानको हिरोसिमामा भएको उक्त एसियाडमा नेपालले ९ खेलमा सहभागिता जनाएको थियो। कराँते, तेक्वान्दो, जुडो, कबड्डी, उसु, एथ्लेटिक्स, सफ्ट टेनिस, फुटबल र बक्सिङमा प्रतिस्पर्धा गरेको नेपालले २ कांस्य जितेको थियो। मानबहादुर शाहीले तेक्वान्दोमा र सीता राईले कराँतेतर्फ महिला ६० केजीमाथि कांस्य जिते। सीता एसियाडमा पदक जित्ने पहिलो नेपाली खेलाडी बनिन्।

## १३औं एसियाड

थाइल्यान्डको बैंकक शहरमा सन् १९९८ मा भएको १३औं एसियाड नेपालका लागि एकदमै सफल एसियाड बन्यो। नेपालले पहिलोपटक एसियाडमा रजत पदक जितेको थियो। नेपालका लागि सविता राजभण्डारीले तेक्वान्दोमा रजत पदक जितेकी थिइन्। त्यस्तै तेक्वान्दोमै किशोर श्रेष्ठ र सपना मल्लले कांस्य पदक जिते। एक कांस्य पदक कराँतेका समरबहादुर गोलेले जितेका थिए।

नेपालले यस एसियाडमा १३ खेलमा भाग लिएको थियो। नेपालले भाग लिएको खेल कराँते, बक्सिङ, तेक्वान्दो, उसु, सफ्ट टेनिस, सुटिङ, टेबलटेनिस, पौडी, कुस्ती, कबड्डी, एथ्लेटिक्स, फुटबल र भारोत्तोलन थिए।

## १४औं एसियाड

नेपालले पदक जित्ने क्रम यो एसियाडमा पनि राख्यो। दक्षिण कोरियाको बुसानमा सन् २००२ मा भएको उक्त एसियाडमा नेपालले तीन कांस्य पदक जितेको थियो। तीनै पदक तेक्वान्दो खेलमा आएको थियो। नेपालका लागि पदक दिलाउनेमा दीपक विष्ट, रेणुका मगर र रितुजिमी राई थिए। नेपालले भाग लिएको ११ खेलमा तेक्वान्दो, एथ्लेटिक्स, गल्फ, जुडो, कराँते, बक्सिङ, सुटिङ, पौडी, सफ्ट टेनिस, उसु र भारोत्तोलन थिए।

## १५औं एसियाड

सन् २००६ मा १५औं एसियाड कतारको राजधानी दोहामा सम्पन्न भएको थियो। नेपालले यो एसियाडमा पनि ३ कांस्य पद जितेको थियो। नेपालको तर्फबाट तेक्वान्दोमा दीपक विष्ट, मनीता शाही र आयशा शाक्यले पदक जिते। विष्ट लगातार दुई एसियाडमा पदक जित्ने पहिलो नेपाली खेलाडी बन्न सफल भए। नेपालले भाग लिएको १४ खेलः उसु, फुटबल, भारोत्तोलन, बक्सिङ, तेक्वान्दो, चेस, ब्याडमिन्टन, टेबलटेनिस, गल्फ, सुटिङ, बडी बिल्डिङ, कुस्ती, सफ्ट टेनिस र कराँते।

## १६औं एसियाड

सन् २०१० मा चीनको ग्वान्झाउ शहरमा १६औं एसियाड आयोजना भएको थियो। नेपालले पछिल्ला तीन एसियन खेलमा जस्तै यसमा कुनै राम्रो उपलब्धि लिन सकेन। अन्तिममा दीपक महर्जनले बक्सिङतर्फ ८१ केजी समूहमा पदक जितेर नेपालको नाक राखेका थिए। नेपालले २० खेलमा सहभागिता जनाएको थियो। ती हुन्- आर्चरी, एथ्लेटिक्स, ब्याडमिन्टन, बक्सिङ, क्रिकेट, चेस, साइक्लिङ, गल्फ, कबड्डी, जुडो, जिमन्यास्टिक, कराँते, टेबलटेनिस, सफ्टटेनिस, तेक्वान्दो, कुस्ती, भारोत्तोलन, उसु, टेनिस र सुटिङ

## १७औं एसियाड



सन् २०१४ मा दक्षिण कोरियाको इन्चोनमा भएको एसियाडमा पनि नेपालले एक मात्रै पदक जित्यो। कराँतेकी विमला तामाङले कांस्य पदक नेपाललाई दिलाएकी थिइन्। नेपालले करातेसँगै आर्चरी, ब्याडमिन्टन, बास्केटबल, बक्सिङ, क्रिकेट, साइक्लिङ, फेन्सिङ, फुटबल, गल्फ, जिमन्यास्टिक, जुडो, कराँते, सुटिङ, सफ्ट टेनिस, टेबलटेनिस, ट्रायथलन, कुस्ती गरी १८ खेलमा भाग लिएको थियो।



## १८औं एसियाड

भदौ २ गते भोलिदेखि इन्डोनेसियाको राजधानी जाकार्ता र प्लेमबाङ शहरमा १८औं एसियाड शुरू हुँदै छ। नेपालले यसपटक २९ खेलमा सहभागिता जनाउँदै छ। नेपालले भाग लिने खेलहरूः आर्चरी, एथ्लेटिक्स, ब्याडमिन्टन, बास्केटबल ३ गुणा ३, बक्सिङ, फेन्सिङ, साइक्लिङ माउन्टेन बाइक, फुटबल, गल्फ, जुडो, कबड्डी, कराँते, कुरास, पाराग्लाइडिङ, पेन्काक सिलाट, सेपाक्टाक्रा, सुटिङ, स्केटबोर्ड, स्पोर्ट क्लाइम्बिङ, स्क्वास, पौडी, टेबलटेनिस, तेक्वान्दो, टेनिस, ट्रायथलन, भलिबल, भारोत्तोलन, कुस्ती र उसु हुन्।



## राते काइँलाको एल्बम

अभिनेता सुनील थापाले अभिनेतृ मनीषा कोइरालाको जन्मदिनको अवसरमा शुभकामना व्यक्त गर्दै फेसबुकमा पोस्ट गरेको उनीसँगको तस्वीर।

PAGE3

## साथ साथ

नायिका अरुणिमा लम्साल अमेरिकामा प्रदर्शन गरिएको फिल्म कान्छीको शोमा त्यसकी नायिका तथा निर्मात्री श्वेता खड्काका साथ।





# रोजी अब रोज

युवा निर्देशक निरक पौडेलद्वारा निर्देशित फिल्म *रोजी*को नाम परिवर्तन गरी *रोज* बनाइएको छ। आगामी २२ भदौबाट अल नेपाल रिलिज भई प्रदर्शनमा आउने फिल्मलाई लिएर मृतक रोजी महर्जनको हत्या घटनासँग त्यसको कथा परिवेश मिलेको भन्दै उनको परिवारले फिल्मको नाम परिवर्तन गर्न दबाब दिएकाले निर्माण पक्षले यसको नाम परिवर्तन गरेको छ।

बिहीबार चलचित्र विकास बोर्डमा फिल्मका निर्माता निर्देशक निरक पौडेल, निर्माता मणिकरण केसी र मृतक रोजी महर्जनको परिवारबीच भएको वार्तामा यसको नाम परिवर्तन गर्ने सहमति भएको हो। सम्झौताअनुसार अब निर्माण पक्षले चलचित्रको नाम *रोजी* नराख्ने फिल्म सत्य घटनामा आधारित भन्ने उल्लेख नगर्ने सहमति भएको छ। महर्जन परिवारले पनि फिल्मलाई कुनै पनि प्रकारको बाधा नपुऱ्याउने सम्झौता भएको छ। 'एउटा मृतकको सम्वेदनालाई मध्यनजर राखेर हामीले नाम परिवर्तन गर्ने निर्णय गरेका हौं', निरकले भने- 'कानुनीरूपमा माथि भए पनि उहाँहरूको भावनाको कदर गर्दै फिल्मको नाम परिवर्तन गर्न तयार भएका हौं।' पौडेलले रोजी हत्या काण्डको बारेमा आफूलाई शुरूमा जानकारी नभएको र महर्जन परिवारले फिल्म छायांकनमा बाधा पार्न थालेपछि त्यसबारे अध्ययन गरेको बताए। गोपीकृष्ण मुभिजको ब्यानरमा निर्मित फिल्ममा प्रदीप खड्का, परमिता राज्यलक्ष्मी राणा, मिरुना मगर, कर्मालगायतका कलाकारले प्रमुख भूमिकामा अभिनय गरेका छन्।

# विद्या बालान वेब सिरिजमा



अहिले बलिउड सिने नगरीमा वेब सिरिजको दौर चलिरहेको छ। बलिउडका धेरै कलाकार यसको हिस्सा बनेका छन्। बलिउडमा फेरि एकपटक अर्को वेब सिरिज बन्ने भएको छ, जसको हिस्सा हुने छिन् नायिका विद्या बालान।

भारतको पूर्वप्रधानमन्त्री इन्दिरा गान्धीमाथि छिट्टै एक वेब सिरिज निर्माण गरिने भएको छ। पत्रकार तथा लेखक सागरिका घोषद्वारा लेखिएको *इन्दिरा : इन्डियाज मोस्ट पावरफुल प्राइममिनिस्टर* नामक किताबमा आधारित उक्त बायोपिक वेब सिरिजमा विद्याले लोभलाग्दो भूमिका निर्वाह गर्ने छिन्। भारतीय सञ्चारमाध्यमका अनुसार कुनै पनि नजराको अभिनय सीपमा माहिर विद्या यो वेब सिरिजलाई लिएर निकै उत्साहित छिन्। विद्याले इन्दिरा गान्धीको जीवनका बारेमा बताउनका लागि धेरै कुरा भएको र केवल एक फिल्ममा समेट्न गाह्रो हुने भएकाले यसलाई वेब सिरिजका रूपमा प्रस्तुत गरिने बताएकी छिन्।



# द वाइल्ड रिपर्स ऋुसँगै जालैमा

नेपाल र भारतमा ख्याति आर्जन गर्न सफल नेपाली नृत्य कलाकारहरूको समूह द वाइल्ड रिपर्स ऋुलाई फिचरिङ गरी गायक सन्तोष कालिकोटे आफ्नो नयाँ गीतको म्युजिक भिडियो दर्शकमाझ ल्याएका छन्।

*जालैमा जालैमा* बोलको गीतको म्युजिक भिडियो बुधबार सार्वजनिक गरिएको हो। गीतमा डम्बर हिङमाङको शब्द र संगीत छ भने गोपाल रसाइलीको संगीत संयोजन रहेको छ। ऋु केही वर्षअघि भारतीय टेलिभिजन च्यानल स्टार प्लसद्वारा प्रसारित डान्स रियालिटी शो *डान्स प्लस* टुमा फाइनलिस्ट हुन सफल समूह हो। समूहले नेपाल तथा भारतका थुप्रै स्टेज कार्यक्रममा उत्कृष्ट नृत्य प्रस्तुत गरी नेपाली र भारतीयको मन जित्दै आएको छ। म्युजिक भिडियोमा मोडल रीता कट्टेललाई पनि फिचरिङ गरिएको छ। अर्जुन अधिकारीद्वारा निर्देशित भिडियोलाई उत्सव दाहालले छायांकन गरेका छन् भने निशान घिमिरेले सम्पादन गरेका छन्।





# कामनाको हरेक अंक विशेष अंक

## यस अंकका आकर्षणहरू

» आयुष्मान + प्रियंका = आयंका
नायिका प्रियंका कार्की र नायक आयुष्मान देशराज जोशी प्रेम सम्बन्धपछि दाम्पत्य जीवनमा बाँधिने भएका छन्। दाम्पत्य जीवनको बाटोमा हिंड्ने सिलसिलामा उनीहरूबीच इन्गेजमेन्ट भएसँगै प्रियंका र आयुष्मान जोडिएर आयंका भएका छन्। के छ आयंकाको विहे योजना? कहिले र कहाँ हुँदै छ बिहे?

» कति चाँडै तीजको लहर !
तीज आउनु कहिले-कहिले नेपाली गायक-गायिकालाई महिनौं अगाडि नै तीज लाग्न थालेको छ। भदौ अन्तिमतिर परेको तीजका विषयमा करिब ३ महिनादेखि नै यसरी गीत आइरहेका छन् कि यसलाई हेर्दा कोभन्दा को कम भन्ने होडबाजी देखिएको छ। को-को छन् होडबाजीमा? कस्ता छन् यस वर्ष बेमौसममै बजारमा आएका तीज गीत र तिनको म्युजिक भिडियो?

» सेलाउँदै सिनेमा
लाग्छ, सिनेमाको पनि सिजन हुन्छ। २०७५ साल यता आएर सिनेमाको सिजन फेरिएको छ। २०७४ सालको सुरूआत र अन्त्यतिर सफलताको शृंखला देखिएको नेपाली सिनेमा क्षेत्र २०७५ यता आएर सेलाएको छ। कस्ता छन् सफलता र असफलतका शृंखला?

» सफलतासँगै असफलता
सिनेमामा सधैं सबै सफल हुन्छन् भन्ने छैन। असफल हुनेहरु त्यति धेरै छन्, जति थोरै सफल हुनेको सूची छ। नेपाली फिल्मको क्षेत्रमा सफलतालाई असफलताले सधैं पच्छ्याइरहेको छ। कसलाई मिल्यो सफलता र को भइरहेका छन् असफल !

» शेयर वृद्धि राहत, बक्स अफिस आहत !
राहतकै कुरा मान्नुपर्छ कि नेपाली फिल्मका निर्माताहरूले फिल्म प्रदर्शनपछि प्राप्त गर्ने शेयर अंशमा थोरै भए पनि वृद्धि भएको छ। निर्माताले प्राप्त गर्ने शेयर प्रतिशत थोरै वृद्धि भएको केही समयपछि नै उनीहरूले बक्स अफिस पनि पाएका छन्। तर यी दुई कुराले नेपाली फिल्मका निर्मातालाई राहत पुऱ्याउला वा नपुऱ्याउला?

» आमाअघिको नेपाली सिनेमा
नेपाली सिनेमाको क्षेत्रमा आमा फिल्मको इतिहास छुट्टै छ। तर त्यसअगाडि पनि सिनेमा बनेको छ। आमाअघि नै नेपाली सिनेमाको इतिहास शुरु भए पनि त्यसलाई छिपाउने प्रयास बारम्बार भइरहने गर्छन्। आखिर किन यस्तो भइरहेको छ?

» ब्युटी पेजेन्ट र मोडलिङ परिवेश
केही समय यता आएर ब्युटी पजेन्टको बाढी आइरहेको छ। सातामै थुप्रै ब्युटी पेजन्ट हुँदै आएका छन्। कहाँ-कहाँ कसरी हुन्छन् ब्युटी पेजेन्ट? अनि मोडलिङको परिवेश कस्तो छ? विस्तृत रिपोर्ट।

साथमा बलिउडका दुश्मन नायिका, सेनानी अभिनेताको सम्झना, भिन्न अवार्ड भिन्न विजेता, फेसियल ट्रेन्ड तथा स्थायी स्तम्भहरू सम्पादकीय, समाचार, हलिउड बलिउड, क्लिक क्लिक र हुइयां।

सर्वत्र बजारमा उपलब्ध

आफ्नो प्रति आजै सुरक्षित गर्नुहोस्

# विचार

त्यही मानिसले लेखन पेसालाई रोज्छ, जसमा दुःख लुकेको हुन्छ। - प्रेमचन्द

कसैले तिम्रो दोष देखाउँछ भने त्यसलाई धन्यवाद देऊ। - सत्य साइबाबा

## सम्पादकीय

नेपाल समाचारपत्र

## भूकम्पपीडितका समस्याप्रति स्पष्टताको खाँचो

सरकारले भूकम्पपीडितलाई निजी आवास पुनर्निर्माणका लागि निर्ब्याजी र सहुलियत ब्याजदरमा ऋण उपलब्ध गराउने बताए पनि प्रभावकारी ढंगले कार्यान्वयन हुन सकेको छैन । भूकम्पपीडितलाई उपलब्ध गराउने कर्जाका विषयमा कागजी नीति र कार्यविधि निर्देशिका पर्याप्त बने पनि ठोसरूपमा कार्यान्वयनमा आउन सकेको छैन । बैंकहरूबाट सहुलियत ब्याजदरको ऋण र सामूहिक जमानीको ऋण पाउन नसक्दा अधिकांश पीडितले पुनर्निर्माण गर्न सकेका छैनन् । अपवादका रूपमा केही भूकम्पपीडितले २ प्रतिशत ब्याजदरको आवास कर्जा पाए पनि अहिले आएर बैंकहरूले सो ब्याज १४ प्रतिशतसम्म पुऱ्याएको गुनासो आइरहेको छ । राष्ट्र बैंकले त्यस्ता ऋणीको धितो तत्काल लिलाम नगर्न निर्देशन दिए पनि यो दीर्घकालीन समस्या समाधान होइन । यस विषयमा कहाँ गएर हलो अड्किएको छ भन्ने समेत स्पष्टता छैन । भूकम्पपीडितहरू भने अझै आशाको त्यान्द्रोमा अल्झिरहेका छन् ।

यता राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले क्षतिग्रस्त गुम्बा र विहारहरू बनाइदिने सरकारबाट आश्वासन पाएको लामो समय बितिसक्दा पनि कुनै प्रक्रिया अघि नबढाइएको भन्दै नेपाल गुम्बा विहार महासंघ संघर्षमा उत्रिएको छ । महासंघको आह्वानमा बुधबार काठमाडौंमा दबाबमूलक ऱ्याली निकालिएको थियो । केही दिन पर्खंदा पनि सुनुवाइ भएन भने कडा संघर्षमा उत्रने महासंघले चेतावनी दिएको छ । राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले भने गुम्बा, विहार बनाउने योजना प्राथमिकतामा रहेको बताएको छ । प्राधिकरणका अनुसार यसका लागि बजेट पनि छुट्टिइसकेको छ । तर प्राधिकरणको कार्यकारी समितिको बैठक बस्न नसक्दा केही अलमल भएको प्राधिकरणको स्वीकारोक्ति छ । यी कुराले गुम्बा, विहार पुनर्निर्माणसम्बन्धी पनि कहीं न कहीं हलो अड्किएकै छ भन्ने बुझ्न गाह्रो छैन ।

राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले सरकारले घोषणा गरेअनुरूपको ऋण उपलब्ध गराउन पटक-पटक कार्यविधि संशोधन गरेर बैंक तथा ऋणीलाई सहज बनाउने प्रयास गरेको बताउँदै आएको छ तर अधिकांश लाभग्राहीले उक्त सुविधा उपभोग गर्न पाएको देखिँदैन । भूकम्प गएको ३ वर्ष बितेर चौथो वर्ष शुरू भइसक्यो । यत्तिको समय बितिसक्दा पनि धेरैजसो निजी आवासहरू एवम् ऐतिहासिक सम्पदाहरू पुनर्निर्माण हुन सकेका छैनन् । नीति, नियम र कानुनी जटिलताका कारण भूकम्पपीडितहरूले अझै सहज किसिमले राहत पाउन नसक्नु सरकारको लाचारी एवम् निरीहपन हो । यस विषयमा सरकारले स्पष्ट जवाफ दिन सक्नुपर्छ र कहीं गाँठो परेको भेटिएमा त्यसलाई फुकाउनै पर्छ ।

# इतिहासको पानामा मुलुकी ऐन

## अब मुलुकी देवानी/फौजदारी संहिता कानुनको शुरुवात



कमलप्रसाद इटनी

"कानुनमा केही कमी-कमजोरी हुन पनि सक्छन्। यदि त्यस्ता कमी-कमजोरीहरू भएमा आवश्यकताअनुरूप समयसापेक्ष परिवर्तन र संशोधन हुँदै जानेछन्। महत्वपूर्ण कुरा भनेको कानुनका अक्षरहरू जतिसुकै स्वर्ण अक्षरहरूले लेखिए तापनि कानुनको कार्यान्वयन सही तरिका र इमानदारिताका साथ हुन सकेन भने त्यसको कुनै औचित्यता साबित हुन सक्तैन। औचित्यता साबित बनाउनेतर्फ सबैको मन जाओस्।"

सभ्य, शान्त, समुन्नत समाज स्थापनाका लागि अनि समाजमा रहेका व्यक्ति-व्यक्तिबीच एवम् व्यक्ति र राज्यबीचको सम्बन्धलाई सुमधुर राख्न तथा सुदृढ पार्नका निम्ति कानुनको अपरिहार्य आवश्यकता रहेको हुन्छ। यही अपरिहार्य आवश्यकतालाई मध्यनजर राखी राज्यद्वारा कानुनको निर्माण भएको हुन्छ। यसरी राज्यद्वारा निर्माण हुने कानुन सधैं एउटै र एकनासको हुँदैन। कानुन परिवर्तनशील हुन्छ। समय, परिस्थिति, सामाजिक मूल्य मान्यता, देशको शासन पद्धति अनि प्रणाली अनुरूप नयाँ-नयाँ कानुनहरू निर्माण हुने गर्छन्। निर्माण भएका कानुनहरू संशोधन र परिमार्जित हुँदै जान्छन्। यो प्रक्रियालाई स्वाभाविक र नियमित प्रक्रिया नै मानिन्छ। समाजको परिवर्तन द्रुत गतिमा भइरहेको हुन्छ। समाज विकासको आधुनिकीकरणसँगसँगै सोही अनुरूपको कानुनी व्यवस्थाको निर्माण गर्नुपर्दछ। राष्ट्र र समाजको विकासका लागि आवश्यकता अनुरूप समयसापेक्षरूपमा कानुनी व्यवस्थाको प्रबन्ध गरी जनताका अधिकार, कर्तव्य र दायित्वको सीमा निर्धारण गर्ने गरी कानुनको निर्माण गर्नुपर्ने महत्वपूर्ण दायित्व राज्यमा रहेको हुन्छ। समाज विकासको लागि यो अपरिहार्य आवश्यकता हो।

हाम्रो देशको कानुनी इतिहासमा वि.सं. १९१० भन्दा अगाडि कुनै संहिताबद्ध ऐनको निर्माण भएको पाइँदैन। देशको आवश्यकताअनुसार श्री ३ जंगबहादुर राणा र श्री ५ सुरेन्द्र वीरविक्रम शाहको शासनकालमा वि.सं. १९१० पौष ७ गते एउटा ऐन जारी भयो। यसमा जम्मा १६३ महलहरूको व्यवस्था रहेको थियो। यो ऐन मुलुकभर लागू हुने गरी निर्माण गरिएको थियो। यो ऐनको शिर व्यहोरामा यस्तो उल्लेख छ- 'आजसम्म मरमामिला गर्दा एकै बिहोरामा कसैलाई कमी कसैलाई बढ्ता सजाय हुन जान्या हुँदा तसर्थ अब उप्रान्त छोटा बडा प्रजा, प्राणी सबैलाई षत जात माफिक, एकै सजाय हवस् घटी बढी नपरोस् भन्या निमित्त।' यो व्यहोरा हेर्दा सबैका लागि समान व्यवहार होस् भन्ने अभिप्रायका साथ कानुनको निर्माण भएको बुझिन्छ।

मुलुकी ऐन निर्माण हुनुमा जंगबहादुर राणाको महत्वपूर्ण देन रहेको पाइन्छ। शुरूमा मुलुकी ऐन नामकरण नगरे पनि पछि भएको संशोधनले मुलुकी ऐनको नामले प्रकाशित भयो। वि.सं. २०२० भाद्र १ गतेबाट 'मुलुकी ऐन'को नामबाट लागू गरिएको र लामो समयदेखि जनजिब्रोमा झुन्डिएको उक्त ऐन हिजो २०७५/४/३१ गतेसम्म लागू भई यस कानुनले हरेकको मानसपटलमा एउटा अमिट छाप छाड्न सफल भएको छ। नयाँ संहिताबद्ध कानुन लागू भएसँगै २०२० को मुलुकी ऐनको अस्तित्व समाप्त भएको छ। लागू भएदेखि बाह्रौंपटक संशोधन भएको मुलुकी ऐन नेपालको इतिहासमा एउटा सिंगो इतिहाससहितको पहिचान बोकेको ऐनको रूपमा रहेको थियो। समय-समयमा संशोधन हुँदै आए तापनि उक्त मुलुकी ऐनले मानवीय गतिविधिलाई समयसापेक्ष सम्बोधन र नियन्त्रण गर्न सकेको पाइँदैन।

मुलुकी ऐन देवानी र फौजदारी दुवै किसिमका कानुनहरू समेटी निर्माण भएको हो। आधुनिक कानुनी विकासक्रममा दुवै कानुनलाई अलग-अलगरूपमा बनाउन उपयुक्त हुने देखियो। विश्वका विभिन्न मुलुकहरूले समेत संहिताबद्ध कानुनको अभ्यास गरिरहेकोतर्फ ध्यान दिँदै नेपालमा पनि संहिताबद्ध कानुनको आवश्यकता महसुस गरियो। त्यसैले २०५७ सालमा महान्यायाधिवक्ताको संयोजकत्वमा फौजदारी न्याय प्रशासन अध्ययन तथा सुझाव कार्यदल गठन भई सो कार्यदलले अपराध संहिता र फौजदारी कार्यविधि संहिताको मस्यौदा गरी नेपाल सरकारसमक्ष पेस गऱ्यो। त्यस्तै देवानी कानुन र देवानी न्याय प्रशासनलाई आधुनिकीकरण गर्ने लक्ष्यका साथ सरकारले २०६१ सालमा देवानी संहिता र देवानी कार्यविधि संहिताको मस्यौदा तयार गर्न कानुन सचिवको संयोजकत्वमा एक कार्यदल गठन गरेको थियो। सो कार्यदलले तयार गरेको मस्यौदा प्रारम्भिक चरणमा रहेकोले त्यसले कानुनी रूप धारणा गर्न सकेन। पछि २०६५ साल मंसिर १८ गते नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयबमोजिम सर्वोच्च अदालतका माननीय न्यायाधीशको संयोजकत्वमा देवानी कानुन सुधार तथा परिमार्जन कार्यदल गठन भयो। त्यस्तै सोही दिनको निर्णयले फौजदारी कानुन सुधार तथा परिमार्जन कार्यदल पनि गठन भएको थियो। यी दुवै कार्यदलले तयार गरेका मस्यौदाहरू तत्कालीन प्रधानमन्त्रीसमक्ष पेस गरिएको थियो। तत्कालीन राजनीतिक घटनाक्रमलगायत विविध कारणहरूले गर्दा उक्त मस्यौदाले कानुनको रूप लिन सकेन।

नेपालमा दोस्रो संविधानसभाको निर्वाचनपछि गठन भएको संविधानसभाबाट संहिताबद्ध कानुनका मस्यौदाउपर बृहत् छलफल गरी परिमार्जनसहित संसद्बाट विधेयक पारित गर्ने महत्वपूर्ण कार्य भयो। संसद्बाट पारित भएको मुलुकी अपराध (संहिता) विधेयक २०७४, मुलुकी फौजदारी कार्यविधि (संहिता) विधेयक २०७४, फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) विधेयक २०७४, मुलुकी देवानी (संहिता) विधेयक २०७४ र मुलुकी देवानी कार्यविधि (संहिता) विधेयक २०७४ लाई नेपालको संविधानको धारा २९६ को उपधारा १ बमोजिम सम्माननीय राष्ट्रपतिबाट मिति २०७४ आश्विन ३० गते प्रमाणीकरण गर्ने महत्वपूर्ण कार्य भयो। यी संहिताबद्ध ऐनहरू आज २०७५ भाद्र १ गतेबाट लागू गरिएको छ।

नयाँ स्वरूपमा निर्माण भएको संहिताबद्ध कानुनमा देवानी र फौजदारी विषयलाई अलग-अलगरूपमा व्यवस्थित गरिएको छ। संहितामा उल्लिखित व्यवस्थाहरूमा कतिपय प्रावधान मुलुकी ऐनसँग नै मिल्दाजुल्दा छन् भने कतिपय व्यवस्थाहरू साबिक मुलकी ऐनमा नसमेटिएका र सम्बोधन हुन नसकेका नयाँ-नयाँ विषयहरूलाई समेत समेटेर कानुनको निर्माण भएको छ। लामो समयसम्म हामी मुलुकी ऐनको अभ्यास तथा अध्ययन गरी आएकोमा संहिताबद्ध ऐनको अलग-अलग बनावट, नवीनतम अभ्यास र ऐनको नयाँ-नयाँ प्रावधान हाम्रा लागि नौलो हुनु स्वाभाविक रहन्छ। तर पनि अलग-अलगरूपमा निर्माण भएको देवानी र फौजदारी संहिताले अध्ययन र अभ्यासमा निश्चय नै सहजता मिल्दछ। देवानी र फौजदारी विषयसम्बन्धी प्रावधान र यससँग सम्बन्धित कार्यविधिसम्बन्धी प्रावधानहरूसमेत भिन्न-भिन्नरूपमा राखिएका कारण सर्वसाधारण सबैले सहजै बुझ्न सक्ने गरी कानुनको निर्माण भएको पाइन्छ। यो संहिताबद्ध कानुनको महत्वपूर्ण विशेषता हो। संहिताका कतिपय कानुनी प्रावधानका बारेमा जनमानसमा केही टिकाटिप्पणीसमेत भएका छन्। कानुनमा केही कमी-कमजोरी हन पनि सक्छन्। यदि त्यस्ता कमी-कमजोरीहरू भएमा आवश्यकताअनुरूप समयसापेक्ष परिवर्तन र संशोधन हुँदै जानेछन्। महत्वपूर्ण कुरा भनेको कानुनका अक्षरहरू जतिसुकै स्वर्ण अक्षरहरूले लेखिए तापनि कानुनको कार्यान्वयन सही तरिका र इमानदारिताका साथ हुन सकेन भने त्यसको कुनै औचित्यता साबित हुन सक्तैन। औचित्यता साबित बनाउनेतर्फ सबैको मन जाओस्।

मुलुकी ऐनको अभ्यासबाट हामीले न्याय र अन्याय कति छुट्याउन सक्यौं, अन्यायमा परेकालाई कति न्याय दिन सक्यौं र अन्यायमा परें भनेर अदालतको शरणमा पर्नेले न्याय प्राप्तिको अनुभूति कतिसम्म गर्न सके भन्ने कुरा अब त्यो इतिहासमै सीमित रहेको छ। आजबाट लागू भएको संहिताबद्ध कानुनको प्रावधान र यसको अभ्यासबाट सर्वसाधारणको हक-अधिकारको सुरक्षा तथा सुनिश्चितता पक्कै हुनेछ। मुलुकी ऐन दिवसकै दिन इतिहास बन्न पुगेको मुलुकी ऐनलाई बिदाइ, नयाँ कानुनलाई स्वागत।

*(लेखक इटनी अधिवक्ता हुनुहन्छ।)*

## पाठक पत्र

### नेपाली समाज कस्तो भयो ?

आमा बाबुबाट सम्तान र सन्तानबाट आमाबाबु। आफन्तबाटै आफन्त असुरक्षित हुने अवस्था आएको छ। हामीले सभ्य, न्यायपूर्ण र सुरक्षित समाजको परिकल्पना गरेको दशकौं भइसकेको छ। तर कुनै न कुनै रूपमा समाज असुरक्षित छ। पछिल्लो समय त नैतिक मूल्यको यतिसम्म ह्रास हुँदै आएको छ कि बलात्कार, हत्या र अपहरणजस्ता जघन्य अपराध बढोत्तरी भइरहेका छन्। आफन्तैबाट यस्ता गतिविधि भएका समाचार न्यूज अफ नेपालमा आइरहेका हुन्छन्। देशमा आपराधिक समूहहरूको उपस्थिति देखिँदैन, कुनै अराजक समूहका कारण समाज असुरक्षित भएको भन्ने प्रमाण पनि छैन। तर दिनहुँजसो बलात्कार, बलात्कारपश्चात् हत्या, अपहरण, चोरी-डकैतीजस्ता अपराधले समाज भयभित र त्रसित छ।

देशको राजधानी जहाँ लाखौं व्यक्तिको जीवन धानिएको छ, सपना जोडिएको छ। त्यहाँको सुरक्षा स्थिति हेर्दा कोही पनि नेपाली सुरक्षित रहेको अनुभूति गर्न सकिँदैन। सबैभन्दा कडा सुरक्षा निगरानीमा रहेको ठानिने राजधानी काठमाडौंमा बलात्कार, अपहरण र हत्याका घटना बढेका छन्। सन्तानको भविष्यको सुन्दर सपना बोकेर सानोतिनो व्यापार तथा ज्याला मजदुरी गरेर जीवन निर्वाह गर्ने थुप्रै अभिभावक राजधानीमा अटाएका छन्। तिनैमध्येकी एक पात्र हुन्, चमेली खड्का। उनका ११ वर्षीय स्कुले बालक निशान अपहरणकारीको निशानामा परे। अपहरणकारीले आमा चमेलीसँग ४० लाख फिरौती मात्रै माग गरेनन्, निशानको प्राणपखेरू नै उडाइदिए।

यो कहाली लाग्दो घटनाले सिंगो समाज तरंगित हुन पुगेको छ। दुःखको कुरा, प्रहरीले बालकलाई सकुशल बचाउन सकेन। बरू, 'शंकास्पद' दुई व्यक्तिलाई पक्राउ गरी जंगल लगेर 'इन्काउन्टर' गऱ्यो। पछिल्लो समय बलात्कार, अपहरण र हत्याका घटना प्रहरी प्रशासनका लागि ठूलो चुनौती भइरहेका छन्। तर, मुठभेडका नाममा कसैले पनि कानुन हातमा लिन पाइँदैन। नेपालको संविधानमा मृत्युदण्डको प्रावधान छैन। यद्यपि, अपराधको बढोत्तरीले कारबाहीको दायरा फराकिलो बनाउनुपर्ने स्वर उठिरहेको छ। अपराधीलाई हदैसम्मको कानुनी कारबाहीका लागि प्रहरीले प्रमाण पेस गर्नुपर्छ, पक्राउ गरेर लगेको व्यक्तिलाई 'इन्काउन्टर' गर्ने होइन। प्रहरीको उक्त कारबाहीले समाज झनै भयभित बन्न पुगेको छ। 'प्रहरी देखेर समाज तर्सने' स्थिति आयो भने समाजले कसरी सुरक्षाको प्रत्याभूति गर्ने ? राज्यको दायित्व भयरहित समाजको अनुभूति जनतालाई प्रदान गर्ने हो। अपराधीलाई मारेर होइन, सुधार गरेर समाजमा स्थापित गर्ने हो। त्यसैका लागि सुधारगृह अर्थात् कारागारको व्यवस्था गरिएको हो। प्रहरीले पर्याप्त प्रमाणका आधारमा अपराधको सूक्ष्म अनुसन्धान गरी कानुनी कारबाहीको प्रक्रियामा सहयोग पुऱ्याउने हो।

सरकारले देशमा शान्ति सुरक्षाको स्थिति बलियो रहेको बताउँदै आएको छ। गृहमन्त्री रामबहादुर थापाले सुरक्षा संयन्त्र चुस्त रहेको अभिव्यक्ति दिँदै आएका छन्। तर, समाजमा अपराधका घटना झनै बढ्दै गएका छन्। गुन्डागर्दी, अपहरणकारी र हत्यामा संलग्नहरूलाई मारेरै ठेगान लगाउने रणनीति प्रहरीको हो भने त्यो झनै डरलाग्दो स्थिति हो। प्रहरीले शंकास्पद पृष्ठभूमि तथा गुन्डागर्दी निस्तेज बनाउन 'इन्काउन्टर'को अस्त्र प्रयोग गर्दै आएको सर्वविदित नै छ। प्रहरीको प्राथमिकता त अपराध हुन नदिनु, अपराध भइहालेमा प्रमाण सुरक्षित गर्नु र अपराधीलाई कानुनी दायरामा ल्याउनु हो। तर, बालक अपहरण, फिरौती र हत्याजस्तो जघन्य अपराधमा पनि प्रहरी निकायबीच समन्वय हुन नसक्नु विडम्बनाको विषय हो।

राजधानीको अपहरणपछि हत्याको घटनाले आमजनतामा त्रास उत्पन्न गरेको छ। तर दुर्भाग्य ! देशभर त्रास उत्पन्न गराउने आपराधिक घटना हुँदा गृहमन्त्रीले जवाफदेहिता प्रस्तुत गर्न सकेनन्। प्रहरी प्रशासनले विगतमा थुप्रै सफल अपरेसनहरू गरेर प्रशंसा कमाए पनि बालक निशानको अपहरणपछि हत्या प्रसंगले भने प्रहरी प्रशासनको कमजोरी साबित गरिदिएको छ। देशको शान्ति सुरक्षा मजबुत नभएसम्म आपराधिक घटना निरुत्साहित हुँदैन। त्यसका लागि सरकारले कानुनी राज्य स्थापना गर्दै आमनागरिकलाई सुरक्षाको अनुभूति दिलाउनु जरुरी देखिएको छ। यस विषयमा सुरक्षा निकायको ध्यान जाओस्।

*- रामनारायण चौधरी, कैलाली*
*हाल : बूढानीलकण्ठ, काठमाडौं।*

### प्राकृतिक विपत्‌मा सचेत हुन जरूरी

पानी पर्न बन्द भएको छैन। अझै बाढीपहिरोको त्रास कायमै छ। मौसम विज्ञान विभागले सार्वजनिक गरेको बुलेटिनअनुसार नेपालमा वर्षादमा सक्रिय हुने मनसुन यो वर्ष पनि औसतमा सक्रिय भएको छ। बंगालको खाडी हुँदै आएको मनसुनी हावाका प्रभावले सक्रिय हुने मनसुनले नेपालमा वर्षा हुने गरेको छ। प्रायः जेठ महिनाको अन्तिम सातादेखि असोज महिनाको पहिलो सातासम्म सक्रिय रहने मौसमले नेपालको पहाडी भूभागमा बाढीपहिरो र तराई भूभागमा डुबानको समस्या ल्याउने गरेको छ।

जिल्लाका सबै घटनालाई नियाल्ने हो भने उच्च पहाडी र पहाडी भूभाग रहेको जिल्लामा वर्षादको समयमा उच्च जोखिम रहेको मान्न सकिन्छ। एकातर्फ पहाडी भूभाग यसै पनि पहिरोको जोखिममा रहेको हुन्छ भने अर्कोतर्फ जथाभावी खनिएका सडकहरू पनि पहिरो तथा भूक्षयको कारण बन्ने गरेको छ। काठेखोला-६ बिहुँमा जस्तै कतिपय स्थानमा जमिन फाटेका कारण यो वर्ष दर्जनौं परिवारले घर छोडेका छन्। सम्बन्धित विज्ञहरूले गरेको सर्वेक्षणको प्रारम्भिक नतिजालाई आधार मान्ने हो भने फाटेको जमिनको मुख्य कारण जथाभावी प्रयोग गरिएका स्काभेटर र डोजरहरूले हल्लाएको जमिन नै हो। विकासको नाममा घर-घरमा सडक पुऱ्याउने र भिरालो जमिनमा खनिएको बाटो बस्तीको तल-माथिबाट विस्तार गर्ने प्रवृत्तिका कारण अझै पनि जिल्लाका कैयौं ठाउँमा पहिरोको जोखिम कायम नै रहेको छ।

विकासको नाममा भैरहेको विनाश एकातर्फ कहालीलाग्दो अवस्थामा रहेको छ भने विपद्का बेला के कसरी बच्ने भन्ने विषयमा आमसर्वसधारणलाई जानकारी गराउन नसकेका कारण थप पीडादायी घटनाहरूको सामना गर्नुपरिरहेको छ। सडककै कारण वर्षादको समयमा भलबाढी आउने खहरे खोलाहरू अहिले सुखखाजस्तै छन्। सडकले वर्षाको समयमा आउने बाढीको बाटो मोडिदिएको छ। बाटो खनेका स्थानमा मात्रै हैन, बाटो परिवर्तन गरेको, बाढीका कारण बाटो नबनेका ठाउँहरूमा पनि पहिरोको जोखिम कायम छ। त्यसैले बस्तीवरपरका बाटोहरूमा आउने बाढीको व्यवस्थापन, सडक बनाउँदा सडकछेउछाउमा थुपारिने माटो तथा ढुंगाको व्यवस्थापन अनि अति वर्षाको समयमा बस्तीवरिपरि पाखा पखेराको भूबनोटको आधारमा नागरिकहरूलाई सचेत रहन आग्रह गर्नु अहिलेको आवश्यकता हो। तराई क्षेत्रको डुबान र डुबानपछि लाग्ने महामारीको रोगरुबाट बच्न पनि समयमै सचेत हुनु जरुरी छ। सम्भावित जोखिमको कमी र जनचेतनाको विकास गरेर प्राकृतिक विपद्बाट बच्न र बचाउन आजैबाट लागौं।

*- सुधीर पाण्डेय, हाल : भक्तपुर।*

## सामाजिक सञ्जाल




जीवनमा खुशी पाउनु मात्र ठूलो कुरा होइन। पाएको खुशीलाई सम्हालेर पनि राख्न सक्नुपर्छ। ती पनि बिच्किन सक्छन्, बहकिन सक्छन्।

**Subin Bhattarai**
**@subinbhattarai1**



सरकारले अरु जेमा कर लगाए पनि सामाजिक सुरक्षाका वृद्ध भत्ता, अपाङ्ग, एकल महिलालगायतको सुविधामा कर लगाउनु कत्तिको उचित होला ?

**Sabita Dhimal**
**@SabitaDhimal**




नीति निर्माण, कार्यसम्पादन, उत्तरदायित्व र राज्यदोहनका हिसाबले हाम्रो राजनीति र राज्यसंयन्त्र कुन हदसम्म तन्नम छ भन्ने कुरा सबैले बुझ्ने गरी देखाउन भने राष्ट्रिय पुनर्निर्माण प्राधिकरण निकै सफल भएको छ।

**Surya Raj Acharya**
**@SuryaRAcharya**

२०७५, भदौ
शुक्रबार
१

जलवायु परिवर्तनका कारण हरेक वर्ष नेपालका हिम श्रृंखलामा हिउँको मात्रा घट्दै गएको र अन्य पारिस्थितिक प्रणालीमा समेत नकारात्मक असर परेको मन्त्रीले राजदूत मोरिसलाई बताउनुभएको वन मन्त्रालयले जनाएको छ।



# नेपाल

## नेपालले अन्तर्राष्ट्रिय तहमा क्षतिपूर्ति दाबी गर्ने

नेपाल समाचारपत्र

काठमाडौं

विकसित मुलुकहरूमा बढ्दो औद्योगिक विकासका कारण बढेको विश्वव्यापी जलवायु परिवर्तनको प्रभाव नेपालमा प्रत्यक्ष देखिएको पुष्टि भएको छ।

सो बापत विकसित मुलुकले तिर्नुपर्ने राहतबाट वञ्चित रहँदै आएको नेपालले क्षतिपूर्ति दाबी गर्दै अन्तर्राष्ट्रिय फोरममार्फत विश्व समुदायको ध्यानाकर्षण गराउने भएको छ। वन तथा वातावरणमन्त्री शक्तिबहादुर बस्नेतले नेपालका लागि बेलायती राजदूत रिचर्ड मोरिससँगको भेटवार्ताका क्रममा यस्तो बताउनुभएको हो।

विश्वव्यापी तापमान उत्सर्जनमा नेपालको कुल योगदान शून्य दशमलव शून्य दुई सात प्रतिशत रहेको अवगत गराउँदै मन्त्री बस्नेतले ठूला र औद्योगिक मुलुकले विगतमा गरेको प्रतिबद्धताअनुसार नेपालले राहत नपाएको बताउनुभयो। जलवायु परिवर्तनका कारण हरेक वर्ष नेपालका हिम श्रृंखलामा हिउँको मात्रा घट्दै गएको र अन्य पारिस्थितिक प्रणालीमा समेत नकारात्मक असर परेको मन्त्रीले राजदूत मोरिसलाई बताउनुभएको वन मन्त्रालयले जनाएको छ।

'हाम्रो समस्या अन्तर्राष्ट्रिय फोरममा पुऱ्याउन तपाईंहरूको पनि साथ र सहयोग रहने विश्वास छ। जलवायु परिवर्तनको संभावित असर सामना गर्न ध्यान दिनुपर्ने बेला भएको छ' -मन्त्री बस्नेतले भन्नुभयो। उहाँले ध्यानाकर्षण गराउनुभएका विषयमा सकारात्मक रहनुभएको राजदूत मोरिसले वन्यजन्तु संरक्षणका क्षेत्रमा नेपालको सफलता विश्वका लागि उदाहरणीय भएको भन्दै प्रसंसा गर्नुभएको थियो।

यो विषयमा छिमेकी मुलुकसँग बलियो हातेमालो गर्दा अझै राम्रो नतिजा हासिल गर्न सकिने उहाँको भनाइ थियो। वन्यजन्तुको अवैध कारोबार तथा निकासी रोक्न सबै मिलेर काम गर्नुपर्नेमा जोड दिँदै राजदूत मोरिसले त्यस्तो कारोबारमा जोडिने आर्थिक स्रोत पहिचान गर्नुपर्नेमा जोड दिनुभयो।

## सञ्चारमाध्यम जनताको पक्षमा उपयोग हुनुपर्छ : *उपसभामुख*

काठमाडौं, (नेस)

उपसभामुख डा. शिवमाया तुम्बाहाङ्फेले सञ्चारमाध्यम जनताको पक्षमा उपयोग हुनुपर्ने बताउनुभएको छ।

तेह्रथुमको आठराई संक्रान्तिस्थित सामुदायिक रेडियो आठराईको अनलाइन संस्करण काठमाडौंमा बुधबार शुभारम्भ गर्दै उपसभामुख डा. तुम्बाहाङ्फेले जनताको चेतना अभिवृद्धि गर्न सञ्चारमाध्यमले सहयोगी भूमिका खेल्ने बताउनुभयो। 'जनताको चेतना वृद्धि गर्न सञ्चारमाध्यमले धेरै मद्दत पुग्छ,' उहाँले भन्नुभयो- 'जनतालाई केन्द्रविन्दुमा राखेर सञ्चारमाध्यमले सूचना दिनुपर्छ।'

समाजमा नकारात्मक मात्रै होइन सकारात्मक क्रियाकलाप पनि हुने उल्लेख गर्दै उपसभामुख डा. तुम्बाहाङ्फेले त्यस्ता विषयवस्तुमा पनि कलम चलाउन सञ्चारकर्मीलाई आग्रह गर्नुभयो।

संसद्ले धेरै कानुनलाई टुंगोमा लगिरहेको बताउँदै उपसभामुखले महिला, अल्पसंख्यक र पछाडि पारेको समुदायका पक्षमा कानुन निर्माण हुनेमा ढुक्क रहन अपिल गर्नुभयो।

कार्यक्रममा पूर्वराज्यमन्त्री सीता गुरुङ, प्रतिनिधिसभाका सांसद भवानी खापुङलगायतले रेडियोको सफलताको शुभकामना दिनुभयो।

## अव्यावहारिक कर तत्काल खारेज गर्न राप्रपाको माग

काठमाडौं, (नेस)

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले स्थानीय तह, प्रदेश र संघीय सरकारबाट लगाइएका दोहोरो तेहेरो करको परिणामस्वरुप न्यून एवं निश्चित आय भएका सर्वसाधारण जनतालाई जीवन धान्न कठिन भएको भन्दै अव्यावहारिक र जनतालाई कष्ट पर्ने कर तत्काल खारेज गर्न सरकारसँग माग गरेको छ। साथै दोहोरो तेहेरो करको उद्योग, वाणिज्य एवं अन्य व्यवसाय र पेशागत क्षेत्रमा समेत नकारात्मक प्रभाव पारेको राप्रपाले जनाएको छ।

राप्रपा केन्द्रीय कार्यसम्पादन समितिको बिहीबार बसेको बैठकले आमजनताको बीचमा पर्याप्त बहस नै नगरी तथा नेपाली जनताको प्रत्यक्ष अभिमतबिना कायम गरिएको संघीय संरचनाको दुष्प्रभाव र विकृति देखिन थालेको निष्कर्ष पनि निकालेको छ। एकातिर संघीयता कार्यान्वयनका निमित्त अर्बौं विदेशी ऋण लिनुपर्ने बाध्यता, अर्कोतर्फ सर्वसाधारण जनतामाथि थोपरिएको करको बोझले गर्दा नेपाली जनजीवन अस्तव्यस्त र आक्रान्त बन्न पुगेको राप्रपाले जनाएको छ।

राप्रपाको कार्यसम्पादन बैठकले निर्वाचन जितेको गाउँपालिका र उपमहानगरपालिकामा साविकको गाविस र नगरपालिकाले लगाएको भन्दा बढी कर नलगाउन र लगाएको भए फिर्ता गर्न निर्देशन पनि दिएको छ। बैठकले समान विचारधारा भएका राजनीति दलहरूसँग एकता वार्ता भइरहेको अवस्थामा राप्रपा (प्रजातान्त्रिक) का पदाधिकारीबाट हिन्दूराष्ट्र र राजसंस्थाबारे फरक-फरक धारणा सार्वजनिकरुपमा आइरहेको हुँदा उक्त पार्टीको शीर्ष नेतृत्वसँग सम्पर्क गरी हिन्दूराष्ट्र र राजसंस्थाबारे उक्त पार्टीको आधिकारिक धारणा बुझ्न उपाध्यक्ष बुद्धिमान तामाङको संयोजकत्वमा गठित वार्ता टोलीलाई बैठकले निर्देशन दिने निर्णय गरेको छ।

## 'जनताले मन नपराउने काम जनप्रतिनिधिबाट नहोस्'

नेपाल समाचारपत्र

काठमाडौं

प्रधानमन्त्री केपी शर्मा ओलीले स्थानीय तहमा हुने गरेको भ्रष्टाचार, जनप्रतिनिधिले उपभोग गरेका सुविधाको विषयमा चासो व्यक्त गर्नुभएको छ।

गाउँपालिका राष्ट्रिय महासंघको प्रतिनिधि मण्डलसँग बिहीबार सिंहदरबारमा अन्तरक्रिया गर्दै प्रधानमन्त्री ओलीले यस विषयमा चासो व्यक्त गर्नुभएको हो।

स्थानीय तहमा अनियमितता भएको, जनताका काम जनप्रतिनिधिले सहज ढंगले नगरिदिएको गुनासो धेरै आएकाले त्यस विषयमा गम्भीर हुने जनप्रतिनिधिलाई प्रधानमन्त्रीले आग्रह गर्नुभएको छ।

'कतिपय ठाउँमा मेयर, उपमेयर, अध्यक्ष, उपाध्क्षयले महँगा गाडी किनेको, कतिपय वडा अध्यक्षले डोजर किनेर सडक बनाउने ठेक्का आफैं लिएका गुनासा आएका छन्', प्रधानमन्त्री ओलीले भन्नुभयो- 'तपाईंहरू जनप्रतिनिधि हो। त्यसकारण जनताले नरुचाउने काम नगर्नुहोस्। जनताले जे रुचाउँछन् त्यस काममा केन्द्रित हुनुहोस्।' कतिपय सुविधा कानुनले दिएको भनेर त्यसैअनुसार उपभोग नगर्न प्रधानमन्त्री ओलीले सजग गराउनुभएको छ। राजनीतिमा त्याग पनि महत्त्वपूर्ण भएको स्मरण गराउँदै त्यस्ता सुविधालाई अत्यावश्यकबाहेक अहिले त्याग गरेर जनताको मन जित्न प्रधानमन्त्री ओलीले आग्रह गर्नुभएको छ।

प्रधानमन्त्री ओलीले गाउँपालिकाका जनप्रतिनिधिलाई देश निर्माणको ठूलो जिम्मेवारी भएको बताउनुभएको छ। प्रधानमन्त्री ओलीले गाउँपालिका दुर्गम ठाउँमा हुने, साधन स्रोतको कमी हुने भएकाले त्यहाँका जनप्रतिनिधिले धेरै चुनौतीमा काम गर्नुपर्ने बाध्यता रहेको बताउनुभएको छ।

'जतिसुकै चुनौती भए पनि देश निर्माणको जग भनेको तपाईंहरू नै हो', प्रधानमन्त्री ओलीले भन्नुभयो- 'दुर्गमका बस्ती, राज्यको सेवा सुविधा नपुगेका जनतामा तपाईंहरूले नै सेवा प्रवाह गर्ने हो। त्यसकारण देश निर्माणका लागि जनताले तपाईंहरूलाई ठूलो जिम्मेवारी दिएका छन्।'

सुगम ठाउँहरू नगरपालिका र महानगरपालिका हुने भएकाले त्यहाँका जनप्रतिनिधिलाई केही सहज हुने तर गाउँपालिकामा यस्तो स्थिति नुहने प्रधानमन्त्री ओलीको भनाइ छ। 'दुर्गम भएर नै गाउँपालिका भयो। सुगम ठाउँ भएको भए नगरपालिका भइसकेका हुन्थे' -प्रधानमन्त्री ओलीले भन्नुभयो।

स्थानीय तहका जनप्रतिनिधिका कामबाट जनताले प्रदेश र संघीय सरकारप्रतिको पनि धारणा बनाउने भएकाले आफ्नो आचरणमा विशेष ख्याल गर्न प्रधानमन्त्रीले आग्रह गर्नुभएको छ।

## सेवाग्राहीको विश्वास जित्न महानिरीक्षक खनालको निर्देशन

काठमाडौं, (नेस)। सशस्त्र प्रहरी महानिरीक्षक शैलेन्द्र खनालले सशस्त्र प्रहरी बल नेपालको सेवा लिने सेवाग्राहीको विश्वास जित्ने ढंगले व्यावसायिक जिम्मेवारी निर्वाह गर्न सशस्त्र प्रहरी कर्मचारीलाई निर्देशन दिनुभएको छ।

उहाँले सशस्त्र प्रहरी बल नेपालको पेसा पवित्र सेवा भएको चर्चा गर्दै भन्नुभयो- 'नागरिकले तपाईंहरूलाई ठूलो विश्वास र तपाईंहरूसँग थुप्रै अपेक्षा गरेका छन्। नागरिकको त्यो विश्वास र अपेक्षालाई पूरा गर्न हामी सशस्त्र प्रहरी कर्मचारीले आफ्नो सम्पूर्ण इच्छा आकांक्षालाई थाती राखेर हर प्रहर नागरिक हितमा केन्द्रित भई पेसागत इमानदारीताका साथ व्यावसायिक जिम्मेवारी पूरा गर्नुपर्दछ।'

महानिरीक्षक खनालले संयुक्त राष्ट्रसंघको अनुरोधमा शान्ति स्थापनार्थ युनाइटेड नेसन्स मिसन इन साउथ सुडानको बोरमा एफपीयूको रुपमा सफलतापूर्वक कार्यसम्पन्न गरी स्वदेश फर्किएको एपीएफ टोलीलाई स्वागत तथा प्राविधिक सशस्त्र प्रहरी निरीक्षकमा पदोन्नति भएकाहरूलाई दर्ज्यानी चिन्ह प्रदान गर्नुहुँदै सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालयमा सो कुरा बताउनुभएको हो।

संगठन नयाँ सिराबाट अगाडि बढिरहेको उल्लेख गर्नुहुँदै सशस्त्र प्रहरी महानिरीक्षक खनालले संगठनको विकास र विस्तारमा सम्पूर्ण सशस्त्र प्रहरी कर्मचारीले आ-आफ्नो क्षेत्रबाट योगदान पुऱ्याउनुपर्ने कुरासमेत उल्लेख गर्नुभयो।



उहाँले सशस्त्र प्रहरी सेवामा आवद्ध राष्ट्रसेवकले सधैं आफूप्रति गर्ववान्वित भई आफ्नो जिम्मेवारी पूरा गर्न क्रियाशील रहनुपर्ने चर्चा गर्नुहुँदै फौजी सेवामा व्यक्तिगत इच्छा आकांक्षा गौढ हुने कुरासमेत उल्लेख गर्नुभयो।

## सहकारीलाई कृषिमा केन्द्रित हुन प्रधानमन्त्री ओलीको आग्रह

नेपाल समाचारपत्र

काठमाडौं

प्रधानमन्त्री केपी शर्मा ओलीले सहकारीलाई आफ्ना गतिविधि कृषिमा केन्द्रित गर्न आग्रह गर्नुभएको छ।

राष्ट्रिय सहकारी महासंघको प्रतिनिधि मण्डलसँग बिहीबार सिंहदरबारमा अन्तरक्रिया गर्दै प्रधानमन्त्री ओलीले यस्तो आग्रह गर्नुभएको हो।



प्रधानमन्त्री ओलीले कृषिमा देशको करिब दुई तिहाइ जनसंख्या निर्भर भएकाले यो क्षेत्रलाई आधुनिकीकरण नगरी देशमा समृद्धि हासिल नहुने बताउनुभएको छ। 'सहकारीले कृषिमा आधुनिकीकरणका लागि खेती प्रणालीलाई ठूला-ठूला प्लटमा लैजानुपर्छ', प्रधानमन्त्री ओलीले भन्नुभयो- 'कृषिमा यान्त्रिकीकरण र प्रविधिको प्रयोगबाट उत्पादन र उत्पादकत्व दुवै बढाउन सकिन्छ। यो कुरा सहकारीको प्राथमिकतामा हुनुपर्दछ।'

प्रधानमन्त्री ओलीले सहकारीहरू ऋण तथा बचतमा मात्र केन्द्रित हुन नुहने बताउनुभएको छ। 'सहकारीले उपभोग्य वस्तु, निर्यातजन्य वस्तुको उत्पादनमा जोड दिनुपर्दछ' -प्रधानमन्त्री ओलीले भन्नुभयो।

किसानलाई आधुनिक खेतीतर्फ प्रोत्साहन गर्नका लागि सहकारीले सस्तो ब्याजमा ऋण उपलब्ध गराउनुपर्ने र त्यसका लागि सरकारले सहकारीलाई सहयोग गर्ने प्रधानमन्त्री ओलीको भनाइ छ। 'वर्तमान सरकार सहकारीमैत्री छ। सहकारीले भोगेका कानुनी अफठ्यारालाई हल गर्न सरकार तयार छ', प्रधानमन्त्री ओलीले भन्नुभयो- 'कुन ऐनले कहाँ-कहाँ अफठ्यारो पारेको छ लेखेर ल्याउनुहोस्। त्यसलाई सम्बोधन गर्न सरकार तयार छ।'

सरकारले लागू गरेको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनालाई सफल पार्न पनि सहकारीको ठूलो भूमिका हुने प्रधानमन्त्री ओलीको भनाइ छ। प्रधानमन्त्री ओलीले परियोजनामार्फत १ हजार हेक्टरभन्दा बढी क्षेत्रफलमा गरिने खेतीलाई सुपर जोन र ५ सय हेक्टरभन्दा बढी क्षेत्रफलमा गरिने खेतीलाई जोनका रुपमा विकास गरिएको बताउनुभयो। प्रधानमन्त्री ओलीले भन्नुभयो- 'चक्ला बन्दी भएको जग्गालाई भाडामा लिएर एउटै प्लट बनाएर ठूलो मात्रामा खेती गर्ने काम सहकारीले गर्नुपर्दछ।'

महासंघका अध्यक्ष केशव बडालले प्रस्तावित सहकारी ऐनमा भएका केही प्रावधान सच्याउन माग गर्दै प्रधानमन्त्री ओलीलाई ध्यानाकर्षणपत्र पेस गर्नुभएको छ।


सिनेमा कर्नर










**अग्नि यातायात प्रा. लि.**

दिवा सेवा काठमाडौंबाट बिहान ८ बजे पोखरा ८ बजे
रात्री सेवा काठमाडौं काँकड्भिट्टा र धरान
फो. नं. ०१-५२२५०३३
मो. नं. ९८४१५७९६९७ ( शम्भु )


**माउन्ट मकालु यातायात सेवा**

काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ०१-५२२५१७२, ५२२५२५२, ५२२५१२३



## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : धनलाभ, समस्या समाधान, पठनपाठनमा सफलता।
**वृष** : द्रव्यलाभ, शत्रु विजय, खेल-परीक्षा आदिमा सफलता प्राप्ति।
**मिथुन** : कार्यसिद्धि, सन्तान-सुख, धन-सम्पत्ति प्राप्ति, लाभ।
**कर्कट** : अपच, दिनचर्या अस्तव्यस्त, दौडधुप, परिवारमा विवाद, तनाव।
**सिंह** : द्रव्य लाभ हुनेछ, मान-सम्मान बढ्ने, उन्नति-प्रगति हुनेछ।
**कन्या** : धनलाभ, मन स्थिर, सुख-सन्तोष, उपलब्धिमूलक खर्च हुनेछ।
**तुला** : धन प्राप्ति, उपहार, कोसेली प्राप्ति, उत्तम भोजन, कार्य सफल।
**वृश्चिक** : अस्वस्थता, इष्टमित्रसाग विवाद, दुर्घटनाको सम्भावना छ।
**धनु** : विविध वस्तु वा सेवाको लाभ, मिष्ठान्न भोजन, द्रव्य प्राप्ति।
**मकर** : सुख-सन्तोष, कार्यसिद्धि, निरोगिता, जोश-जाागर बढ्ने।
**कुम्भ** : राज्य-सुख, व्यापारिक सफलता, यश-ऐश्वर्य वृद्धि।
**मीन** : रोगको भय, कार्यमा बाधा, धन हानि, अस्वस्थता हुनेछ।



# प्रदेश-३



लोड सेडिङको अन्त्य गरी वाहवाही कमाएका कुलमान घिसिङलाई सम्झँदै बनेपा, पनौती र पाँचखालमा रहेको नेपाल विद्युत् प्राधिकरणका शाखाहरुमा सर्वसाधारणहरु दैनिक धाउने गरेका छन्। तर कुलमानको नाम मात्रै छ, सेवा छैन।

# गोसाइकुण्ड मेलाका लागि दररेट निर्धारण

**नेपाल समाचारपत्र**

रसुवा

जनैपूर्णिमाको अवसरका लाग्ने गोसाइकुण्ड मेलाका लागि दररेट निर्धारण गरिएको छ। गोसाइकुण्ड क्षेत्र विकास समिति, लाङटाङ राष्ट्रिय निकुञ्ज र व्यवसायीबीच भएको छलफलबाट मेलाका लागि नयाँ दररेट कायम गरिएको छ।

रसुवाको मिनि गोसाइकुण्ड, देउराली, चन्दनबारी/चोलाङपाटी, लौरीबिना र गोसाइकुण्डमा सञ्चालित होटल तथा मेलाको बेलामा राखिने थर्पुमा बस्ने तीर्थयात्री ठगीमा पर्नबाट जोगाउन र मूल्यमा एकरुपता ल्याउनका लागि प्रत्येक वर्ष दररेट निर्धारण गर्ने गरिएको छ। दररेट निर्धारण गर्दा दूरीका हिसाबले टाढा रहेका स्थानमा बढी र नजिक रहेका स्थानका लागि कम मूल्य कायम गर्ने गरिएको समितिका अध्यक्ष सञ्जीव डीएमले बताउनुभएको छ ।उहाँका अनुसार कालो चिया, दूध चिया, दालभात तरकारी, तातोपानी र थर्पु तथा होटलमा बस्नका लागि नयाँ मूल्य निर्धारण गरिएको छ। गत वर्षको तुलनामा यो वर्ष तातोपानी र कालो चियाको मूल्य घटाइएको छ।

दूध चियामा ५ रुपियाँ मूल्यवृद्धि गरिएको छ। मिनि गोसाइकुण्डमा कालो चिया १५, दूध चिया २०, दालभात तरकारी २ सय २०, थर्पुमा सुत्दा प्रतिव्यक्ति २ सय २५ र होटलमा सुत्दा प्रतिव्यक्ति ३ सय ५० तिर्नुपर्ने बताइएको छ। देउरालीमा कालो चिया २०, दूध चिया २५, दाल भात तरकारी २ सय ७५, थर्पुमा सुत्दा प्रतिव्यक्ति ३ सय २५ र होटलमा सुत्दा प्रतिव्यक्ति ४ सय ७५, चन्दनबारीमा कालो चिया २५, दूध चिया ४०, दाल भात तरकारी ३ सय ५०, थर्पुमा सुत्दा प्रतिव्यक्ति ४ सय र होटलमा सुत्दा प्रतिव्यक्ति ५ सय तिर्नुपर्ने समितिले जनाएको छ।

यस्तै, लौरीबिना र गोसाइकुण्डमा कालो चिया ३०, दूधचिया ५०, दाल भात तरकारी ४ सय ५०, थर्पुमा सुत्दा प्रतिव्यक्ति ४ सय ५० होटलमा सुत्दा प्रतिव्यक्ति ६ सय ५० मूल्य कायम गरिएको समितिका अध्यक्ष डीएमले बताउनुभएको छ। तीर्थयात्रीले तातोपानी पिउनका लागि चन्दनबारी र लौरीबिनामा १० तथा गोसाइकुण्डमा १५ रुपियाँ तिर्नुपर्ने बताइएको छ। थर्पु सञ्चालन गर्ने व्यावसायीले घट्टेखोलामा ८ सय ५०, देउराली/ढिम्सामा ९ सय ५०, चन्दनबारी/चोलाङपाटीमा १ हजार ५०, बुद्धमन्दिरमा १ हजार २ सय ५०, गोसाइकुण्डमा १ हजार तीन सय ५० रुपियाँ तिर्नुपर्ने समितिले जनाएको छ। हिँडन् नसक्ने तीर्थयात्रीहरू घट्टेखोलादेखि गोसाइकुण्डसम्म घोडामा जाने गर्दछन्। तीर्थयात्रीले घोडा चढेबापत् घट्टेखोला-चन्दनबारी ३ हजार २ सय ५०, घट्टेखोला-बुद्धमन्दिर ५ हजार ५ सय, घट्टेखोला-गोसाइकुण्ड ६ हजार ५ सय रुपियाँ तिनुपर्ने भएको छ।

देउराली-बुद्ध मन्दिर ५ हजार, देउराली-गोसाइकुण्ड ६ हजार, चन्दनबारी-बुद्ध मन्दिर ४ हजार ५ सय, चन्दनबारी-गोसाइकुण्ड ५ हजार, चोलाङपाटी-बुद्ध मन्दिर ३ हजार ५ सय, चोलाङपाटी-गोसाइँकुण्ड ५ हजार र देउराली-चोलाङपाटी २ हजार ७ सय ५० रुपियाँ कायम गरिएको छ। रसुवा जिल्लाको गोसाइकुण्ड गाउँपालिका वडा नम्बर ५ मा रहेको धार्मिकस्थल गोसाइकुण्डमा यो वर्ष सञ्चालन हुने मेलाका लागि सम्पूर्ण तयारी पूरा भएको समितिले जनाएको छ।

## मिटर नपाएपछि सर्वसाधारणले भने-

# कुलमानको नाम मात्रै, सेवा छैन

**मोतीराम तिमल्सिना, काभ्रे**

भूकम्पको पीडामा परेका सर्वसाधारणहरू यतिखेर घर निर्माण गरे पनि मिटर नपाएर हैरानीमा परेका छन्। जिल्लामा अहिले निवेदन मात्रै दर्ता गराएका झण्डै पाँच हजार व्यक्तिहरूले विद्युत् प्राधिकरणको मिटर पाउन सकेका छैनन्।

लोड सेडिङको अन्त्य गरी वाहवाही कमाएका कुलमान घिसिङलाई सम्झँदै बनेपा, पनौती र पाँचखालमा रहेको नेपाल विद्युत् प्राधिकरणका शाखाहरूमा सर्वसाधारणहरू दैनिक धाउने गरेका छन्। तर कुलमानको नाम मात्रै छ, सेवा छैन। ‘२०७४ पुष महिनामा नयाँ मिटर जडानका लागि निवेदन दिएको थिएँ’ -नमोबुद्ध नगरपालिकाका ध्रुवबहादुर श्रेष्ठले भने- ‘अझै आइपुगेको छैन।’ ‘नयाँ मिटर जडान शाखामा पुगी गुनासो सुनाउँदा छैन भन्ने जवाफ दिएपछि ध्रुवबहादुरले सधैं छैन मात्रै भन्नुहुन्छ बरु टेप रेकर्ड राखेर बजाइदिइरहनुस् म सोध्नै आउँदिनँ’ -ध्रुवले भने। कर्मचारीहरूसमेत मिटरकै कारण वाक्कदिक्क भइसकेका छन्।

बनेपा शाखामा मात्रै नयाँ मिटरको आवेदन १ हजार ५ सयको परिसकेको छ। मिटर प्राप्त नभएपछि कर्मचारीहरूप्रति सेवाग्रहिले आक्रोश पोख्न थालेका छन्। मन्त्री वर्षमान पुन, प्राधिकरणका कुलमान घिसिङले सेवाग्रहीको गुनासो र समस्यालाई चासो व्यक्त नगरेको भन्दै आक्रोश व्यक्त गरेर फर्कने गरेका छन्। एउटा मिटरका लागि सेवाग्राही ३० पटकसम्म आउने गरेको कर्मचारीहरूले बताएका छन्। बनेपा शाखामा साउन महिनामा नयाँ मिटरका लागि दिएको निवेदनको कात्तिक महिनामा मिटर लिन आउनु भन्दै पठाउने गरिएको छ। पुष महिनादेखि असार महिनासम्म प्राप्त निवेदनका ग्राहकहरूलाई अहिले वितरण शुरु गरिएको छ। एक हजारवटा माग गरेर पठाउँदा १ सय वटा प्राप्त भएको स्टोर शाखाका प्रमुख हुइन्द्र राना मगरले बताए।

बनेपा नगरपालिका वडा नम्बर १२ महेन्द्रज्योति बास्डोलकी रमा राउतले तीन महिनाअघि लगेको मिटर जडान हुन सकेको छैन। १५ पटक कार्यालयमा आउँदासमेत मिटर जडान गर्न कर्मचारी नभएको भन्दै नपठाएको राउतले बतान्। मिटर नहुँदा छिमेकबाट ल्याएको बिजुलीबाट भोग्नुपरेको समस्याको उनले फेहरिस्त सुनाइन्। एकातिर मिटर जडान गर्न नजाने अर्को तिर विद्युत् चोरीको मुद्दा दर्ता गर्ने प्राधिकरणको दोहोर रबैयाप्रति सेवाग्राही आक्रोशित छन्।

प्राधिकरणको बनेपा शाखामा मात्रै असार मसान्तसम्म ५ सय ८७ वटा निवेदन दर्ता भएका निवेदनको स्टमेट गर्न बाँकी छ। १ सय ६८ वटा निवेदनको स्टमेट सकिएको छ। साउन महिनाको २८ गते सम्म १ सय ८० वटाको निवेदन दर्ता भइसकेको छ। असार मसान्तसम्म पैसा तिर्ने २ सयभन्दा धेरै ग्राहकहरूलाई मिटर उपलब्ध गराउन सकिएको छैन। साउन महिनामा २ सय २० वटा मिटर आउँदा पनि पुराना निवेदनका ग्राहकहरूलाई मिटर उपलब्ध गराउन नसकिएको रानाले बताए। इन्जिनियर नरेश मानन्धरका अनुसार मागभन्दा आपूर्ति कम भएकाले सहज व्यवस्थापन गर्न नसकिएको बताए। भूकम्पपीडितहरूका लागि जिल्लामा निःशुल्क मिटर उपलब्ध गराउने गरिएको छ। तर पनि उनीहरूको मागअनुसार मिटर उपलब्ध हुन सकेको छैन। मिटरको समस्या एकातिर छ भने प्राप्त भएका मिटरहरू जडान नगर्ने अर्को समस्या छ।

## गाउँपालिकाको अभियान

# गर्भवती महिलालाई निःशुल्क अण्डा

**चिरञ्जीवी मास्के, दोलखा**

अहिले दोलखा जिल्लामा रहेको सात गाउँपालिका र दुई नगरपालिकाले नागरिकको सुरक्षा र गाउँ तथा नगरको समृद्धिका लागि नयाँनयाँ कार्यक्रम शुरु गरेको छ। यही क्रममा दोलखाको शैलुङ गाउँपालिकाले गर्भवती महिलाहरूलाई नियमित स्वास्थ्य जाँचका लागि स्वास्थ्य केन्द्रसम्म आउने वातावरण बनाउन निशुल्क कुखुराको अण्डा वितरण गर्ने कार्यक्रम शुरु गरेको छ।

गर्भवती अवस्थामा चारपटक स्वास्थ्य जाँच गराउनुपर्ने भए पनि शैलुङ गाउँपालिका भित्रका गर्भवती महिलाहरूमध्ये आधाले पनि नियमित स्वास्थ्य जाँच नगराउने तथ्याङ्क देखिएपछि गाउँपालिकाले निःशुल्क कुखुराको अण्डा वितरण गर्ने कार्यक्रम शरु गरेको गाउँपालिका प्रमुख भरत दुलालले बताए।

आर्थिक वर्ष ०७५/०७६ को नीति तथा कार्यक्रममा समावेश गरी गाउँपालिका भित्रका गर्भवती महिलाहरू हरेकपटक स्वास्थ्य जाँचका लागि स्वास्थ्य केन्द्र आउँदा एक क्रेट अण्डा निःशुल्क उपलब्ध गराउन थालिएको गाउँपालिका प्रमुख दुलालले बताए। कुखुराको अण्डाले गर्भवती महिलाको पोषणमा पनि सुधार हुने र गर्भवती अवस्थामा ४ पटक स्वास्थ्य जाँच गराउनुपर्ने कुरामा पनि महिलाहरू सचेत हुने भएकाले यो कार्यक्रम शुरु गरिएको गाउँपालिका प्रमुख दुलालको भनाइ छ।


८ वटा वडा रहेको शैलुङ गाउँपालिकाको कुल २० हजार ९८ जनसंख्यामध्ये ५१ प्रतिशत महिला रहेका छन्। गाउँपालिकामा वार्षिक सरदर ५ सय महिलाहरू गर्भवती हुने गरेको र त्यसमा स्थानीय स्तरमै सुत्केरी हुने महिलाको संख्या ४ सयको हाराहारीमा रहने भएकाले निःशुल्क कुखुराको अण्डा वितरण कार्यक्रमको लागि आर्थिक वर्ष ०७५/०७६ मा १० लाख रुपियाँ बजेट विनियोजन गरिएको गाउँपालिका प्रमुख भरत दुलालले बताए।

विगतको तथ्याङ्क हेर्दा गाउँपालिकाभित्र रहेको पाँचवटा स्वास्थ्य संस्थामा नियमित स्वास्थ्य जाँच गराउने गर्भवतीको संख्या अत्यन्त न्युन रहने गरेकोमा कार्यक्रम शुरु भएपछि यो संख्या बढ्दै गएको स्वास्थ्य चौकी व्यवस्थापन समितिका सदस्य बलराम कार्कीले बताए। गर्भवती महिलाहरूलाई निःशुल्क अण्डा उपलब्ध गराउन सकेसम्म स्थानीय उत्पादनलाई प्राथामिकता दिइने र यसले विशेष गरी महिलाहरूलाई उद्यमी बन्नसमेत टेवा पुग्ने गाउँपालिका प्रमुख दुलाल बताउँछन्।

त्यसैगरी गाउँपालिकाले बालबालिका, गर्भवती महिला, वृद्धवृद्धालाई पोषणयुक्त खानाका लागि सहयोग पुग्ने र ग्रामीण क्षेत्रमा पशु व्यवसायसमेत प्रवर्द्धन हुने अपेक्षासहित गाउँपालिकाभित्र रहेका किसानहरूले पालेको गाई ब्याएको छ भने त्यस्तो किसानलाई १ हजार रुपियाँ आर्थिक सहयोग गर्ने कार्यक्रमसमेत ल्याएको छ। तर किसानहरूले त्यस्तो सहयोग प्राप्त गर्नका लागि गाईको बीमा भएको हुनुपर्ने र गाई दुधालु हुनुपर्ने गाउँपालिका प्रमुख भरत दुलाले बताए।


## वर्गीकृत डिस्प्ले




## वर्गीकृत विज्ञापन

**डिप्रेशन र माईग्रेनको सफल उपचार !!!**

- टाउको दुख्ने, चस्कने-घोच्ने, झुम्म हुने, रिङटा लाग्ने, कान कराउने डम्म हुने
- निन्द्रा नलाग्ने, झस्कने, निन्द्रामा बरबराउने, सपना नराम्रो देख्ने,
- डरलाग्ने, मुट हल्लने, आत्मबलको कमी, नर्भस हुने
- हातगोडा गल्ने, कमजोर महसुस हुने, हिनताबोध हुने
- डाह, छटपटि हुने, के गरौं कसो गरौं हुने, मर्न मनलाग्ने
- नकरात्मक सोच आउने, टोलाउने, हुलमा जान नसक्ने
- झर्को लाग्ने, चाँडै रिस उठ्ने, चाँडै बिर्सने
- धेरै आलस्य लाग्ने, रमाइलो गर्ने मन नलाग्ने, धेरै सुत्ने
- श्वास रोकिएला जस्तो हुने, गाह्रो हुने, केही भैहाल्ने होकी भनेर आत्तिने।
- हातखुट्टा पोल्ने, झमझम्याउने, निदाउने
- ग्यास्ट्रिक र स्टुलमा म्युकस देखिने समस्या
- पढ्नमा कन्सनट्रेशन नहुने र मेमोरी पावरको कमी पूर्ति गरिने
- पिसाब चाँडे चाँडो लाग्ने, मुख वा शरिर हप्प तात्ने, घाँटीमा अप्ठ्यारो भइरहने, हात वा शरिर काम्ने हुने
- औषधि खाँदा पनि निको नभएको प्रेशर समस्या ठिक पारिने
- औषधी खाँदा वा इन्सुलिन लिंदासमेत ठिक नभएको सुगर रोगी ठिक हुने
- आँखा पोल्ने, बिझाउने, सुख्खा हुने
- ढाड दुख्ने, नसा च्यापिएको, छाती मुटु दुख्ने, पेट दुख्ने, पोल्ने, डम हुने, खाएको नपच्ने निको हुने।

नोट : **कहींबाट नभएकाहरूलाई पनि निको पारिने।**

**उपचारमा नयाँ आविस्कार सम्वनधी NTV+ बाट प्रत्येक सोमबार प्रसारण हुने कार्यक्रम बिहान ८:०० देखि ८:३० सम्म र प्रत्येक मंगलबार दिउँसो २:०० देखि २:३० बजेसम्म आउने कुरा सबैमा अवगत गराइन्छ।**

**युनिक मेडिटेशन सेन्टर**
नारायणी पेट्रोल पम्प
रिङरोड, बाफल
४२७९५९५, ९८४९२२८०५९,
९८१३१२५५५८

**मर्मत**

अमूल्य समय, अनावश्यक खर्च र झन्झटबाट छुट्कारा पाउन पन्चरसिल पन्चरप्रुफ प्रयोग गर्नुहोस् साथै लोडसेडिङको विकल्पको लागि ९५० VA देखि ६.५ KVA सम्मको I र III फेज जेनेरेटरहरु धमाधम बिक्री भइरहेको छ । डिलर चाहनेले र BULKमा लट नै उठाउँन चाहनेले पनि सम्पर्क राख्नुहोला ।

**उपलब्धी सुविधाहरु**

(१) मोटरसाइकल खरिद बिक्री।
(२) जेनेरेटर मर्मत होम सर्भिस।
(३) नयाँ जेनेरेटर बिक्री।
(४) इन्जिन मर्मत १०,००० किमि ग्यारेन्टी।
(५) डेन्टपेन्ट र रंगरोगन

**चाहियो**

**मोटरसाइकल मिस्त्री र हेल्पर चाहियो।**
खान बस्नको सुविधासहित ।
If you are satisfied,
tell others
If not tell us.
**राजु मो-बाइक कन्सर्न**
न्यूप्लाजा, पुतलीसडक,
काठमाडौं
फोन नं. ४४३१२८६, ५०१०५५०


# ‘नो पार्किङ’ प्रति नेपाली कांग्रेस गम्भीर

**नेपाल समाचारपत्र**

हेटौंडा

विगत केही दिनअघिदेखि हेटौंडा बजारमा नियमित गरिँदै आएको पार्किङलाई हेटौंडा उपमहानगरपालिकाले पार्किङ निषेधित क्षेत्र घोषणा गरेपछि उत्पन्न विवादप्रति नेपाली कांग्रेस मकवानपुरले गम्भीर ध्यानाकर्षण भएको जनाएको छ।

उचित स्थायी पार्किङ व्यवस्थाका लागि स्थानीय व्यवसायी, आमजनता, स्थानीय, बुद्धिजीवी, नागरिक समाज, यातायात व्यवसायी, प्रहरी/प्रशासनलगायत सकारात्मक हुँदाहुँदै पनि नगरपालिकाले व्यवस्था गर्न नसकेको विदितै रहेको कांग्रेसले बताएको छ।

हेटौंडा उपमहानगरपालिकाले हेटौंडा बजारमा रहेको पार्किङ व्यवस्थालाई भरपर्दो वैकल्पिक व्यवस्था नगरी आकस्मिक रुपमा हटाउने निर्णयले चाडबाडको मुखमा बजार बन्द हुँदा स्थानीय व्यवसायी तथा आमजनतामा अन्यौल र असहजता उत्पन्न भएर प्रत्यक्ष असर परेको भन्दै पार्टी प्रवक्ता प्रदीप कोइरालाद्वारा जारी विज्ञप्तिमा भनिएको छ- ‘यस समस्या समाधानका लागि यथाशीघ्र हेटौंडा उपमहानगरपालिका र स्थानीय व्यवसायीबीच समझदारी निर्माण गरी समस्या समाधान गर्न हार्दिक अपिल गर्दछौं।’

नेपाली कांग्रेस हेटौंडा उपमहानगर सभापति आनन्दराम पराजुलीले सामाजिक सञ्जालमार्फत् ‘नो पार्किङ’ को विरोध गर्नुभएको छ। मेयरका निकटतम् प्रतिद्वन्द्वी पराजुलीले ‘नो पार्किङ’ निर्णय फिर्ता लिन आग्रह गर्नुभएको छ।

तत्काल ‘नो पार्किङ’ फिर्ता गरेर एकतर्फी पार्किङको व्यवस्थापन गर्न उपमहानगरपालिकासँग आग्रह गरिएको छ। व्यवस्थित पार्किङ व्यवस्था गरेर मात्र ‘नो पार्किङ’ लगाउन उहाँले सुझाव दिनुभएको छ।


## नेपाल समाचारपत्र को वर्गीकृत विज्ञापन तथा ग्राहक संकलन काउन्टरहरू

**काठमाडौं**
गोर्खा न्यूज एण्ड स्टेशनरी सोह्रखुट्टे, नयाँबजार, फोन : ४३५५७६०, ९८४१८८७७१६, फ्याक्स नं. : ४३८५३९९ ● स्मार्ट इन्भेष्टमेन्ट प्रोमोशन नेपाल, जोरपाटी, फोन नं. : ०१४९१३०१०, ९७४१०१७२५३ ● एस.एस. स्टेसनरी, बालाजु, ४३८०२३०, ४३८७२७५ ● बी.एन्ड.बी. स्टेशनरी एन्ड कम्युनिकेसन सेन्टर महाराजगन्ज फोन: ३७०७०५, फ्याक्स: ३७२७९९ ● जय बागेश्वरी कम्युनिकेसन जयबागेश्वरी, फोन : ४४६७०३४, २०१३९११, ४४६६६११, ४४७६८१७ ● योञ्जन कम्युनिकेसन विशालनगर ४-४१६५६१, ४-४३५१८७ ● वीडलिक मिडिया प्रा.लि. पुरानो बानेश्वर चोक, ४४९२३०९/२०१४९३२, ९८४३१०५७३८ ● किपु बुक प्वाइन्ट कीर्तिपुर ३३१७७५ ● कार्य विनायक बुक एन्ड स्टेसनरी ४२६७३२४ वसन्तपुर ● मनकामना कम्युनिकेसन चावहिल ४४६७८४७, फ्याक्स : ४४८६८१९ ● डी.के. बुक, भोटाहिटी २५२३२० ● माउण्टेन एयर एक्सपोर्ट एण्ड ट्रेडर्स जावलाखेल, बागडोल फोन : ५५५४७५५, ५५४३७१९ ● होराइजन कम्युनिकेसन गोंगबु नयाँ बसपार्क, फोन: ३५३९४१, फ्याक्स: ३५३९९६ ● ध्रुवको पसल डिल्लीबजार, फोन: ४३९२०१ ● पञ्चावती बुक्स एण्ड स्टेसनरी चावहिल चोक, फोन: ४८६५१३, ४-४८१४३६ ● पिपल्स बुक्स, पकनाजोल, २१८०४४, ४-२१२३८५ ● सार्वजनिक टेलिफोन, पब्लिक कन्ट्याक्ट प्वाइन्ट कालीमाटी चोक, फोन नं. : ४-६७४८०१ ● मनकामना गिफ्ट ग्यालरी वनस्थली ४३६४९२४ ● काष्ठमण्डप डिस्ट्रिव्युसन प्रा.लि. टेकु, काठमाडौं, फोन : २०१०८२१, ०१६२२०७८५, मो. ९८५१०७२००४ ● साइ म्युजिक एन्ड मुभिज नयाँ बानेश्वर, फोन : ४४६१३५५, ४४९३५१२ ● बाबा सपिङ प्वाइन्ट महाराजगन्ज फोन: ४-४२६५४५ ● न्यू पी.पी. बुक्स एन्ड ट्रेडर्स कलंकी चोक फोन: २८२४५१, २८०६७३, फ्याक्स: २८१८०२ ● कान्तिपुर फोटोकपी एण्ड स्टेसनरी सप्लाईर्स स्वयम्भु किमडोल, राईजी फोन: २८१०४५, मोबाइल : ९८१०-७०४३५ ● कम्युनिकेशन प्लस, क्षेत्रपाटी ढल्को फोन : २०२१९४८, ४-२६६७५१ सनम स्टेसनरी एण्ड जनरल सप्लाईर्स, सोह्रखुट्टे फोन: ३५८६४१ ● स्टुडेन्ट बुक्स एण्ड स्टेसनर्स जोरपाटी चोक (मिनिबस स्टप) फोन: ४७६६२८ ● विद्या बुक्स एन्ड स्टेसनरी लेखनाथमार्ग, ठमेल, फोन : ४४१३९५४ ● मिडिया एन्ड कम्युनिकेसन नेटवर्क पेप्सीकोला, फोन : ६६३७९१९, ४२४६९३५, ९८५११०६५७५ ● सन्ध्या बुक्स सेन्टर ४३१२५३१ (स्पेन्ट्र) थानकोट, इमाखेल (बसपार्क) नवीन बुक्स एन्ड स्टेशनरी, अनामनगर गौशाला बुक्स एन्ड स्टेशनरी, गौशाला, फोन: ४-४८३६१४ ● एमएस सेढाइ स्टेसनरी एन्ड बुक्स सेन्टर बसुन्धरा-९, काठमाडौं, ४३५६४७५ ● SEVEN EDUCATIONAL CONSULTANCY (P) Ltd . Putalisadak, Kathmandu, Phone : 4238020, 4-424615, P .O . Box : 24829 l Nepaltar Cyber &Communation Nepaltar, Kathmandu, Contact No : 01-4384875, 9841-419658 ● शिक्षा बुक्स एन्ड स्टेसनर्स सामाखुसी, काठमाडौं, ४३६५७७६, मोबाइल : ९८४१-४८३०९६ (नवराज अधिकारी) ● क्वीक कम्यूनिकेशन प्रा.लि., बालाजु, फोन नं. : ४-३८३४५२,फ्याक्स : ४-३८५४२६ स्वयम्भु कम्युनिकेशन, डल्लु, आवास, दयामान वज्राचार्य ९८४१२१९१७३ फोन : ४२७४६३३, ४२८९२६०

**ललितपुर**
हाम्रो टेलिफोन सेवा (ग्वार्को) ५५५०१२४, ५५२४०९८, ५५५५०९८, ९७४१०५१८६० ● ज्ञान स्टेनसरी, पाटनढोका, फोन: ५४५५९२ ● ललित म्यागजिन एन्ड स्टेसनरी लगनखेल, ललितपुर, ५५५३९३१, ५५५२४३४० ● श्रेष्ठ स्टेसनरी सेन्टर ठैव, ललितपुर, फोन : ९८४१५१६९५७ ● लालित्य प्रिन्टर्स लगनखेल, फोन : ५५४३५८२ ● दिगो स्टेसनरी लगनखेल, फोन: ५४२२१२, प्रधान कमिनिकेशन ललितपुर, फोन: ९८४१७६९५९२ ● निशा बुक्स एण्ड स्टेशनरी, लगनखेल, ५५३१९५७, ९८४१६२७४८९

**भक्तपुर**
सुन्दर पुस्तक, ठिमी, ६३१४७३, ● मल: स्टेसनरी गठाघर, फोन: ६३०७५७ ● बेबिस आर्ट इटाछेँ : ६१२७२४

२०७५, भदौ
शुक्रबार
१

मार्क्सवादले समाजभित्रको वर्गीय अन्तरसंघर्षको अवस्थालाई वैज्ञानिक रुपमा हल गर्ने भएकाले मधेसमा मार्क्सवादको सार्थक बहस शुरु गर्न लागिएको हो।



# नेपाल

## बम विष्फोटको घटना रहस्यमय

नेपाल समाचारपत्र

विराटनगर

गत आइतबार विराटनगर महानगरपालिकाभित्र भएको बम विष्फोटको घटना रहस्यमय बनेको छ। बम विष्फोटको आरोपमा पक्राउ परेकाहरू निर्दोष देखिएको र महानगरको सीसी टिभीमा कुनै पनि रेकर्ड फेला नपरेकोले घटना रहस्यमय बनेको हो। बम विष्फोटको घटना नेत्रविक्रम चन्द नेतृत्वको नेकपाले गराएको आशंकामा प्रहरीले सो पार्टीका कार्यकर्ताहरूलाई पक्राउ गरेकोमा उनीहरूको घटनामा सम्लग्नता नदेखिएपछि महानगरको सीसी टिभी फुटेजबाट दोषीसम्म पुग्ने प्रहरीले अपेक्षा गरेको थियो।

अनुसन्धानको क्रममा महानगरको सीसी टिभीको हार्डडिक्स लिएर गएको प्रहरी सीसी टिभी रेकर्डमा कुनै फुटेज नदेखेपछि आफैं छक्क परेको छ। महानगरमा ८ वटा सीसी क्यामेरा जडान गरी प्रमुख भीम पराजुलीले कार्यकक्षबाट त्यसको निरीक्षण गर्ने गरेका थिए। तर बम विष्फोटपछि प्रहरीले लगेको सीसी टिभीको रेकर्ड राखिएको कम्प्युटरको हार्डडिक्समा कुनै पनि रेकर्ड फेला नपरेको मोरङ प्रहरीका एसपी मनोजकुमार केसीले बताए।

महानगरले सीसी टिभी जडान गरेको भए पनि रेकर्डीङ मोडमा नराखिएकाले बम विष्फोटको दिन महानगरको गतिविधि कुनै पनि रेकर्डमा नेखिएको हो। सीसी टिभीको रेकर्ड नभेट्दा अनुसन्धानमा लम्बिएको प्रहरीले जनाएको छ।

यता महानगरपालिकाका प्रमुख भीम पराजुलीले भने सीसी टिभीको फुटेज रेकर्ड नहुने कुरा असम्भव रहेको दावी गरेका छन्। आफूले केही समय अघिसम्म सीसी टिभी रेकर्ड अपडेट रहेको बताउँदै उनले कसरी अहिले खाली देखियो भन्नेतर्फ पनि अनुसन्धान गर्नुपर्ने माग गरेका छन्। बम पड्काउनकै लागि रेकर्ड बन्द गरिएको हो भने पनि त्यसको प्रहरीले गम्भीर अनुसन्धान गर्नुपर्ने महानगर प्रमुख पराजुलीको भनाइ छ।

प्रहरी र महानगर प्रमुखको सीसी फुटेज बारेको फरकफरक भनाइले घटनालाई थप रहस्यमय बनाएको छ। सो घटना विप्लव नेतृत्वको नेकपाले गराएको आशंका प्रहरीले गरे पनि सो पार्टीले खण्डन गरेको छ।

## पहिरोले २८ घर विस्थापित

प्युठान, (नेस)

जिल्लाको दुर्गम गौमुखी गाउँपालिका-४ पूजा जांड गाउँका २८ घर परिवार विस्थापित भएका छन्। बस्तीमाथिबाट पहिरो खस्न थालेपछि फेदीमा रहेको जांड गाउँका स्थानीय घर छोड्न बाध्य भएका हुन्। पहिरोको जोखिम बढेपछि स्थानीयवासीले बुधबार बिहानदेखि आफन्त र छिमेकीकहाँ आश्रय लिइबसेका छन्। पहिरोको उच्च जोखिममा रहेका धेरैजसो स्थानीयनजिकको नेपाल राष्ट्रिय प्राविमा आश्रय लिइबसेको पीडित रेशम सुनारले बताए। पहिरोको जोखिममा रहेका घरपरिवारलाई सुरक्षित स्थानमा सारिएको प्रहरी नायब उपरीक्षक निर्मल बुढाथोकीले बताए। प्रहरीले जोखिमयुक्त स्थानका समुदायलाई सतर्क रहन आग्रहसमेत गरेको छ।

उता,अविरल वर्षाको कारण खसेको पहिरोले मंगलबार मध्यरातमा घर पुरिँदा बेपत्ता भएका स्थानीय ३५ वर्षीया झगबहादुर सुनार अझै भेटिएका छैनन्। पहिरोले पुरेको आशंकामा बुधबार दिनभर प्रहरीले खोजी कार्य गरेपनि उनलाई फेला पार्न नसकिएको श्रोतले बताएको हो।

मंगलबार रातिको पहिरोले जांडगाउँका ३ घरगोठ पुरेको प्युठानका प्रमुख जिल्ला अधिकारी बद्रीनाथ गैरेले बताउनुभयो। स्थानीय देवबहादुर सुनारको घरगोठ र रेशम सुनारको घर पहिरोले पुरेको हो। सोही पहिरोले ८ वटा बाख्रा र ४ भैंसीसमेत बगाएको छ। पहिरोले झण्डै १२ लाख रुपियाँबराबरको नोक्सानी पुऱ्याएको डीएसपी बुढाथोकीले नेपाल समाचारपत्रलाई जानकारी दिए। अविरल वर्षाका कारण झिमरुक नदीको बहावसमेत बढेको छ।

## मार्क्सको द्विशतवार्षिकी मनाइने

नेपाल समाचारपत्र

वीरगन्ज

वैज्ञानिक साम्यवादका प्रर्वतक सर्वहारावर्गका महान नेता कार्लमार्क्सको द्विशतवार्षिकी समारोह वीरगन्जमा भव्यतापूर्वक मनाइने भएको छ। यसअघि शतवार्षिकी मूल समारोह समितिले वीरगन्जमा भदौ १ र २ गते ‘मधेसमा मार्क्सवाद’ शीर्षकमा मार्क्सवादका बारेमा वैचारिक बहस गर्ने निर्णय गरेको थियो।

नेपाल कम्युनिस्ट पार्टीले भदौ २ गते महान शहीद रामवृक्ष यादवको स्मृतिमा धनुषामा विशेष कार्यक्रमको आयोजना र सो कार्यक्रमा पार्टीका अध्यक्षद्वय प्रधानमन्त्री केपी शर्मा ओली र पूर्वप्रधानमन्त्री पुष्पकमल दाहालको सहभागिता हुने भएकाले यो कार्यक्रम भदौ ६ र ७ गतेका लागि सरेको आयोजक समितिका संयोजक पुरुषोत्तम पौडेलले जानकारी दिए। कार्यक्रममा नेकापाका शीर्ष नेताहरू, अन्य वामघटकका नेता तथा स्वतन्त्र बुद्धिजीवीहरूले समेत मार्क्सवादका विभिन्न पक्ष र आयामका बारेमा सोच दृष्टिकोण र विचारहरू राख्ने कार्यक्रम रहेको संयोजक पौडेलले बताए।

मार्क्सवादले समाजभित्रको वर्गीय अन्तरसंघर्षको अवस्थालाई वैज्ञानिक रूपमा हल गर्ने भएकाले मधेसमा मार्क्सवादको सार्थक बहस शुरु गर्न लागिएको हो। शतवार्षिकी समारोह सफल बनाउनका लागि पूर्वमन्त्री तथा नेकपा नेता पुरुषोत्तम पौडेलको संयोजकत्वामा व्यवस्थापन समितिको निर्माण भएको छ। त्यस्तै गोविन्द देवकोटाको संयोजकत्वमा प्रचार उपसमिति बनेको छ। समितिका सदस्यहरूमा केसी लामिछाने, महेश दास, लालबाबु शेख, श्याम बन्जारा, कमल उपाध्याय, अनुप तिवारी, निरज पिठाकोटे, रामबाबु मेहता र दिवाकर भण्डारीलगायतका रहेका छन्। त्यस्तै केसी लामिछानेको संयोजकत्वमा अवास उपसमिति निर्माण भएको छ। समितिमा उमेश गुप्ता, शिवजी गुप्ता रामबाबु यादवलगायतका रहेका छन् भने वीरेन्द्र शाहको संयोजकत्वमा अभिलेख उपसमिति बालगोपाल थापाको संयोजकत्वमा खाना तथा खाजा व्यवस्थापन उपसमिति निर्माण भएको छ। पुरुषोतम पौडेलको संयोजकत्वमा आर्थिक उपसमिति र सचिवालय निर्माण भएको छ।भदौ ६ र ७ गते वीरगन्जको नगरसभागृहमा हुने ‘मधेसमा मार्क्सवाद’ वैचारिक बहस कार्यक्रममा प्रदेश नम्बर २ का आठवटै जिल्लाबाट १ हजार नेता तथा कार्यकर्ताहरूको सहभागिता रहने आयोजकले जनाएको छ। कार्यक्रममा मार्क्सवादप्रति रुची भएका तर नेकपा तथा अन्य कम्युनिस्ट घटकभन्दा बाहिर रहेका युवाहरूले पनि भाग लिन पाउने आयोजकले बताएको छ।

## रुकुममा लेखा परीक्षणको कार्य आरम्भ

धनवीर दाहाल, रुकुम

रुकुम पूर्व र रुकुम पश्चिममा महालेखा परीक्षकको कार्यालयले लेखा परीक्षण आरम्भ गरेको छ। आर्थिक वर्ष २०७४/०७५ मा नेपाल सरकारका कार्यालयहरूबाट भएको खर्चको लेखा परीक्षण शुरु गरिएको हो। महालेखा परीक्षकको कार्यालय लेखा परीक्षण डोरमुकाम रुकुमले एक औपचारिक कार्यक्रम गरी रुकुम पूर्व र रुकुम पश्चिमका कार्यालय प्रमुख तथा लेखा प्रमुखसँग अन्तरक्रिया गरेको छ।

नेपाल सरकारका कार्यालयहरूबाट भएका खर्चको लेखापरीक्षण गर्ने सिलसिलामा पहिलो चरणमा विभिन्न ३१ जिल्लाहरूमा खटाएको टोलीमध्ये रुकुम पश्चिम र पूर्वको २ वटा जिल्लागत लेखापरीक्षण टोली २०७५ श्रामण २८ मा रुकुम पुगेको हो। सो टोलीले कोष तथा लेखा नियन्त्रण कार्यालय रुकुम पश्चिमको सभाहलमा सो जिल्लाका सबै कार्यालयका कार्यालय प्रमुख र लेखा प्रमुखहरूका बीच यस वर्षको लेखापरीक्षण विधिका विषयमा स्पष्ट पार्दै रुकुम पश्चिमको यस वर्षको लेखापरीक्षणको प्रवेश बैठक सम्पन्न गरेको छ। यस्तै जिल्लाको लेखा परीक्षण कार्यको थालनी गरेको छ।

उक्त बैठकलाई रुकुम पश्चिम प्रमुख जिल्ला अधिकारी शम्भु रेग्मीले जिल्लाका विकास कार्यमा भएका खर्च र प्रशासनिक खर्चमा शुद्धताको परीक्षण गरी दिन टोलीलाई निर्धक्क भई कार्य गर्न अनुरोध गर्नुभयो। उहाँले आवश्यक पर्ने गरेका काममा प्रशासनबाट सहयोग पुऱ्याउने प्रतिबद्धता जनाउनुभयो। यस्तै कोष नियन्त्रक ईश्वरीप्रसाद ढकालले सबै कार्यालय प्रमुख तथा लेखा परीक्षकहरूलाई आ-आफ्नो कार्यालयहरूको सक्कल स्रेस्ता लेखा परीक्षणका लागि पेश गरिदिन र लेखा परीक्षणको समयमा माग गरिएका काजजात प्रमाण र लेखा परीक्षण अधिकारीहरूले सोधनी भएका प्रश्नको उत्तरदायी तरिकाले उत्तर दिएर शून्य बेरुजु बनाउने काममा लागिदिनुहुन अपिल गर्नुभएको थियो।

जिल्लामा २ निर्देशकहरूको नेतृत्वमा ८ जना खटिनुभएको छ। सो टोलीले स्थनीय तहको समेत लेखापरीक्षण कोलेनिका रुकुम पश्चिममा लेखा परीक्षण कार्यालय स्थापना गरी कार्य थालनी गरेको छ। उक्त टोली करिब १ महिना जिल्लामा रहनेछ।

## गाउँपालिकामा एक घर एक धारा अभियान

बैतडी, (नेस)

बैतडीको दोगडाकेदार गाउँपालिकाले एक घर एक धारा अभियानलाई निरन्तरता दिएको छ। गाउँपालिकाभित्र रहेका पानीका स्रोतको खोजी गरी गाउँपालिकाभित्र रहेका ४ हजार ५ सय घरधुरीमा पानीको धारा पुऱ्याइने भएको छ।

प्रत्येक घरमा खानेपानीको धारा पुऱ्याउने उद्देश्यले खानेपानीको पहुँचबाहिर रहेका नागरिकका लागि सोलार पम्पिङ प्रणालीबाट समेत खानेपानीको व्यवस्था गरिन लागेको गाउँपालिका अध्यक्ष चक्र कार्कीले बताए। गाउँपालिकाका विभिन्न ठाउँमा हाल ४ वटा सोलार पम्पिङ प्रणालीबाट खानेपानी आयोजना सम्पन्न भइसकेको उनले बताए। वडा नं. ३ श्रीकोटमा होपरी खानेपानी आयोजना थामु, वडा नं २ मा डाडाइजर खानेपानी आयोजना, वडा नं ५ न्वालीमा भल्वा खानेपानी आयोजना र वडा नं ६ मा लेक खानेपानी आयोजना सम्पन्न भएका हुन्।

सोलार पम्पिङ प्रणालीबाट खानेपानीका लागि गत वर्ष नै १ करोड बढी रकम विनियोजन गरेको थियो। गाउँपालिकाले गत वर्ष नै ४ वटा सोलार पम्पिंग प्रविधिबाट खानेपानी योजना लगाएर ३२ वटा खानेपानी आयोजनासमेत निर्माण सम्पन्न गरेको जनाएको छ।

सोलार पम्पिङ प्रणालीबाट खानेपानीको व्यवस्था भएसँगै त्यस क्षेत्रका नागरिकलाई सजिलो भएको छ। अगामी ४ वर्षमा दोगडा केदारवासीको प्रत्येकका घरमा पानीको धारा पुऱ्याउने उद्देश्यले एक घर एक धारा अभियान चलाएको हो।

## नेपाल जेसिजको क्षेत्र ‘ख’ सम्मेलन कुस्मामा हुने

पर्वत, (नेस)

नेपाल जेसिजको क्षेत्र ‘ख’ सम्मेलन असोजको पहिलो साता पर्वतको कुस्मा बजारमा आयोजना गरिने भएको छ। पर्वत जेसिजको आतिथ्यतामा आगामी असोज ५ र ६ गते कुस्मा बजारमा क्षेत्र ‘ख’ आयोजना गर्न लागिएको हो।

सम्मेलनमा नेपाल जेसिजको क्षेत्र ‘ख’ अर्न्तगतका ३२ शाखाका पदाधिकारीहरू तथा नेपाल जेसिजअर्न्तगत अन्य शाखाहरूका सदस्यहरूको पनि सहभागिता रहने पर्वत जेसिजले पत्रकार सम्मेलन गरी जानकारी दिएको छ। सबै शाखा र नेपाल जेसिजका पदाधिकारीसमेत गरी १ हजारभन्दा बढी सदस्यहरूले भाग लिने विश्वास लिइएको नेपाल जेसिजका पूर्वउपाध्यक्ष तथा सम्मेलन निर्देशक बसन्तकुमार कर्माचार्यले जानकारी दिए। सहभागीहरूलाई पर्वतको कुस्मा, बागलुङ र म्याग्दीमा समेत आवासको व्यवस्थापन गर्न लागिएको उनले जानकारी दिए। मौसमले साथ दिए पर्वतका ग्रामीण होमस्टेहरूमा पनि आवासको व्यवस्थापन गर्न सकिने योजना आयोजकको छ।

नेपाल जेसिजका नियमित सांगठनिक कामहरूबाहेक पर्वत तथा साविकको धौलागिरी अञ्चलका चार जिल्लाहरूको पर्यटकीय महत्त्व बढाउनका लागि सम्मेलन फलदायी हुने विश्वास लिइएको निर्देशक कर्माचार्यले बताए। ‘नियमित सांगठनिक कामका अतिरिक्त यस क्षेत्रको पर्यकटीय महत्व र सम्भावना सबै जेसिज मित्रहरूका बीचमा पुऱ्याउन यो सम्मेलन कोशेढुंगा सावित हुने विश्वास छ’ उनले भने- ‘नेपालको व्यवसायिक र सामाजिक क्षेत्रका अगुवा युवा र अग्रजहरूको भ्रमणले पर्यटनको क्षेत्रमा ठुलो फाइदा पुग्नेछ’ सम्मेलनका अवसरमा पर्यटकीय क्षेत्रको भ्रमण, होटल र यातयातलगायतमा प्याकेजसमेत बनाउने तयारी छ। पर्वतको कुस्माका अग्ला पुल, अलौकिक गुफाहरू, बागलुङ र म्याग्दीका पर्यटकीय क्षेत्रको अवलोकन गराउने कार्यक्रम राखिएको नेपाल जेसिजका पूर्वउपाध्यक्ष तथा सम्मेलनका आर्थिक सहनिर्देशक विषमकुमार श्रेष्ठले जानकारी दिए। मुस्ताङ भ्रमण गर्ने उपयुक्त मौसम भएकाले म्यादीदेखि मुस्ताङ जानका लागि प्याकेज बनाउने तथा बेनीबाट सवारीको साधनको व्यवस्थापन गर्ने तयारी पनि रहेको श्रेष्ठले बताए।

पर्वतमा नेपालभरका जेसिज अगुवा र सदस्यहरू आउने भएकाले पर्वतको संस्कृति, परिकार र उत्पादनहरूको प्रर्बद्धन गर्नसमेत कार्यक्रम बनाइएको छ। स्थानीय उत्पादनहरूको स्टल बनाउने तथा सांस्कृतिक झलकहरू देखाउन स्थानीय सामाजिक संस्थाहरूसँग समन्वय भइरहेको संघसंस्था समन्वय सहनिर्देशक तथा पर्वत जेसिजका पूर्वअध्यक्ष लेखनाथ उपाध्यायले जानकारी दिए।

## आगलागी हुँदा बालिकाको मृत्यु

पाँचथर, (नेस)

पाँचथरको फालेलुङ गाउँपालिका वडा न ५ प्राङबुङको तारे भन्ने टोलमा बुधबार दिउँसो आगलागी हुँदा एक बालिकाको मृत्यु भयो भने एक महिला घाइते भएकी छन्।

मृत्यु हुनेमा २१ महिनाको बालिका सुमिना राई रहेकी छन् भने उनकी आमा ३५ वर्षीया कमला राई घाइते भएकी छन्। आमाबुबा र छोरी मात्र रहेको सो घरमा दिउँसो ३ बजे आग्लागी भएको थियो। घरमा बालिकालाई सुताएर आमाबुबा काममा गएको बेला आगलागी भएको बुबा अविनारायण राईले बताए। आगलागीमा परी घाइते भएकी कमलाको अवस्था गम्भीर भएकाले थप उपचारका वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान पठाइएको जिल्ला अस्पताल पाँचथरका अहेब उमेश शाहले बताए।

घरमा जडान गरेको सोलार सट भएर आगलागी भएको हुन सक्ने सो वडाका वडा अध्यक्ष जीवनकुमार राईले बताए। घरमा आगो लागेको देखेपछि जंगलबाट कुदेर आइपुगेकी कमलाले छोरी बचाउन घरभित्र पस्ने क्रममा आगोले अनुहार, हात र शरीरका अन्य भाग डढेको बुबा अविनारायणले बताए।

## अदालत अघिल्तिर धनीपुर्जासहित प्रदर्शन

विराटनगर, (नेस)

मोरङको रंगेली नगरपालिका १ ववियाविर्ताका करिब डेढ सय परिवार हातमा जग्गा धनीपुर्जा हुँदासमेत घरबारविहीन हुने अवस्थामा पुगेका छन्।

जग्गा धनी धाडेवा परिवार र रंगेलीस्थित मालपोत कार्यालयको हेलचेक्राइँका कारण उनीहरू धनीपुर्जा भए पनि जग्गाविहीन हुने अवस्थामा पुगेका हुन्। २०६० सालयता जग्गा खरिद गरेर बसोबास गर्दै आएका उनीहरू वर्षेनी मालपोत तिर्दै आएका छन् तर जग्गा रोक्का नगरी पास गरिदिएका कारण बिचल्लीको अवस्थामा पुगेका हुन्।

करिब १५ वर्षदेखि स्थानीयलाई जग्गा बिक्री गरी रजिस्ट्रेसन पास गर्दै आएका विराटनगर निवासी धाडेवा परिवारबीच आन्तरिक किचलो र अंश मुद्दाका कारण स्थानीय डेढ सय परिवारको उठिवास हुन लागेको धाडेवा परिवारसँग जमिन किनेर बसोवास गर्दै आएकी चन्द्रकला कार्कीले बताइन्। सयौंको संख्यामा आएका स्थानीयले उच्च अदालत विराटनगरअगाडि धनीपुर्जासहित प्रदर्शन गर्दै न्यायको माग गरेका छन्।

जग्गा गुम्न लागेको ढिलो गरी थाहा पाएका स्थानीयले रंगेली नगरपालिकाको न्यायिक समितिमा साउन २२ उजुरी दिएपछि नगरपालिकाले आगामी भदौ ५ गतेलाई छलफल बोलाएको थियो। नगरपालिकाले पत्र काटेलगतै नगरपालिकाको क्षेत्राधिकारभन्दा बाहिर गएर पत्र काटेकाले खारेज गरी पाऊँ भनी जग्गाधनी चन्द्रशेखर धाडेवाले उच्च अदालत विराटनगरमा निवेदन दिएका थिए। सोही कारण उनीहरूले न्याय पाउनुपर्ने भन्दै अदालत अगाडि प्रदर्शन गरेका हुन्।

## पुल निर्माण अलपत्र

दार्चुला, (नेस)

सम्बन्धित निकायको उदासिनता, ढिलासुस्ती र ठेकेदारको लापरवाहीले जिल्ला सदरमुकाम खलंगालाई जोड्ने महत्त्वपूर्ण ६ वटा मोटर पुलहरूको निर्माण कार्य अलपत्र परेको छ। लामो समयदेखि शुरु भए पनि अलपत्र अवस्थामा रहेका आधा दर्जन पुलको निर्माण कार्य अझै सम्पन्न हुन सकेको छैन।

जिल्ला सदरमुकाम जोड्ने महत्त्वपूर्ण पुलहरू ठेकेदारको लापरवाही तथा सडक डिभिजन कार्यालय बैतडीको उदासीनताले गर्दा अलपत्र परेका हुन्। निर्माण शुरु भएको ३ वर्ष भइसक्दासमेत निर्माण कार्य नहुँदा पुलहरू अलपत्र अवस्थामा रहेका छन्। महाकाली नगरपालिकाको किम्तडी, धाप, काकडी खोला, काकडा पुल, उडै र मालिकार्जुन गाउँपालिकाको भर्तोला गरी ६ वटा मोटरपुल समयमा नबन्दा दार्चुलाबासीलाई निकै समस्या भएको छ।

समयमै पुल नबन्दा याहाँका स्थानीयलाई खोला तर्न निकै समस्या भएको छ। ज्यान धरापमा राखेर उनीहरू वर्षात्को समयमा खोला तर्न बाध्य भएका छन्।

## हराएका महिला बालबालिका खोज्न घरघरमै प्रहरी

पर्वत, (नेस)

महिला र बालबालिका हराएका उजुरी प्रहरीमा आउँछन् तर भेटिएको सूचना प्रहरीले पाउँदैन। हराएका सबै बालबालिका र महिला परिवारको सम्पर्कमा आए पनि प्रहरीको तथ्यांकमा ‘बेपत्ता’ कै सूचीमा रहँदै आएकोमा अब भने हराएकाहरूको बिवरण फस्यौंट गर्ने अभियान पर्वत प्रहरीले थाल्ने भएको छ।

जिल्ला प्रहरी कार्यालय पर्वतले हराउने तर नभेटिएका बालबालिका र महिलालाई खोज्न उनीहरूको घर ठेगानामा नै प्रहरी पठाउन थालेको हो। वर्षेनी हराएका बालबालिका र महिलाको संख्या बढ्ने तर भेटिएको सूचना नपाउने भएकाले हराएका सूची लामो हुने गरेकाले यस्तो अभियान थाल्ने जिल्ला प्रहरी प्रमुख प्रहरी नायब उपरीक्षक भुवनेश्वर तिवारीले जानकारी दिए।

हराएर र नभेटिएका बालबालिका र महिलाका घरमा पुगेर वास्तविकता पत्ता लगाउने र त्यसकै आधारमा फोटो खिच्ने र मुचुल्का तयार पारी तथ्यांक अध्यावधिक गरिने उनको भनाइ छ। ‘हराएका भनिएकामा १०, २० प्रतिशतको मात्रै अवस्था हराएको हुनेगर्छ तर प्रहरीमा खबर नआउँदा सबै हराएको देखिन्छ’ उनले भने- ‘घर ठेगाना र छिमेकमा समेत खोजी गरेपछि यसको वास्तविक तथ्यांक अद्यावधिक हुन्छ’

पर्वतमा गएको वर्ष ८ जना हराएकोमा २ जनाको मात्रै भेटिएका छन्। त्यसमध्ये ५ जना महिला रहेका छन् भने ३ जना बालबालिका छन्। यो समस्या देशभर रहेकाले प्रहरीले समयमा नै अभियान थाल्न सकेमा तथ्यांक घटेर जाने उनको भनाइ छ।

## बालबालिकाहरू आफन्तबाटै असुरक्षित

कृष्णउदास खनाल, वीरगन्ज,

बितेको असार ३१ गते स्थानीय पोखरीमा पर्सा बहुदरमाई नगरपालिका- २ का ६ नाबालक आयोग साहको शव फेला पऱ्यो। उनको शव फेलापरेपछि छिमेकमा मात्रै नभई जिल्लाभर नै संत्राश फैलियो, बालबालिका कसरी जोगाउने भनेर।


नाबालकको हत्या गरिएको अवस्थामा शव फेलापरेपछि प्रहरीको निदहराम भयो। प्रहरीले बालक आयोगको हत्याको विषयमा सूक्ष्म अनुसन्धान गर्न थाल्यो। अनुसन्धानकै क्रममा केही दिनअगाडि बालकका हजुरबुबा ताराचन्द्र साह र ठूलीआमा रीतादेवी साहलाई प्रहरीले पक्राउ गऱ्यो। शंकाका आधारमा पक्राउ परेका यी दुई नै ६ वर्षीय नाबालको हत्यारा साविक भए।

घटनाको अनुसन्धान गर्दै जाँदा मृतकको बाजे ताराचन्द र निजकै ठूलीआमा रितादेवी मिलेर आयोगको हत्या गरेको पुष्टी भएको जिल्ला प्रहरी कार्यालय, पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक सत्य नारायण थापाले जानकारी दिए। असार ३१ गते बिहान ८ बजे खाना खाएर घरबाट निस्किएका आयोग घरदेखि अन्दाजी ३ सय मिटर उतरतर्फ रहेको बाँसको झाङनजिकैको पोखरीमा दिउँसो २ बजेतिर मृत भेटिएका थिए।

प्रहरी स्रोतका अनुसार उनीहरूले पोखरीको उत्तरी किनारमा रहेको खर काँससहितको बाँसको झाङमा लगी आयोगको घाँटी बटारेर हत्या गरेका थिए। त्यसपछि नजिकैको पोखरीमा लास फालेका थिए। पर्सा जिल्ला अदालतको साउन २८ गतेको आदेशले साउन ३० गते दुवै जनालाई पुर्पक्षका लागि कारागार चलान गरिएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ।

पर्सामा ०७४ मंसिर १६ गते शिवजी साहको दाइ सञ्जय साहको १० वर्षीय छोरा सुमित साहको पनि हत्या भएको थियो। घरबाट हराएको ४ दिनपछि सुमितलाई छुरा प्रहार गरी मारेर पोखरीमा फालिएको अवस्थामा शव फेला परेको थियो। उनको हत्यारा प्रहरीले पक्राउ नगरेपछि आफन्ततिरै अनुसन्धान सोझिएको एक अनुसन्धान अधिकृतले बताए।

जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक थापाले सुमित साहको हत्याको घटनालाई पनि जोडेर अनुसन्धान हुने जानकारी दिए। ०७३ असोज २० गते मृत भेटिएका बहुदरमाई वडा नं. ८ रामनगरी बस्ने विनोद पटेलको छोरा वर्ष ९ को राजन पटेलका पनि अनुसन्धान भइरहेको पर्सा प्रहरीले जनाएको छ। पर्सा नभई मधेस र मुलुकभरकै घटनाक्रम नियाल्दा प्रायः आफन्त वा परिचितबाटै यस्तो अपराधिक घटना हुने गरेको पाइएको छ।



# विश्व

**मुद्दा**
क्वालालम्पुर विमानस्थलमा उत्तर कोरियाका नेता किमका दाजुलाई नर्भ एजेन्ट आक्रमण गरेको आरोपमा यी दुई महिलालाई मुद्दा चलाइएको छ।



**बाढी**
भारतको केरला राज्यमा आएको बाढीका कारण ७३ जनाको ज्यान गएको छ।



2018, AUG Friday 17

विश्व २ मिनेट

## बेलायत

### बुद्धको मूर्ति फिर्ता

लन्डन, (एजेन्सी)

भारतको स्वतन्त्रता दिवस समारोहमा लन्डन मेट्रोपोलिटन प्रहरीको तर्फबाट एक महत्त्वपूर्ण उपहार दिए। विहारको नालन्दाको एक संग्रहालयबाट करिब ६० वर्षअगाडि चोरी भएको बुद्धको १२ शताब्दीको एक काँस मूर्ति लन्डन प्रहरीले भारतलाई फिर्ता गरेको हो। चाँदी लेपन गरिरहेको उक्त काँसको मूर्ति सन् १९६१ मा नालन्दास्थित भारतीय पुरातत्व सर्वेक्षण संस्थानको एक संग्रहालयबाट चोरी भएका १४ मूर्तिमध्येको एक हो। मेट्रोपोलिटन प्रहरीअनुसार डिलर तथा मालिकलाई उक्त मूर्ति भारतबाट चोरी भएको बताएपछि उनीहरुले कला तथा पुरातत्व इकाईलाई सहयोग गरेका थिए र त्यसलाई भारत फिर्ता गर्न सहमत भएका थिए।

## भारत

### बाढीमा ७३ मारिए

नयाँ दिल्ली, (एजेन्सी)

दक्षिणी भारतीय राज्य केरलामा भीषण मनसुन वर्षाका कारण आएको बाढीमा कम्तीमा ७३ जना मानिसको ज्यान गइसकेको तथा ८५ हजारभन्दा बढी व्यक्ति विस्थापित भइसकेका सरकारी अधिकारीले बिहीबार बताएका छन्। राज्य सरकारले विमानस्थल पनि बन्द गरिएको तथा अधिकांश व्यक्तिको पहिरोमा पुरिएर मृत्यु भएको जनाएको छ। धावनमार्ग जलमग्न भएका कारण कोचिन अन्तर्राष्ट्रिय विमानस्थल १८ अगस्टसम्मका लागि बन्द गरिएको छ। भारतको मौसम तथा जलवायु विभागले राज्यमा रेड अलर्ट जारी गरेको छ।

## मलेसिया

### मुद्दा चल्ने

क्वालालम्पुर, (एजेन्सी)

उत्तर कोरियका सर्वोच्च नेता किम जोङ उनका सौतेनी दाजु किम जोङको हत्याका लागि आफूहरुलाई झुक्याएर प्रयोग गरिएको बताउने २ जना महिलाविरुद्ध मुद्दा चल्ने भएको छ। सिती आइस्याह र दोन थी थुओंग नामक ती २ लाई गतवर्ष मलेसियाको क्वालालम्पुर विमानस्थलमा जोङ नामको अनुहार प्राणघात नर्भ एजेन्ट भिएक्स दलेको अभियोग लगाइएको थियो। तर तिनीहरुले आफूहरुलाई टेलिभिजन प्रान्क भन्दै त्यस घटनामा प्रयोग गरिएको अडान लिँदै आफूहरु हत्याको भागिदार नभएको बताएका थिए। यदि दोषी ठहरिएमा तिनीहरुलाई मृत्युदण्ड हुनसक्छ।

## स्विजरल्यान्ड

### अमेरिका सशंकित

जेनेभा, (एजेन्सी)

एक रहस्यमयी रुसी भू-उपग्रहले देखाइरहेको अन्यन्त असाधारण व्यवहारले अमेरिकाको होस उडाइरहेको अमेरिकी विदेश मन्त्रालयका एक अधिकारीले बताए। स्विजरल्यान्डको एक सम्मेलनमा सहायक यलिम पोब्लेटले भनिन्- 'हामीलाई यो के हो भन्ने थाहा छैन, यसलाई थाहा पाउने कुनै उपाय पनि छैन।' उक्त वस्तु कुनै हतियार नै हुन सक्ने भन्न पनि असम्भवजस्तै भएको उनले बताइन्। रुसले आशंकाका आधारमा गरिएको उक्त टिप्पणीलाई खारेज गरिसकेको छ। रुसले गत अक्टोबरमा प्रक्षेपण गरेको उक्त उपग्रह कक्षमा अस्थिर हुने गरेको र यसअघिका अवलोकनमा कुनै पनि वस्तुमा त्यस्तो नदेखिएको उनले बताइन्।

# कवि तथा पूर्वभारतीय प्रधानमन्त्री बाजपेयीको एम्समा निधन

नयाँ दिल्ली, (एजेन्सी)

भारतका पूर्वप्रधानमन्त्री अटल विहारी बाजपेयीको ९३ वर्षको उमेरमा बिहीबार एम्समा उपचारका क्रममा निधन भएको छ। एम्स अस्पतालले बिहीबार साँझ जारी गरेको विज्ञप्तिमा भनिएको छ- 'पूर्वप्रधानमन्त्री अटल विहारी बाजपेयीले २०१८ अगस्ट १६ को साँझ स्थानीय समय ५ बजेर ५ मिनेट जाँदा अन्तिम स्वास लिए। विगत ३६



घन्टामा उनको स्वास्थ्यस्थिति खराब भएको थियो। बाजपेयीलाई पिसाबमा संक्रमण र किड्नीसम्बन्धी समस्या देखिएपछि जुन ११ मा एम्समा भर्ना गरिएको थियो। मधुमेह रोगी बाजपेयीको एउटै मात्र किड्नीले काम गरिरहेको थियो।


बाजपेयीको स्वास्थ्यमा बुधबारबाट तीव्ररूपमा गिरावट आएको थियो। यसअघि एम्सले मेडिकल बुलेटिन जारी गरी पूर्वप्रधानमन्त्रीको स्वास्थ्यस्थिति अत्यन्त खराब भएको जानकारी दिएको थियो। त्यसपछि बिहीबार बिहान दोस्रोपटक विज्ञप्तिमा उनको स्वास्थ्यमा कुनै सधार नभएको उल्लेख गरेको थियो। त्यसपछि बाजपेयीलाई हेर्न एम्समा नेताहरुको भीड लागेको थियो।

बुधबार साँझ प्रधानमन्त्री नरेन्द्र मोदी उनको स्वास्थ्यस्थिति बुझ्न एम्स पुगेका थिए। त्यसपछि उनी बिहीबार अपरान्हतिर पुनः एम्स पुगेका थिए। भाजपा अध्यक्ष अमित शाह पनि दुईपटक एम्स पुगे। त्यसै गरी भाजपाका वरिष्ठ नेता लालकृष्ण आडवाणी, गृहमन्त्री राजनाथ सिंह सहित कैयौं केन्द्रीय मन्त्री एम्स पुगेका थिए। कांग्रेस अध्यक्ष राहुल गान्धीसहित कैयौ विपक्षी दलका नेता पूर्वप्रधानमन्त्रीको स्वास्थ्यका बारेमा जानकारी लिन बिहीबार एम्स पुगेका थिए। यसअघि बाजपेयीका नातेदारलाई पनि एम्समा बोलाइएको थियो।

### तीनपटक बने प्रधानमन्त्री

भाजपाका संस्थापकमध्येका एक बाजपेयी सन् १९९६ देखि १९९९ को बीचमा ३ पटक प्रधानमन्त्री चुनिएका थिए। उनी पहिलोपटक सन् १९९६ मा प्रधानमन्त्री बने र उनको सरकार मात्र १३ दिनमात्र रह्यो। सन् १९९८ मा उनी दोस्रोपटक प्रधानमन्त्री बने त्यतिबेला उनको सरकार १३ महिनासम्म चलेको थियो। सन् १९९९ मा बाजपेयी तेस्रोपटक प्रधानमन्त्री बने र ५ वर्षको कार्यकाल पूरा गरेका थिए। ५ वर्षको कार्यकाल पूरा गर्ने उनी पहिलो गैरकांग्रेसी प्रधानमन्त्री थिए।

बाजपेयी १० पटक लोकसभाका लागि र २ पटक राज्यसभाका लागि चुनिए। उनको जन्मदिन डिसेम्बर २५ लाई भारतमा 'गुड गभर्नेन्स डे' का रूपमा मनाइने गरिन्छ। अटल बिहारी बाजपेयीको लोकप्रियता यति धेरै थियो कि उनको पार्टीले मात्र होइन, विपक्षी



नेता पनि उनको कुरा उत्सुकतापूर्वक सुन्ने गर्थे र उनलाई सम्मान गर्थे।

कुनै बेला आफ्नो कविता र भाषणबाट मान्छेलाई मन्त्रमुग्ध पार्ने बाजपेयीले स्वास्थ्य खराब भएका कारण सार्वजनिक जीवनबाट टाढिएका थिए। सन् २००५ मा उनले सक्रिय राजनीतिबाट पनि संन्यास लिएका थिए। त्यस बेलादेखि उनी आफ्नो घरमै थिए। बाजपेयीलाई धेरै वर्षदेखि बोल्न र लेख्न पनि समस्या थियो। उनले कसैलाई चिन्न पनि सक्दैनथे।

सन् २०१५ मा तत्कालीन राष्ट्रपति प्रणब मुखर्जी र प्रधानमन्त्री नरेन्द्र मोदी उनको आवासमा गएर उनलाई देशको सर्वोच्च नागरिक सम्मान 'भारत रत्न' बाट सम्मानित गरेका थिए। त्यतिबेलाको तस्विर नै सार्वजनिक भएको उनको अन्तिम तस्विर थियो।

# ट्रम्पविरुद्ध अमेरिकी अखबारमा सम्पादकीय

न्युयोर्क, (एजेन्सी)

अमेरिकी अखबारहरुले आफ्ना समाचारलाई फर्जी र पत्रकारहरुलाई जनताको शत्रु भनेकोमा राष्ट्रपति डोनाल्ड ट्रम्पको उक्त आरोपविरुद्ध बिहीबार सम्पादकीय लेख्ने निर्णय लिएका छन्।

बोस्ट ग्लोबले देशका अखबारलाई प्रेसको पक्षमा उभिन र बिहीबार यस सम्बन्धमा सम्पादकीय प्रकाशित गर्न भनेका थिए। त्यसको लगत्तै न्युयोर्क टाइम्स र केही साना अखबार पनि अगाडि आएका छन्।

यीमध्ये कयौं सम्पादकीय बुधबार नै अनलाइनमा देखिन थालेका थिए। ग्लोबका सम्पादक मार्जोरी प्रिचर्डका अनुसार करिब ३ सय ५० समाचार संगठन यस अभियानमा सहभागी हुने बताइएको छ। सेन्ट लुइसमा पोस्ट डिस्पाचले संवाददाताहरुलाई 'सच्चा देशभक्त' बन्नका लागि आह्वान गरेको छ। 'द सिकागो सन टाइम्स' ले ट्रम्पले अनर्गल कुरा गरिरहेको अधिकांश अमेरिकीलाई थाहा भएको बताए।

एनसी अब्जर्भरका फ्यट्टेविलले ट्रम्प रोकिन्छन् भन्ने अपेक्षा छ तर आफूहरुले धेरै अपेक्षा गरेर नबसेको बताए। नर्थ क्यारोलिनाको अखबारले भनेको छ- 'यसको सट्टा हामीले अपेक्षा गर्छौं, सबै राष्ट्रपति समर्थकले महसुस गरुन् कि उनीहरुले के गरिरहेका छन्। उनीहरु जे चाहिरहेको हो, यसका लागि वास्तविकतासँग खेलवाड भइरहेको छ।

केही अखबारले आफ्नो कुरा राख्न इतिहासबाट प्राप्त शिक्षाको प्रयोग गरेका छन्। यस्ता अखबारमा एलिजावेथ टाउन पेनबाट प्रकाशित हुने एलिजावेथ एड्भोकेट परेको छ। न्ययोर्क टाइम्सले पनि यस मामिलामा टिप्पणी गरेको छ।



# विद्यार्थीले बनाए विशेष सुरक्षा ज्याकेट

मेक्सिकोसिटी, (एजेन्सी)

मेक्सिकोका चार विद्यार्थीले आक्रमणबाट जोगाउने विशेष प्रकारको ज्याकेट विकास गरेको छ। त्यो ज्याकेटको बाहुलाले आक्रमणकारीलाई बिजुलीका झट्का दिन सक्ने बताइएको छ।


ती विद्यार्थीले शहरमा थुप्रै यौन आक्रमणका घटना बढ्न थालेपछि यस्तो ज्याकेट बनाउने विचार पलाएको बताएका छन्। तिनीहरुले सो ज्याकेटबाट निस्कने बिजुलीको झट्का त्यति शक्तिशाली नभए पनि आक्रमणकारीलाई भगाउन काफी भएको बताएका छन्।

'ओमन वेरावल' नाम दिइएको उक्त नमुना ज्याकेट मेकाट्रोनिक्स इन्जिनियरिङका विद्यार्थी अनेद पार्रा क्विरोज र एस्थेला गोमेज तथा रावोटिक्स विद्यार्थी गिवान पार्क र कानुनशास्त्रका विद्यार्थी ग्वादालुपे माट्रिनेजले मिलेर बनाएका हुन्।

तिनीहरु सबै मोन्टेर्री इन्स्टिच्युट अफ टेक्नोलोजी एन्ड हायर एज्युकेसनको प्युवेला कलेजका विद्यार्थी हुन्। तिनीहरुले आफ्ना अधिकांश महिला साथीहरुले जीवनमा कम्तीमा एकपटक भए पनि आफूहरुले यौन आक्रमण भोग्नुपरेको बताएको जानकारी दिएका छन्।

प्युवेला राज्यमा झन्डै दिनहुँ जस्तो महिलामाथि कम्तीमा तीन वटा यौन आक्रमणका घटना हुने गरेको सरकारी तथ्यांकमा उल्लेख गरिएको छ। तिनीहरुले कटनको ट्र्याकसुट ज्याकेट किनेर त्यसमा ९ भोल्टको ब्याट्री, एउटा ट्रान्सफर्मर र तारहरु जडान गरेर त्यसमा अन र अफ गर्न लिड लाइट प्रयोग गरेका छन्। रोवोटिक्स विद्यार्थी गिवान पार्कले सक्युटको डिजाइन गरेका हुन्।

उनले बटन अन गरिएपछि सो ज्याकेटको बाहुलामा इलेक्ट्रोड प्रसार हुने र त्यस्तो अवस्थामा आक्रमणकारीले छुनासाथ उनलाई बिजुलीको झट्का लाग्ने बताएका छन्। तिनीहरु यस्तै प्रकारका ब्लाउज, स्कर्ट र ट्राउजर पनि बनाउने योजनामा रहेका छन्। तिनीहरुले अहिले यस ज्याकेटको मूल्य ५० अमेरिकी डलर तोकेका छन्।



# पुरुषसँग हात नमिलाउने युवतीलाई क्षतिपूर्ति



स्टकहोम, (एजेन्सी)

हात नमिलाएकै कारण आफ्नो रोजगारका लागि लिइएको अन्तर्वार्ताबाट विमुख हुन पुगेकी एक स्विडेनी महिलाले अन्ततः क्षतिपूर्ति पाउने भएकी छिन्। दोभाषे पदका लागि आवेदन दिएकी ती २४ वर्षीया युवती फराह अल्हाजेहले धर्मको कारण देखाउँदै आफूलाई अन्तर्वार्ता लिने पुरुषसँग हात मिलाउन अस्वीकार गरेकी थिइन्।

उनले हात मिलाउनुको सट्टा आफ्नो एउटा हात मुटुनिर राखेर अभिवादन गरेकी थिइन्। स्विडेनी श्रम अदालतले उनीमाथि भेद्भावपूर्ण व्यवहार गरिएको भन्दै सम्बन्धित कम्पनीलाई क्षतिपूर्ति स्वरूप ४ हजार ३ सय ५० अमेरिकी डलर तिर्न आदेश दिएको छ।

केही मुस्लिम आफ्नै परिवारका सदस्यबाहेक विपरीतलिंगीसँग हात मिलाउन रुचाउँदैनन्। तर, केही युरोपेली मुलुकहरुमा हात मिलाउनु परम्परागत संस्कार नै हो।

तर, भेदभावपूर्ण व्यवहारविरोधी कानुनले निजी कम्पनी र सरकारी निकायहरुलाई मानिसलाई लैंगिक विभेद गर्नबाट रोक लगाएको छ। उक्त अदालतले धार्मिक स्वतन्त्रताको उपभोग गर्दै पीडित फराहसँग परपुरुषसँग हात नमिलाउने अधिकार रहेको जनाएको छ।

# शिक्षण संस्थामा विस्फोट ४८ को मृत्यु

काबुल, (एजेन्सी)

अफगानिस्तानको राजधानी काबुलस्थित एउटा शैक्षिक केन्द्र बिहीबार भएको शक्तिशाली बम विस्फोटनमा ४८ जना मानिसको ज्यान जानुका साथै अन्य ६७ जना घाइते भएको सरकारी अधिकारीहरुले बताएका छन्।

प्रहरीले पढाइ भइरहेको सो केन्द्रमा हिँडेरै प्रवेश गरेका एक व्यक्तिले आत्मघाती विस्फोट गराएको जानकारी दिएको छ। मारिनेमा विश्वविद्यालयको प्रवेश परीक्षाका लागि त्यहाँ विशेष कक्षा लिँदै गरेका किशोरकिशोरी परेको बताइएको छ।

त्यसै गरी उत्तरी प्रान्त बाघलानमा भएको अर्को आक्रमणमा कम्तीमा ९ जना प्रहरी र ३५ जना सैनिक मारिएको पनि अधिकारीहरुले बताएका छन्। काबुलको सिया मुस्लिम बाहुल्य स्थानमा भएको यस आक्रमणमा तालिवान लडाकू समूहले आफ्नो कुनै हात नभएको स्पष्ट पारिसकेको छ।

इस्लामिक स्टेट (एसआई) समूहको सुन्नी अतिवादी मुस्लिमहरुले अफगानिस्तानका सिया समुदायमाथि बारम्बार आक्रमण गर्दै आएका छन्। हालै तालिवानले अफगानिस्तानमा रेडक्रसका कर्मचारीहरुलाई अबदेखि सुरक्षित स्थान दिन नसकिने बताएको छ। केही समययता पूर्वी शहर घाज्नीलगायत अफगानिस्तानका विभिन्न स्थानमा तालिवान आक्रमण तीव्र गतिमा बढ्दै गइरहेको छ।

गत वर्षको इदको बेला तालिवान लडाकू र सरकारी सुरक्षा फौजले तीनदिने युद्ध विराम घोषणा गरेका थिए। तालिवान समस्याको स्थायी समाधानका लागि अमेरिका र संयुक्त राष्ट्रसंघले पहल गर्दै आएका छन्।



अहिले सम्पति कर नामाकरण गरिएको छ। कृषियोग्य जमिनको २०७४/०७५ मा प्रतिरोपनी एक सय रुपियाँ लिइन्थ्यो। अहिले पनि सोही कायम भएको छ। नाम मात्रै सम्पति कर हुने भयो।'



चाडपर्वको शुरूआतको संकेत मानिने नाग पञ्चमी हिन्दू धर्मावलम्बीहरूले धुमधामका साथ मनाउने गदर्छ। बिहीबार नक्सालमा गरिएको नाग पूजा। तस्वीर : मोनिका मल्ल/काठमाडौं

# पद्मरत्न तुलाधरको भीमरथारोहण गरिने

**नेपाल समाचारपत्र**

काठमाडौं

नेपालको आदिवासी जनजाति, मानव अधिकार, जाति, भाषा समानता एवं नागरिक आन्दोलनका अगुवा तथा शान्ति प्रक्रियाका सूत्रधार पद्मरत्न तुलाधरको ज्या:जंक्व (भीमरथारोहण) विविध कार्यक्रमका साथ मनाइने भएको छ।

नेवार समाजमा कुनै व्यक्तिको ७७ वर्ष ७ महिना ७ दिनका अवसरमा गरिने महत्त्वपूर्ण धार्मिक सांस्कृतिक संस्कार ज्या:जंक्व भएको बताइएको छ। आउँदो भदौ १७ गते तुलाधरको धार्मिक विधिअनुसार ज्या:जंक्व गरिने बिहीबार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइयो।

सोही अवसरमा उहाँले योगदान गर्नुभएका विभिन्न क्षेत्रसँग सम्बन्धित, संघसंस्थाको सक्रियता एवं आयोजनामा विविध कार्यक्रम सञ्चालन गरिने भएको छ। यी सबै कार्यक्रमको संयोजन समाजसेवी लक्ष्मीदास मानन्धरले गर्नुभएको छ। मानन्धरको अध्यक्षतामा 'पद्मरत्न तुलाधर नागरिक अभिनन्दन समारोह समिति' गठन गरिएको छ। उक्त समितिको मूल अंगका रूपमा संरक्षक समिति पनि गठन गरिएको छ। उक्त संरक्षक समितिमा जनकवि दुर्गालाल श्रेष्ठ, जनगायक भृगुराम श्रेष्ठ, नेवा: आन्दोलनका अगुवाहरू मल्ल के. सुन्दर, नरेशवीर शाक्य र कलाकार गणेश सायमी सदस्यका रूपमा रहनुभएको छ।




# कीर्तिपुर नगरपालिकाले सम्पत्ति कर नबढाउने

काठमाडौं, (नेस)

कीर्तिपुर नगरपालिकाले सम्पत्ति कर नबढाउने भएको छ। नगरपालिकाले स्थानीय नागरिकको मागलाई मध्यनजर गर्दै २०५६ सालदेखि लागू हुँदै आएको घरजग्गा करलाई निरन्तरता दिएको हो। जसले गर्दा नगरवासीहरूलाई राहत भएको छ।

कीर्तिपुर नगरपालिकाका उपमेयर सरस्वती खड्काले नेपाल समाचारपत्रसंग भन्नुभयो- 'विगतमा घरजग्गा कर र मालपोत कर थियो। अहिले सम्पत्ति कर नामाकरण गरिएको छ। कृषियोग्य जमिनको २०७४/०७५ मा प्रतिरोपनी एक सय रूपियाँ लिइन्थ्यो। अहिले पनि सोही कायम भएको छ। नाम मात्रै सम्पत्ति कर हुने भयो।'

सरकारले गरेको कर वृद्धिप्रति आपत्ति जनाउँदै कीर्तिपुर नगरपालिकाका उपमेयर खड्काले भन्नुभयो- 'सरकारले जनताको ढाड सेक्नु राम्रो होइन। जनताको चाहनाअनुसार जनतालाई मर्का नहुने गरी कर निर्धारण गरेका छौं।' उपमेयर खड्काका अनुसार बिगतमा जस्तै कृषियोग्य जमिनको प्रतिरोपनी एक सय रूपियाँ कर लिइने व्यवस्था गरिएको छ।

यस्तै निम्न र मध्यम वर्गीय परिवारका लागि कीर्तिपुर नगरपालिकाले सम्पत्ति कर घटाएको छ। बिगतमा पाँच लाख रूपियाँ सम्पत्ति मूल्याङ्कन हुनेले पाँच सय १० रूपियाँ तिर्नुपर्नेमा हाल मूल्याङ्कनका आधारमा ५ लाख रूपियाँ निर्धारण भए १ सय रूपियाँसम्म तिर्नुपर्ने भएको सो नगरपालिकाले जनाएको छ।

# भ्रष्टाचार आरोपमा मन्त्रालय तानिएका भट्ट परिषद्मै फिर्ता

काठमाडौं, (नेस)

समाज कल्याण परिषद्का सदस्य सचिव डिल्लीराज भट्टमाथि भ्रष्टाचारको आरोप लागेको छ। परिषद्लाई भ्रष्टाचारको अखडा बनाएको भन्दै मुगुका प्रमोद शाहीले उहाँविरुद्ध प्रधानमन्त्री कार्यालयसमक्ष २० बुँदे उजुरी दर्ता गराउनुभएको हो।

आरोपपत्रमा सदस्य-सचिव भट्टले पदीय दुरूपयोग गरेको, स्वदेशी तथा विदेशी गैरसकारी संस्थासँग पैसा लिएको, पदीय जिम्मेवारी वहन नगरेको, भृकुटीमण्डपको जग्गा र त्यहाँका संरचना मोटो रकमको चलखेलमा भाडामा लगाउन खोजेको उल्लेख छ।

तर भट्टलाई महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयमा हाजिर गराउने निर्णयमाथि सर्वोच्चले गत मंगलबार रोक लगाएको छ।

सर्वोच्चका न्यायाधीश केदारप्रसाद चालीसेको एकल इजलासले भट्टलाई मन्त्रालय हाजिर गराउने निर्णयमा कानुनी प्रकृयागत त्रुटी भएको भन्दै निर्णय कार्यान्वयन नगर्न अन्तरिम आदेश दिएको हो।

छानबिन गर्नुपर्ने भन्दै भट्टलाई महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय तानिएको थियो।

# सम्पदाबारे ओमानको चासो

काठमाडौं, (नेस)



खाडी मुलुक ओमानले नेपालको सँस्कृति, धार्मिक सम्पदासहित जनजनको अझ सम्बन्ध निकट बनाउन चासो लिएको छ। सो मुलुकका राजा सायद फतिक विन फहर एल सेदले यस्तो विषयमा चासो लिनुभएको हो।

ओमानका लागि नेपाली राजदूत शर्मिला पराजुली ढकालले ओमानका राजा सेदसँग शिष्टाचार भेटवार्ता गर्दा त्यहाँको संस्कृति तथा सम्पदा मन्त्रालयका महासचिवसमेत रहनुभएका सेदले नेपालसँगको सम्बन्ध निकट बनाउने बताउनुभएको हो। सो भेटवार्ताका क्रममा दुवै मुलुकबीचको सम्बन्ध अझ फराकिलो बनाउन सकिने अन्य संभावना बारे पनि छलफल भएको मस्टकस्थित नेपाली दूतावासले जनाएको छ।

## समाचार संक्षेप

### अमेरिकन रेडक्रसद्वारा सहयोग

काठमाडौं, (नेस)

अमेरिकन रेडक्रसले सेतो र खैरा रङ भएका १ सय ५० वटा मेनीकिन नेपाल रेडक्रस सोसाइटीलाई हस्तान्तरण गरेको छ। विपद् तथा दुर्घटनाका बिरामीको अवस्थामा परिचालन हुने उद्धारकर्ता तथा प्राथमिक उपचारकलाई तालिम दिन उपयोगी हुने यी मेनीकिनहरू कृत्रिम श्वासप्रस्वास अभ्यासमा प्रयोग गरिन्छन्।

अमेरिकन रेडक्रस सोसाइटीका प्रतिनिधि लीला मुलुकुटलाले नेपाल रेडक्रस सोसाइटीका महामन्त्री देवरत्न धाख्वालाई एक समारोहकाबीच उक्त सामग्री केन्द्रीय कार्यालयमा हस्तान्तरण गर्नुभएको हो। ती मेनीकिनहरूको कूल लागत १२ लाख ३० हजार नेपाली रुपियाँ रहेको नेपाल रेडक्रसका सञ्चार प्रमुख दिव्यराज पौडेलले जानकारी दिनुभयो।

नेपाल रेडक्रस सोसाइटीको प्राथमिक उपचार विभाग, विपद् व्यवस्थापन विभाग, स्वास्थ्य विभाग, विभिन्न गोदामघरहरू, उत्थान परियोजना तथा तयारी परियोजनामार्फत् सञ्चालन हुने तालिम ती मेनीकिनहरू प्रयोगमा आउनेछन्।

### चौधरीलाई फाइल बुझाउन सर्वोच्चको आदेश

पाल्पा, (नेस)

काठमाडौं, (नेस)

सर्वोच्च अदालतले कर्तव्य ज्यान मुद्दामा थुनामा रहेका निर्वाचित सांसद रेशम चौधरीको मुद्दामा फाइल मगाउने आदेश दिएको छ। सर्वोच्चका न्यायाधीशद्वय अनिलकुमार सिन्हा र प्रकाशमानसिंह राउतको संयुक्त इजलाशले बिहीबार जिल्ला अदालत कैलालीबाट चौधरीसँग सम्बन्धित फाइल मगाउन आदेश दिएको हो। सो घटनामा चौधरीले आफू निर्दोष रहेको दाबी गर्दै दायर गरेको मुद्दाको सुनुवाइ गर्दै सर्वोच्चले फाइल मगाउने आदेश दिएको हो। चौधरीले जिल्ला अदालत कैलालीसामू आत्मसमर्पण गरेका थिए।

### पार्टी प्रवेश गरेका छैनौं

काठमाडौं, (नेस)

सूर्य चिन्ह लिएर प्रतिनिधिसभाको निर्वाचन जितेका सांसदहरू हृदयेश त्रिपाठी र वृजेशकुमार गुप्ताले आफूहरू नेपाल कम्युनिस्ट पार्टी (नेकपा) मा प्रवेश नगरेको बताएका छन्।

तत्कालीन एमाले कार्यालय धुम्बाराहीमा बिहीबार आयोजित एक कार्यक्रममा सांसदहरू त्रिपाठी र गुप्ता पार्टी प्रवेश गरेको भन्ने समाचार आएपछि उनीहरूले यस्तो प्रतिक्रिया दिएका हुन्। त्रिपाठीले नवलपरासी (पश्चिम-१) बाट र गुप्ताले कपिलवस्तु-२ बाट निर्वाचन जितेका थिए।

'म कुनै पनि पार्टीमा गएको छैन, खोई कसरी हल्ला आयो छक्क परेको छु, कसले लेख्यो थाहा छैन' त्रिपाठीले नेपाल समाचारपत्रसँग भन्नुभयो- 'म आज जहाँ छु त्यहीं छु, हल्लाको पछि नलाग्नुहोला।' गुप्ताले भोलिको दिनमा पार्टी प्रवेश गर्न सक्ने सम्भावना रहे पनि अहिले नै पार्टी प्रवेश भने नगरेको बताउनुभयो। 'जान सकिएला, छलफल भइरहेको छ सबै कुरा मिलेको छैन' गुप्ताले भन्नुभयो। उहाँहरू दुवैजना निर्वाचनअघि राष्ट्रिय जनता पार्टी (राजपा) को प्रमुख भूमिकामा हुनुहुन्थ्यो।

# चीनलाई आज मात्रै गैंडा हस्तान्तरण गरिँदै

**नेपाल समाचारपत्र**

काठमाडौं

नेपालले चीनलाई दिन अन्तिम तयारी गरेको थप अर्को जोडी गैंडा बिहीबार चीन पठाइएन। गैंडा लिन आउने चिनियाँ विशेष विमान मौसमी प्रतिकूलता कारण नआएपछि बिहीबारको कार्यक्रम रद्द भएको हो।

चीन तर्फको मौसमी प्रतिकूलता कारण विमान नआएको र आज शुक्रबार साँझ नेपालका लागि चिनियाँ राजदूत यू होङमार्फत् चीनलाई हस्तान्तरण गरिने वन तथा वातावरण मन्त्रालयले जनाएको छ। नेपालले उपहारस्वरूप प्रदान गर्ने सोल्टी र मितिनी नामका गैंडा मंगलबार चितवनबाट ललितपुर ल्याइएको छ।

वन तथा वातावरणमन्त्री शक्ति बस्नेतले राजदूत यूलाई साईटिस निर्यातपत्र, प्रजाति उत्पति र गैंडाको स्वास्थ्य परीक्षणलगायतका प्रमाणपत्र हस्तान्तरण गरेपछि विशेष विमानमार्फत् सोल्टी र मितिनी चीन पुग्नेछन्। ती गैंडा चीनले आफ्नु मुलुकको 'सांघाई जुलोजिकल पार्क' मा राख्ने तयारी गरेको छ। गैंडा रेखदेख र अन्य आनीबानी चिनियाँ अधिकारीलाई सिकाउन राष्ट्रिय प्रकृति संरक्षण कोषका पशु चिकित्सक र केही पशु प्राविधिक चीन पुगिसकेका छन्।

नेपालले यसअघि गत असार २८ गते भद्र र रूपसी नामका एक जोडी गैंडा चीनलाई हस्तान्तरण गरिसकेको छ। दुवै जोडी गैंडा एकदेखि दुई वर्षसम्मका छन्।

## भारतीय...

भारतभर सम्मानित नेताको उपमा पाउनुभएका उहाँ दोस्रोपटक सन् १९९८ देखि १९९९ सम्म प्रधानमन्त्री हुनुभएको थियो। उहाँले राजनीतिमा ठुलो उतारचढाव भोग्नुभएको थियो।

उहाँ फेरि १९९९ मा भएको चुनावमा राष्ट्रिय जनतान्त्रिक गठबन्धनको साझा घोषणापत्रमा चुनाव लडेपछि बहुमत प्राप्त सरकारको नेतृत्व गर्दै सन २००४ सम्म प्रधानमन्त्री बन्नुभएको थियो। भारतीय साहित्यमा बाजपेयीको नाम आउने गरेको नाम पनि हो।

## सबै...

'दुर्गम क्षेत्रमा सडक पुग्न सकेको छैन, एउटा संस्थाले काम गर्छ अर्काले भत्काउँछ विजोग भएको छ' रोकाले भन्नुभयो- '१० हजार रुपियाँ कसैले दियो भने बाटो उतै जान्छ अन्य केही कुरा हेरिँदैन, यो घातक बनेको छ।'

सांसद गणेशकुमार पहाडीले के गर्ने भन्ने मन्त्रालयसँग योजना नै नभएकाले सरकारलाई प्रष्ट हुन आग्रह गर्नुभयो। '५ वर्षभित्र सम्पन्न गरिसक्ने भनिएका राष्ट्रिय गौरवका आयोजनाहरू १५ वर्ष बितिसक्दा पनि अलपत्र छन्, यसको जवाफ कसले दिने ?' पहाडीले थप्नुभयो- 'अन्तर मन्त्रालय समन्वय गरेको पनि पाइएन, एकले अर्कालाई देखाएर अनेकौं योजना अलपत्र पारिएका छन्, संघ, प्रदेश र स्थानीय तहको अधिकारबारे प्रष्ट व्यवस्था गरियोस्।'

सांसद दुर्गा पौडेलले सस्तोमा टेन्डर स्वीकृत गर्ने परम्परा नै गलत भएको बताउनुभयो। 'हामी सस्तो जसले गर्छ उसैलाई टेन्डर दिन्छौं अनि राम्रो र गुणस्तरीय काम होस् भनेर आशा गर्छौं' पौडेलको तर्क थियो। 'सडक, पुल र अन्य बस्तुको कहिलेसम्म टिक्छ भन्ने पनि टुंगो भएकै होला, यसबीचमा बिग्रियो भत्कियो भने क्षतिपूर्ति तिराउनुपर्छ' -उहाँले भन्नुभयो।

सांसद रामबहादुर विष्टले कुन सडक कुन निकायले कुन स्तरको मापदण्डमा बनाउने भन्ने प्रष्ट नभइकन अन्य समस्याको हल हुन नसक्ने बताउनुभयो।

सांसद रंगमती शाहीले सबै हुम्लाबासीले अझै पनि गाडी चढ्न नपाएको भन्दै त्यहाँ गाडी पुर्‍याउन सरकारसँग आग्रह गर्नुभयो।

बझाङबाट समानुपातिक सांसद् बन्नुभएकी विकले बाटो निर्माण गर्ने क्रममा जथाभावी डोजर चलाएकाले बस्तीमा समेत असर परेको बताउनुभयो।

उक्त बैठकमा १७ जना सांसद्ले अहिले भइरहेका समस्या, त्यसको निकास र आगामी दिनमा आइपर्ने खतरालाई समाधान गर्ने विषयमा सरकारको ध्यानाकर्षण गराएका थिए। बैठकमा मन्त्री महासेठ, मन्त्रालयका सचिव, सडक विभागका महानिर्देशकलगायत अन्य जिम्मेवार पदाधिकारीको उपस्थिति रहेको थियो।

मन्त्री महासेठले उठाइएका प्रश्नको जवाफ दिए तत्काल भन्न नसकिने केही प्रश्नको जवाफ अर्को बैठकमा दिने भन्नुभएको प्रतिनिधिसभाको विकास तथा प्रविधि समितिका सभापति जिपछिरिङ लामाले जानकारी दिनुभयो।


## वेलका नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

रामपुर, उदयपुर

**हेभी इक्यूपमेन्ट ब्याक हो लोडर (Back Hoe Loader) खरिद गर्ने सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति :- २०७५/०५/०१

यस वेलका नगरपालिकाको चालु आव २०७५/०७६ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अनुसार कार्यालयलाई आवश्यक पर्ने देहाय बमोजिमको हैभी इक्यूपमेन्ट ब्याक हो लोडर (Back Hoe Loader) सार्वजनिक खरिद ऐन २०६३ (पहिलो संशोधन २०७३) को दफा ८ को उपदफा १ (क ८), सार्वजनिक खरिद नियमावली २०६४ (चौंथो संशोधन २०७३) को नियम ३१ (ख) तथा उत्पादक वा अधिकृत बिक्रेताद्वारा निर्धारित दरमा (क्याटलग सपिङ्ग) खरिद गर्ने कार्यविधि, २०७५ बमोजिम त्यस्तो हेभी इक्यूपमेन्ट उत्पादक कम्पनी वा सोको आधिकारिक बिक्रेताहरू बीच मात्र प्रतिस्पर्धा गराउने (क्याटलग सपिङ्ग) विधिबाट खरिद गर्नुपर्ने भएकोले इच्छुक इजाजत प्राप्त उत्पादक कम्पनी वा त्यसको आधिकारिक बिक्रेताहरूले आ-आफ्नो फर्म दर्ता, भ्याट दर्ता, एजेन्सी दर्ता प्रमाण पत्र, Letter of Authorization र आयकर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरू समावेश गरी सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ख) को उपनियम १ अनुसार देहाय बमोजिमको हैभी इक्यूपमेन्ट उत्पादकको आधिकारिक स्पेशिफिकेशन, गुणस्तर, कम्पनीको आधिकारिक मूल्य खुल्ने कागजात (क्याटलग वा ब्रोसर) र सुविधा सहितको विवरण संलग्न राखि सूचना प्रकाशित भएको मितिले १० (दश) दिन भित्र यस कार्यालयमा शिलबन्दी प्रस्ताव दर्ता गर्नु हुन सम्बन्धित उत्पादक वा आधिकारिक बिक्रेताको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। थप जानकारीको लागी वेनपाको सम्पर्क नं. ०३५४२०११३ मा सम्पर्क राख्न सकिनेछ।

**हेभी इक्यूपमेन्ट सम्बन्धी विवरण**

| सि.नं. | हेभी इक्यूपमेन्ट | संक्षिप्त विवरण | संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | Back Hoe Loader | * Horse power not less than 90 HP with minimum 400 NM Torque.<br>*Torque converter with at least 4-speed power/shuttle type<br>* Suitable hydraulic pumps and system for smooth operation flow not less than 117 lpm.<br>* Four wheel drive, four tyre with tube.<br>* Minimum of one year warranty after acceptance. | १ | संक्षिप्त विवरणमा उल्लेख नभएका कुराहरु यस कार्यालयबाट स्वीकृत Technical Specification बमोजिम हुनेछ। |

प्रमुख

वेलका नगर कार्यपालिकाको कार्यालय, उदयपुर

# अर्थ

राष्ट्र बैंकले जारी गरेको 'भूकम्प प्रभावित परिवारलाई आवासीय घर पुनर्निर्माणका लागि प्रदान गरिने पुनर्कर्जा कार्यविधि २०७२' मा नै कर्जाको अवधि न्युनतम ५ वर्ष हुने उल्लेख गरिएको भए पनि दोस्रो वर्षदेखि उक्त सुविधा उपलब्ध गराउन छाडेपछि भूकम्पपीडितले चर्को ब्याज तिर्नु परेको हो।

2018, AUG
Friday
17







## भूकम्पपीडित चर्को ब्याजदरको मारमा

# पुर्नकर्जाका विषयमा पन्छिदै राष्ट्र बैंक

*काठमाडौं, (नेस)*

*बैंक तथा वित्तीय संस्थाहरूले भूकम्पपीडितका लागि २ प्रतिशत ब्याजदरमा उपलब्ध गराउँदै आएको आवासीय कर्जा सुविधाको ब्याजदरका विषयमा राष्ट्र बैंकले हालसम्म पनि कुनै ठोस निर्णय गर्न सकेको छैन।*

*बैंक तथा वित्तीय संस्थाले भूकम्पपीडितलाई उपलब्ध गराएको पुनर्कर्जामार्फत्को आवासीय कर्जामा चर्को ब्याजदर असुल्न थालेपछि भूकम्पपीडित अन्योलमा परेका छन्।*

*न्युनतम कर्जा अवधि ५ वर्ष र अधिकतम् १० वर्षका लागि भनेर २ प्रतिशत ब्याजदरमा ऋण लिएका भूकम्पपीडितलाई बैंक तथा वित्तीय संस्थाले तेस्रो वर्षदेखि अन्य आवासीय कर्जा सरह १५ प्रतिशतसम्म ब्याज असुले पनि राष्ट्र बैंकले कुल पहल गर्न सकेको छैन।*

*राष्ट्र बैंकका प्रवक्ता नारायणप्रसाद पौडेलका अनुसार बैंक तथा वित्तीय संस्थालाई भूकम्पपीडितको सम्पत्ति लिलाम नगर्न निर्देशन दिए पनि पुनर्कर्जाको ब्याजदरलाई २ प्रतिशत नै कायम गर्ने विषयमा भने राष्ट्र बैंक र अर्थ मन्त्रालयबीच छलफल भइरहेको छ। 'पुनर्कर्जामा २ प्रतिशत ब्याजदरलाई १० वर्षसम्मका लागि निरन्तरता दिने विषयमा अर्थ मन्त्रालयसँग छलफल भइरहेको छ। तर, निश्कर्ष भने निस्केको छैन।' नेपाल समाचारपत्रसँग कुरा गर्दै पौडेलले भन्नुभयो। बैंकबाट लिएको ऋणमा चर्को ब्याजदर लिएको भन्दै भूकम्पपीडितले अहिले संघर्ष समिति नै गठन गरेका छन्। नेपाल राष्ट्र बैंकले बैंक तथा संस्थालाई शून्य ब्याजदरमा*

*पुनर्कर्जा उपलब्ध गराउने र यस प्रयोजनको लागि लिएको पुनर्कर्जा भूकम्पपीडितलाई बढीमा २ प्रतिशत ब्याजमा उपलब्ध गराउँदै आएको छ।*

*राष्ट्र बैंकले जारी गरेको 'भूकम्प प्रभावित परिवारलाई आवासीय घर पुनर्निर्माणका लागि प्रदान गरिने पुनर्कर्जा कार्यविधि २०७२' मा नै कर्जाको अवधि न्युनतम ५ वर्ष हुने उल्लेख गरिएको भए पनि दोस्रो वर्षदेखि उक्त सुविधा उपलब्ध गराउन छाडेपछि भूकम्पपीडितले चर्को ब्याज तिर्नु परेको हो।*

*उक्त कार्यविधिको बुँदा नंम्बर ५ मा शुरूको एक वर्ष ग्रेस अवधि हुने गरी त्यस्तो कर्जाको न्यूनतम अवधि ५ वर्ष र अधिकतम् १० वर्षसम्मको हुनेछ भनी उल्लेख गरेको छ। तर, अहिले राष्ट्र बैंकले 'नेपाल राष्ट्र बैंक ऐन, २०५८ को धारा ४९ अनुसार पुनर्कर्जाको अवधि एक वर्ष मात्र हुने तथा उक्त अवधि नवीकरणमार्फत एक वर्ष थप गरी अधिकतम् दुई वर्षका लागि मात्र उपलब्ध गराउन सकिने व्यवस्थालाई आधार मान्दै पुनर्कर्जा अवधि २ वर्ष नै हुने अडान लिँदै आएको छ।*




# आनद्वारा कृति अवार्डका उत्कृष्ट पाँच घोषणा




काठमाडौं, (नेस)

विज्ञापन व्यवसायी मिडिया तथा विज्ञापनकर्मीको साझा इभेन्ट १०औं कृति अवार्ड, २०७५ मा २८ वटा विधा रहेकोमा ३९ वटा एजेन्सीले सहभागीताजनाएका छन। ३५३ वटा नोमिनेसन दर्ता भएकोमा १३४ वटा नोमिनेसन उत्कृष्ठ ५ मा छनोटमा परेका छन्। जसमध्ये अभानी एड्भरटाइजिङ -१७, एएनएसक्रिएसन-१२, प्रिज्मार्क -१३, आउटरिच नेपाल-११, ओएस्टर-९, भिचित्र-९ मेकबेज-८, विजनेस एडभान्टेजर-७, कि एडरटाइर्जिङ-७, एड मिडिया -६, क्रियो कम्युनिकेसन -४, लेमन-४, डिजिटलइन-३, एडि रिलिज-२ , मार्स र प्रमोटर्स नेपाल-२/२ र मार्स एड्भरटाइजिङ, मिटिङ प्वाइन्ट, म्याक्स मिडिया, चन्दा प्रोडक्सन, एसपि, इको, टेक, अक्षय ,वेलकम-१/१ विधामा मनोनयनमा परेका छन्।

१०औं कृति अवार्डको टाइटल स्पोन्सर नेपाल आइस, पावर बाईमा सिजी सिमेन्टस रहेको छ। प्रायोजकमा बैंकिङ पार्टनर, मुक्तिनाथ विकास बैंक, हस्पिटल पार्टनर नेपाल मेडिसिटी अस्पताल, हस्पिटालिटी पाटनर सोल्टी क्राउन प्लाजा, सफ्टी हाइजिन, यति कार्पेट र नेपाल पर्यटन बोर्ड, रहेका छन्। १०औ कृति अवार्डस २०७५ को मुल कार्यक्रम ७ गते हुँदैछ।




## विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

२०७५ भदौ १, अगस्ट १७, २०१८

### खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रुपियाँ १०० को रू. | १६०।०० | १६०।०० |
| अमेरिकी डलर १ का रू. | १११।९५ | ११२।५५ |
| युरो १ को रू. | १२७।३६ | १२८।०४ |
| पाउन्ड स्टर्लिङ १ को रू. | १४२।२५ | १४३।०१ |
| स्विस फ्रन्क १ को रू. | ११२।६८ | ११३।२८ |
| अस्ट्रलियन डलर १ को रू. | ८१।३९ | ८१।८३ |
| क्यानाडियन डलर १ को रू. | ८५।१८ | ८५।६४ |
| सिङ्गापुर डलर १ को रू. | ८१।३८ | ८१।८१ |
| जापानी यन १० को रू. | १०।१० | १०।१५ |
| चिनियाँ युआन १ को रू. | १६।२४ | १६।३२ |
| साउदी अरब रियाल १ को रू. | २९।८५ | ३०।०१ |
| कतारी रियाल १ को रू. | ३०।७५ | ३०।९१ |
| थाई भाट १ को रू. | ३।३६ | ३।३८ |
| सं. अरब इमिरट दिराम १ को रू. | ३०।४८ | ३०।६४ |
| मलेसियन रिङ्गिट १ को रू. | २७।२७ | २७।४२ |
| दक्षिण कारियन वन १०० को रू. | ९।९१ | ९।९७ |

#### खरिद दर

| | |
|---|---|
| स्विडिस क्रोनर १ का रू. | १२।१७ |
| डेनिस क्रोनर १ का रू. | १७।०८ |
| हङकङ डलर १ का रू. | १४।२६ |

**नोट** : वर्तमान व्यवस्थाअन्तर्गत वणिज्य बैंकहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।

## SHARE MARKET

### 16 AUGUST THURSDAY, 2018

| S.No. | Traded Companies | Total Share | Max. Price | Min. Price | CP Price | Diff Rs. |
|---|---|---|---|---|---|---|
| 1 | Agriculture Development Bank Limited | 25581.00 | 345.00 | 335.00 | 340.00 | 1.00 |
| 2 | Api Power Company Ltd. | 7328.00 | 270.00 | 265.00 | 266.00 | -9.00 |
| 3 | Arambha Microfinance Bittiya San. Ltd. | 4960.00 | 915.00 | 867.00 | 895.00 | 12.00 |
| 4 | Arun Kabeli Power Ltd. | 1063.00 | 267.00 | 252.00 | 252.00 | -6.00 |
| 5 | Arun Valley Hydropower Dev. Co. Ltd. | 6055.00 | 139.00 | 133.00 | 138.00 | -1.00 |
| 6 | Asian Life Insurance Co. Limited | 3342.00 | 636.00 | 620.00 | 620.00 | -16.00 |
| 7 | Bank of Kathmandu Ltd. | 29939.00 | 280.00 | 267.00 | 273.00 | 2.00 |
| 8 | Barun Hydropower Co. Ltd. | 40.00 | 137.00 | 135.00 | 137.00 | 0.00 |
| 9 | Bhargav Bikash Bank Ltd. | 900.00 | 134.00 | 132.00 | 132.00 | -4.00 |
| 10 | Bishal Bazar Company Limited | 50.00 | 1715.00 | 1681.00 | 1681.00 | -44.00 |
| 11 | Bottlers Nepal (Terai) Limited | 1970.00 | 6182.00 | 5732.00 | 6075.00 | 455.00 |
| 12 | Butwal Power Company Limited | 13068.00 | 452.00 | 438.00 | 446.00 | -3.00 |
| 13 | Central Finance Co. Ltd. | 3726.00 | 121.00 | 115.00 | 121.00 | 1.00 |
| 14 | Century Commercial Bank Ltd. | 22474.00 | 175.00 | 170.00 | 171.00 | 1.00 |
| 15 | Chhimek Laghubitta Bikas Bank Limited | 3547.00 | 920.00 | 902.00 | 919.00 | 4.00 |
| 16 | Chhyangdi Hydropower Ltd. | 188.00 | 130.00 | 126.00 | 128.00 | 2.00 |
| 17 | Chilime Hydropower Company Limited | 9035.00 | 750.00 | 728.00 | 731.00 | -9.00 |
| 18 | Citizen Bank International Limited | 13065.00 | 244.00 | 235.00 | 239.00 | -1.00 |
| 19 | Citizen Investment Trust | 371.00 | 2460.00 | 2440.00 | 2445.00 | -5.00 |
| 20 | City Express Finance Co. Limited | 200.00 | 112.00 | 112.00 | 112.00 | -2.00 |
| 21 | Civil Bank Ltd | 37776.00 | 153.00 | 148.00 | 151.00 | 0.00 |
| 22 | Civil Laghubitta Bittiya Sanstha Ltd. | 90.00 | 723.00 | 700.00 | 723.00 | 27.00 |
| 23 | Corporate Development Bank Limited | 3145.00 | 107.00 | 102.00 | 106.00 | 6.00 |
| 24 | Deprosc Laghubitta Bittiya San. Limited | 4045.00 | 684.00 | 670.00 | 670.00 | -20.00 |
| 25 | Deva Bikas Bank Limited | 10036.00 | 131.00 | 129.00 | 130.00 | -1.00 |
| 26 | Dibyashwori Hydropower Ltd. | 73.00 | 105.00 | 104.00 | 105.00 | 0.00 |
| 27 | Everest Bank Limited | 14501.00 | 666.00 | 659.00 | 663.00 | 1.00 |
| 28 | Everest Insurance Co. Ltd. | 80.00 | 1275.00 | 1275.00 | 1275.00 | 0.00 |
| 29 | Excel Development Bank Ltd. | 500.00 | 333.00 | 330.00 | 330.00 | 0.00 |
| 30 | First Micro Finance Dev. Bank Ltd. | 7784.00 | 435.00 | 426.00 | 426.00 | -9.00 |
| 31 | Forward Com. Mic. Bittiya San. Ltd. | 1033.00 | 2139.00 | 2100.00 | 2132.00 | 17.00 |
| 32 | Gandaki Bikas Bank Limited | 14194.00 | 202.00 | 196.00 | 197.00 | 1.00 |
| 33 | Garima Bikas Bank Limited | 8382.00 | 194.00 | 190.00 | 192.00 | 1.00 |
| 34 | Global IME Bank Limited | 19896.00 | 303.00 | 295.00 | 300.00 | 0.00 |
| 35 | Global IME Laghubitta Bit. Sanstha Ltd. | 1128.00 | 1147.00 | 1110.00 | 1110.00 | -1.00 |
| 36 | Goodwill Finance Co. Ltd. | 1077.00 | 129.00 | 127.00 | 127.00 | 0.00 |
| 37 | Grameen Bikas Lag. Bittiya San. Ltd. | 8283.00 | 589.00 | 571.00 | 571.00 | -13.00 |
| 38 | Guheshowori Mer. Bank & Fin. Co. Ltd. | 30.00 | 136.00 | 134.00 | 134.00 | -1.00 |
| 39 | Gurans Life Insurance Company Ltd. | 4311.00 | 849.00 | 825.00 | 829.00 | -17.00 |
| 40 | Gurkhas Finance Ltd. | 2752.00 | 116.00 | 113.00 | 113.00 | -4.00 |
| 41 | Hathway Finance Company Limited | 460.00 | 127.00 | 127.00 | 127.00 | -2.00 |
| 42 | Himalayan Bank Limited | 2812.00 | 578.00 | 565.00 | 575.00 | -1.00 |
| 43 | Himalayan Distillery Limited | 1370.00 | 1425.00 | 1341.00 | 1341.00 | -109.00 |
| 44 | Himalayan General Insurance Co. Ltd | 9495.00 | 454.00 | 434.00 | 436.00 | -18.00 |
| 45 | Himalayan Power Partner Ltd. | 2310.00 | 275.00 | 257.00 | 270.00 | 5.00 |
| 46 | ICFC Finance Limited | 9710.00 | 173.00 | 168.00 | 169.00 | -1.00 |
| 47 | IME General Insurance Ltd. | 370.00 | 847.00 | 815.00 | 831.00 | 3.00 |
| 48 | Jalabidyut Lagani tatha Bikas Co. Ltd. | 19449.00 | 171.00 | 163.00 | 167.00 | -2.00 |
| 49 | Janaki Finance Ltd. | 2684.00 | 196.00 | 191.00 | 191.00 | -3.00 |
| 50 | Janata Bank Nepal Ltd. | 47911.00 | 160.00 | 156.00 | 157.00 | -2.00 |
| 51 | Janautthan Sam. Lag. Bikas Bank Ltd. | 76.00 | 2900.00 | 2850.00 | 2850.00 | -36.00 |
| 52 | Jebils Finance Ltd. | 2787.00 | 105.00 | 103.00 | 105.00 | 0.00 |
| 53 | Jyoti Bikas Bank Limited | 29153.00 | 148.00 | 143.00 | 148.00 | 3.00 |
| 54 | Kailash Bikas Bank Ltd. | 8856.00 | 237.00 | 230.00 | 233.00 | -3.00 |
| 55 | Kalika Microcredit Dev. Bank Ltd. | 20.00 | 1320.00 | 1320.00 | 1320.00 | 15.00 |
| 56 | Kamana Sewa Bikas Bank Limited | 14978.00 | 146.00 | 144.00 | 144.00 | 0.00 |
| 57 | Kanchan Development Bank Limited | 110.00 | 200.00 | 200.00 | 200.00 | 0.00 |
| 58 | Kankai Bikas Bank Ltd. | 1365.00 | 127.00 | 125.00 | 125.00 | 0.00 |
| 59 | Karnali Development Bank Limited | 122.00 | 110.00 | 110.00 | 110.00 | 2.00 |
| 60 | Khanikhola Hydropower Co. Ltd. | 157.00 | 107.00 | 104.00 | 105.00 | -1.00 |
| 61 | Kisan Microfinance Bittiya Sanstha Ltd. | 518.00 | 1590.00 | 1560.00 | 1576.00 | 1.00 |
| 62 | Kumari Bank Limited | 22443.00 | 207.00 | 199.00 | 206.00 | 3.00 |
| 63 | Lalitpur Finance Ltd. | 771.00 | 164.00 | 151.00 | 151.00 | -16.00 |
| 64 | Laxmi Bank Limited | 9246.00 | 244.00 | 236.00 | 240.00 | -4.00 |
| 65 | Laxmi Laghubitta Bittiya Sanstha Ltd. | 588.00 | 1035.00 | 1005.00 | 1005.00 | -25.00 |
| 66 | Life Insurance Co. Nepal | 201.00 | 1625.00 | 1596.00 | 1609.00 | -1.00 |
| 67 | Lumbini Bikas Bank Ltd. | 15204.00 | 160.00 | 157.00 | 158.00 | -3.00 |
| 68 | Lumbini General Insurance Co. Ltd. | 8405.00 | 548.00 | 530.00 | 531.00 | -2.00 |
| 69 | Machhapuchhre Bank Limited | 17587.00 | 210.00 | 204.00 | 206.00 | -5.00 |
| 70 | Mahalaxmi Bikas Bank Ltd. | 9905.00 | 195.00 | 192.00 | 193.00 | -5.00 |
| 71 | Mahila Sahayatra Mic. Bittiya San. Ltd. | 269.00 | 676.00 | 650.00 | 650.00 | -13.00 |
| 72 | Mahuli Samudayik Lag. Bit. Sanstha Ltd. | 795.00 | 2450.00 | 2397.00 | 2409.00 | -36.00 |
| 73 | Manjushree Finance Ltd. | 2218.00 | 123.00 | 121.00 | 121.00 | -2.00 |
| 74 | Mega Bank Nepal Ltd. | 58145.00 | 170.00 | 165.00 | 170.00 | 2.00 |
| 75 | Mero Microfinance Bittiya Sanstha Ltd. | 956.00 | 1041.00 | 1020.00 | 1030.00 | -10.00 |
| 76 | Mirmire LaghuBitta Bittiya Sanstha Ltd | 88.00 | 1485.00 | 1480.00 | 1480.00 | -14.00 |
| 77 | Mission Development Bank Ltd. | 140.00 | 175.00 | 175.00 | 175.00 | 2.00 |
| 78 | Miteri Development Bank Limited | 55.00 | 275.00 | 275.00 | 275.00 | 5.00 |
| 79 | Mithila LaghuBitta Bittiya Sanstha Limited | 77.00 | 887.00 | 870.00 | 870.00 | -17.00 |
| 80 | Muktinath Bikas Bank Ltd. | 8840.00 | 392.00 | 384.00 | 389.00 | 4.00 |
| 81 | Multipurpose Finance Company Limited | 260.00 | 191.00 | 190.00 | 190.00 | 0.00 |
| 82 | Nabil Bank Limited | 17494.00 | 966.00 | 930.00 | 957.00 | 22.00 |
| 83 | NABIL Bank Limited Promotor Share | 18750.00 | 735.00 | 724.00 | 729.00 | 4.00 |
| 84 | Nabil Equity Fund | 2172.00 | 8.62 | 8.62 | 8.62 | 0.17 |
| 85 | NagBeli LaghuBitta Bikas Bank Ltd. | 207.00 | 1125.00 | 1098.00 | 1098.00 | -30.00 |
| 86 | National Hydro Power Company Limited | 8930.00 | 83.00 | 80.00 | 80.00 | -4.00 |
| 87 | National Life Insurance Co. Ltd. | 2297.00 | 763.00 | 742.00 | 745.00 | -5.00 |
| 88 | National Microfinance Bittiya Sanstha Ltd. | 357.00 | 2190.00 | 2120.00 | 2163.00 | 1.00 |
| 89 | Naya Nepal Laghubitta Bikas Bank Ltd. | 240.00 | 681.00 | 668.00 | 680.00 | -1.00 |
| 90 | Neco Insurance Co. Ltd. | 6069.00 | 549.00 | 527.00 | 527.00 | -12.00 |
| 91 | Nepal Bangladesh Bank Limited | 22415.00 | 207.00 | 202.00 | 205.00 | 0.00 |
| 92 | Nepal Bank Limited | 47426.00 | 297.00 | 290.00 | 292.00 | -1.00 |
| 93 | Nepal Community Dev. Bank Ltd. | 816.00 | 125.00 | 124.00 | 125.00 | 3.00 |
| 94 | Nepal Credit And Com. Bank Limited | 37010.00 | 182.00 | 176.00 | 180.00 | 0.00 |
| 95 | Nepal Doorsanchar Comapany Limited | 4770.00 | 750.00 | 727.00 | 738.00 | -2.00 |
| 96 | Nepal Hydro Developers Ltd. | 300.00 | 164.00 | 162.00 | 163.00 | -2.00 |
| 97 | Nepal Insurance Co. Ltd. | 9409.00 | 548.00 | 530.00 | 535.00 | 1.00 |
| 98 | Nepal Investment Bank Limited | 13108.00 | 640.00 | 632.00 | 639.00 | 7.00 |
| 99 | Nepal Investment Bank Ltd. Pro. Share | 33279.00 | 582.00 | 569.00 | 571.00 | -1.00 |
| 100 | Nepal Life Insurance Co. Ltd. | 11452.00 | 970.00 | 945.00 | 956.00 | -4.00 |
| 101 | Nepal SBI Bank Limited | 1571.00 | 512.00 | 505.00 | 505.00 | 1.00 |
| 102 | Nerude Laghubita Bikas Bank Limited | 2190.00 | 577.00 | 555.00 | 555.00 | 0.00 |
| 103 | Ngadi Group Power Ltd. | 476.00 | 168.00 | 162.00 | 162.00 | -6.00 |
| 104 | NIBL Pragati Fund | 753.00 | 7.90 | 7.90 | 7.90 | 0.00 |
| 105 | NIC Asia Bank Ltd. | 19874.00 | 324.00 | 318.00 | 322.00 | 4.00 |
| 106 | NIC Asia Growth Fund | 1000.00 | 8.90 | 8.90 | 8.90 | 0.01 |
| 107 | Nir. Utthan Lag. Bit. San. Ltd | 1529.00 | 988.00 | 965.00 | 980.00 | -6.00 |
| 108 | NLG Insurance Company Ltd. | 2091.00 | 867.00 | 835.00 | 835.00 | -15.00 |
| 109 | NMB Microfinance Bittiya Sanstha Ltd. | 115.00 | 1579.00 | 1530.00 | 1530.00 | -55.00 |
| 110 | NMB Bank Limited | 51341.00 | 335.00 | 320.00 | 332.00 | 9.00 |
| 111 | NMB Hybrid Fund L-1 | 3664.00 | 9.50 | 9.40 | 9.50 | 0.20 |
| 112 | Om Development Bank Ltd. | 40365.00 | 205.00 | 193.00 | 196.00 | -6.00 |
| 113 | Oriental Hotels Limited | 9013.00 | 518.00 | 493.00 | 500.00 | -10.00 |
| 114 | Pokhara Finance Ltd. | 2112.00 | 150.00 | 146.00 | 146.00 | 1.00 |
| 115 | Prabhu Bank Limited | 30059.00 | 192.00 | 186.00 | 187.00 | -1.00 |
| 116 | Prabhu Insurance Ltd. | 7667.00 | 515.00 | 501.00 | 501.00 | -7.00 |
| 117 | Premier Insurance Co. Ltd. | 8707.00 | 1085.00 | 1036.00 | 1057.00 | 2.00 |
| 118 | Prime Commercial Bank Ltd. | 43107.00 | 303.00 | 295.00 | 300.00 | 2.00 |
| 119 | Prime Life Insurance Company Limited | 8496.00 | 530.00 | 510.00 | 517.00 | -1.00 |
| 120 | ProgressiveFinance Limited | 860.00 | 104.00 | 102.00 | 102.00 | 1.00 |
| 121 | Prudential Insurance Co. Ltd. | 2854.00 | 758.00 | 735.00 | 740.00 | -10.00 |
| 122 | Purnima Bikas Bank Ltd. | 172.00 | 161.00 | 161.00 | 161.00 | -3.00 |
| 123 | Radhi Bidyut Company Ltd | 568.00 | 225.00 | 221.00 | 223.00 | -3.00 |
| 124 | Rairang Hydropower Dev. Company Ltd. | 1730.00 | 155.00 | 152.00 | 152.00 | 0.00 |
| 125 | Rastriya Beema Company Limited | 894.00 | 11300.00 | 10805.00 | 10930.00 | 110.00 |
| 126 | Rastriya Beema Co. Limited Pro. Share | 1420.00 | 10298.00 | 9800.00 | 10298.00 | 498.00 |
| 127 | Reliance Finance Ltd. | 1710.00 | 124.00 | 120.00 | 120.00 | -2.00 |
| 128 | Ridi Hydropower Dev. Company Ltd. | 285.00 | 120.00 | 117.00 | 117.00 | -2.00 |
| 129 | RMDC Laghubitta Bittiya Sanstha Ltd. | 1522.00 | 664.00 | 643.00 | 643.00 | -9.00 |
| 130 | RSDC Laghubitta Bittiya Sanstha Ltd. | 1885.00 | 530.00 | 500.00 | 510.00 | -10.00 |
| 131 | Sagarmatha Insurance Co. Ltd. | 1317.00 | 1365.00 | 1328.00 | 1365.00 | 10.00 |
| 132 | Sahayogi Bikas Bank Limited | 1163.00 | 206.00 | 202.00 | 206.00 | 6.00 |
| 133 | Sana Kisan Bikas Bank Ltd | 3607.00 | 1168.00 | 1130.00 | 1150.00 | 5.00 |
| 134 | Sanima Bank Limited | 16746.00 | 325.00 | 316.00 | 320.00 | -1.00 |
| 135 | Sanima Mai Hydropower Ltd. | 12823.00 | 313.00 | 305.00 | 309.00 | -4.00 |
| 136 | Saptakoshi Development Bank Ltd. | 1175.00 | 121.00 | 119.00 | 121.00 | 2.00 |
| 137 | Shangrila Development Bank Ltd. | 15995.00 | 150.00 | 146.00 | 149.00 | 1.00 |
| 138 | Shikhar Insurance Co. Ltd. | 4563.00 | 944.00 | 920.00 | 920.00 | -5.00 |
| 139 | Shine Resunga Development Bank Ltd. | 1538.00 | 285.00 | 280.00 | 285.00 | 0.00 |
| 140 | Shree Investment Finance Co. Ltd. | 575.00 | 151.00 | 145.00 | 151.00 | 1.00 |
| 141 | Shrijana Finance (Bittaya Sanstha) | 1180.00 | 290.00 | 280.00 | 285.00 | 5.00 |
| 142 | Siddhartha Bank Limited | 24783.00 | 322.00 | 312.00 | 322.00 | 5.00 |

Total Amount Rs. 459,686,111 Total Quantity 1,375,602 Total No of Transactions 6,515

२०७५, भदौ
शुक्रबार
१

{ ०औं कृति अवार्डको टाइटल स्पोन्सर नेपाल आइस, पावर बाईमा सिजी सिमेन्टस रहेको छ। प्रायोजकमा बैंकिङ पार्टनर, मुक्तिनाथ विकास बैक, हस्पिटल पार्टनर नेपाल मेडिसिटी अस्पताल, हस्पिटालिटी पाटनर सोल्टी क्राउन प्लाजा, सफ्टी हाइजिन, यति कार्पेट र नेपाल पर्यटन बोर्ड रहेका छन्।

अर्थ

PRESS RELEASE

## वाईवाई ग्लोकल टिन हिरोका अन्तिम ६ प्रतिस्पर्धी घोषणा




काठमाडौं, (नेस)

वाईवाई ग्लोकल टिन हिरो २०१८ का अन्तिम ६ प्रतिस्पर्धीको नाम घोषणा भएको छ।

देश भरिका किशोर किशोरीबाट कुल ५३२ आवेदन आएको थियो। आवेदकहरूले आफू समाज सेवा, पत्रकारिता, कम्प्युटर प्रोग्रामिङ, रोबोटिक्स, उद्यमी र समुदाय विकास जस्ता गरेको कामले समाजमा परेको सकारात्मक असर देखाएर आफ्नो कौशलता देखाएका छन्।

वाईवाई ग्लोकल टिन हिरोका अन्तिम ६ प्रतिस्पर्धीहरूमा आविष्कारतर्फ विकल्प ढुंगाना, लेखिका दीपशिखा घिमिरे, सामाजिक अभियन्ता-प्रसंशा केसी, उद्यमी- सौगात तिवारी, इकोप्रेनेर- सुदर्शन सुवेदी र सामाजिक उद्यमी- स्वर्णीम श्रेष्ठ रहेका छन्। वाईवाई ग्लोकल टिन हिरोको माध्यमबाट किशोर -किशोरीहरूमा भएको प्रेरणा र उत्साहलाई प्रस्फुतन गरी उनीहरूले समाजमा गरेको प्रभावकारी कार्यलाई कदर र अरू माझ चिनाउन यो कार्यक्रम गरिएको हो।

अन्तिम प्रतिस्पर्धीको एकसातासम्म क्षमता विकास तालिम हुनेछ। एसएमइस भोटिङ राउन्ड र प्रतिस्पर्धीको छुट्टाछुट्टै हुने अन्तर्वार्ताको आधारमा यो वर्षको टिन हिरो छानिने छ। ग्लोकल टिन हिरोको पुरस्कार १ सेप्टेम्बरमा प्रदान गरिनेछ।

## मेगा बैंकको काठमाडौंमा तीनवटा शाखारहित बैंकिङ सेवा

काठमाडौं, (नेस)

मेगा बैंक नेपालले काठमाडौंको कीर्तिपुर, टोखा र रामकोटमा शाखारहित बैंकिङ सेवा शुरू गरेको छ। कीर्तिपुर नगरपालिकाको चम्पादेवी, टोखा नगरपीलकाको झोर र नागार्जुन नगरपालिकाको रामकोटमा मेगा बैंकले शाखारहित बैंकिङ सेवा शुरू गरेको हो। कीर्तिपुर नगरपालिका- ४ स्थित चम्पादेवीमा कीर्तिपुर नगरपालिकाका मेयर रमेश महर्जन र मेगा बैंक नेपालका शाखारहित बैंकिङ सेवाका इन्चार्ज डम्बरबहादुर श्रेष्ठले संयुक्त रूपमा कारोबारको शुरू गर्नुभयो।

MEGA BANK NEPAL LIMITED
मेगा बैंक नेपाल लिमिटेड

मेयर महर्जनले कीर्तिपुरबासीको आर्थिक अवस्थामा सुधार गर्न मेगा बैंकले चालेको कदमको स्वागत गर्दै यस क्षेत्रमा नमुना बैकिङ कारोबार गर्ने बैंकको रूपमा स्थापित होस् भन्ने शुभकामना व्यक्त गर्नुभयो। यसैगरी रामकोटमा शाखारहित बैंकिङ सेवाको शुरूवात गर्दै नागार्जन नगरपालिकाका मेयर मोहनकुमार बस्नेतले शाखारहित बैंकिङ सेवाको शुरूवातले रामकोट क्षेत्रमा विकासको ढोका खोल्ने बताउनुभयो। मेगा बैंकको सरल कर्जाबाट ग्रामीण भेगका धेरै साना तथा मझौला व्यवसायी लाभान्वित हुने उहाँले विश्वास व्यक्त गर्नुभयो। मेगा बैंकका देशभर १ सय १९ वटा शाखारहित बैंकिङ सेवा छन्।

## रिलायन्स लाइफ इन्स्योरेन्सको पाँच नयाँ शाखा थप



काठमाडौं, (नेस)

रिलायन्स लाइफ इन्स्योरेन्सले काठमाडौंको चाबहिल, कलंकी, महाराजगन्ज, भक्तपुरको च्यामासिंह र काभ्रेपलाञ्चोकको बनेपा गरी ५ वटा शाखाको उद्घाटन गरेको छ। उद्घाटन कार्यक्रममा कम्पनीका सञ्चालक भरतकुमार तोदी, प्रमुख कार्यकारी अधिकृत प्रविणरमण पराजुलीलगायत स्थानीयबासिन्दाका उपस्थिति रहेको थियो।

## एनआईसी एसिया बैंक र रिलायन्स र प्रभु लाइफ इन्स्योरेन्सबीच सम्झौता

काठमाडौं, (नेस)

एनआईसी एसिया बैंकले रिलायन्स लाइफ इन्स्योरेन्स कम्पनीसँग बैंकास्योरेन्स सम्झौता गरेको छ।

उक्त सम्झैताअनुसार बैंकका ग्राहकले सबै शाखाबाट सहज रूपमा रिलायन्स लाइफ इन्स्योरेन्स कम्पनीको जीवन बीमा पोलिसी खरिद गर्न सक्नेछ। सम्झौतापत्रमा बैंकको तर्फबाट बैंकका कामु प्रमुख कार्यकारी अधिकृत रोशनकुमार न्यौपाने र इन्स्योरेन्स कम्पनीको तर्फबाट प्रमुख कार्यकारी अधिकृत प्रविण रमण पराजुलीले हस्ताक्षर गर्नुभयो।

यसैबीच एनआईसी एसिया बैंकले प्रभु लाइफ इन्स्योरेन्स कम्पनीसँग बैंकास्योरेन्स सम्झौता गरेको छ। सम्झौताअनुसार अब एनआईसी बैंकका सवै शाखाबाट प्रभु लाइफ इन्स्योरेन्स कम्पनीको पनि जीवन बीमा पोलिसी खरिद गर्न सक्नेछन्।

उक्त सम्झौतापत्रमा बैंकको तर्फबाट बैंकका कायम मुकायम प्रमुख कार्यकारी अधिकृत रोशनकुमार न्यौपाने र इन्स्योरेन्स कम्पनीको तर्फबाट निमित्त प्रमुख कार्यकारी अधिकृत किशोरप्रसाद लामिछानेले हस्ताक्षर गर्नुभयो।

बैंकको २३७ शाखा कार्यालय, २३० एटीएम, १४ वटा एक्सटेन्सन काउन्टर एवम् १७ वटा शाखारहित बैंकिङ इकाईमार्फत बैंकिङ सेवा प्रदान गर्दै आएको छ। बैंकको वासलातको आकार १८१ अर्बभन्दा बढी पुगेको छ बैंकको निक्षेप १५३ अर्ब कर्जा १२४ अर्ब रुपियाँ रहेको छ।








# नेपाल भियतनामसँग हाऱ्यो



**नेपाल समाचारपत्र**

काठमाडौं

नेपालले इन्डोनेसियामा जारी १८औं एसियाली खेलकुदअन्तर्गत पुरुष फुटबलमा अर्को हार बेहोरेको छ। बिहीबार भएको खेलमा नेपाललाई भियतनामले २-० गोलअन्तरले हराएको हो। समूह 'डी' मा रहेको नेपालको यो लगातार दोस्रो हार थियो। २३ वर्षमुनिका खेलाडीबीच हुने प्रावधान रहेको सो प्रतियोगितामा नेपालको दोस्रो चरणमा पुग्ने आस पनि यही नतिजाले समाप्त भयो। यसअघि मंगलबार भएको पहिलो खेलमा नेपाल जापानसँग सम्मानजनक १-० ले हारेको थियो। अब नेपालले अन्तिम खेलमा पाकिस्तानसँग भिड्नेछ।

इन्डोनेसियाको पश्चिम जाभास्थित विबाहा मुक्ति रंगशालामा भएको खेलको ३१औं मिनेटमा नेपालले पहिलो गोल आत्मसात गरेको थियो। ११ नम्बर जर्सीका नगुयन अन्ह डकले क्लोज रेन्जमा हेडमार्फत गोल गरेपछि नेपाल पहिलो हाफमा १-० ले पछि पऱ्यो। त्यस्तै नेपालले दोस्रो हाफमा गोल फर्काउन नसकेको स्थितिमा ६३औं मिनेटमा अर्को गोल बेहोर्न पुग्यो। फान भान डकले नेपाली डिफेन्डरसँग बल खोसेर २-० को अग्रतामा राखेका थिए। त्यसो त ७६औं मिनेटमा नेपालका नम्बर एक गोलकिपर किरण चेम्जोङले कंग फुओगको खतरनाक प्रहारलाई बचाएका थिए।

यो समूहबाट भियतनाम र जापान अन्तिम १६ मा पुगेका छन्। हिजै भएको अर्को खेलमा जापानले पाकिस्तानलाई ४-० गोलअन्तरले हराएको थियो। यी दुवै टोलीले लगातार दुई खेल जितेका छन्। आइतबार अन्तिम खेलमा जापान र भियतनाम शीर्ष स्थानका लागि खेल्नेछन्। नेपाल र पाकिस्तान भने इज्जत जोगाउन खेल्नेछन्।

## फिफा वरीयतामा नेपाल यथावत् स्थानमा

काठमाडौं, (नेस)

फिफा वरीयतामा नेपालको स्थानमा हेरफेर भएको छैन। बिहीबार भएको नयाँ वरीयताअनुसार नेपाल १६१औं स्थानमा यथावत रहेको हो। दक्षिण एसियाली राष्ट्रमा भारत नै पहिलो स्थानमा रहेको छ। भारत ९६औं स्थानमा छ भने अफगानिस्तान १४५औं स्थानसहित दक्षिण एसियामा दोस्रो स्थानमा छ। माल्दिभ्स १५०औं, भुटान १८४औं, बंगलादेश १९४औं, श्रीलंका २००औं र पाकिस्तान २०१औं स्थानमा रहेका छन्।

फिफा विश्व वरीयतामा विश्वविजेता फ्रान्स शीर्ष स्थानमा उक्लिएको छ। नयाँ वरीयतामा फ्रान्सले ६ स्थानको छलाङ मार्दै शीर्ष स्थान कब्जा जमाएको हो। विश्वकप उपविजेता क्रोएसियाले १६ स्थान फड्को मारेर चौथो स्थानमा उक्लियो। त्यस्तै रुसमा सम्पन्न विश्वकपमा तेस्रो स्थान प्राप्त बेल्जियमले एक स्थान सुधार गरेको छ। टोली दोस्रो स्थानमा रहेको छ।

ब्राजिल भने एक स्थान तल झरेको। दोस्रो स्थानमा रहेको ब्राजिल तेस्रो स्थानमा आइपुगेको हो। उरुग्वे ९ स्थान सुधार गर्दै चौथो तथा इंग्ल्यान्ड ६ स्थान सुधार गर्दै पाँचौं स्थानमा रहेको छ। पोर्चुगल ३ स्थान तल झरेर सातौं तथा, स्विजरल्यान्ड २ स्थान तल झरेर आठौं स्थानमा चिप्लेको छ। स्पेन १ स्थान सुधार गर्दै नवौं तथा डेनमार्क ३ स्थान सुधार गरेर वरीयताको शीर्ष १० भित्र अटाएका छन्। अर्जेन्टिना, चिली, स्वीडेन, कोलम्बिया र जर्मनी शीर्ष १० बाहिर रहेका छन्।

## धरहरा

### मुटुमाथि ढुंगा राखी...



गतवर्ष तत्कालीन एमाले र माओवादीले छेलोखेलो सिट प्राप्त गरेपछि आत्तिएका कांग्रेस नेता देउवाले पटक-पटक भनेका थिए- 'वामपन्थी सरकार बनेपछि देशमा अधिनायकवाद आउँदा, रुन पनि पाइँदैन।' देउवा आफै ज्योतिष भने हैनन्, बेला मौकामा ज्योतिषको घरदैलो धाएर ग्रहदशा मन्छाउँछन्।

गतवर्ष उनको तर्क सुन्दा धेरैले 'पितुर्के' र 'कुनै दम नभएको नेता' भन्न पछि परेनन्। तर हिजो-आज त्यही 'पितुर्के तर्क सत्य सावित भयो है' भन्नेहरु सहर बजारमा पर्याप्त भेटिन थाल्या छन्। यता फर्कियो कर, उता फर्कियो कर, यसो गर्दा कर अनि उसो गर्दा पनि कर तिर्नुपर्ने व्यवस्था अनिवार्य भएपछि देउवालाई हेर्ने, बुझ्ने नजर परिवर्तन हुन बेर छैन।

वामपन्थी सरकारको बम्पर उपहार बोझिलो र पेचिलो करभन्दा फरक नपर्ने भयो अब। अनि कर प्रतिपक्षी र सरकार विरोधीलाई मात्रै लाग्ने भए त गज्जबै हुन्थ्यो क्यार, विपक्षी चुइक्क सम्म गर्दैन थिए होला। तर कानुनी राज्यमा सत्तापक्षकै मतदाता, कट्टर र त्यागी कार्यकर्तालाई पनि करले नमिठो गरी निमोठ्ने निधो भयो।

त्यै पनि विचरा नेकपा कार्यकर्ता यो विषयमा गुपचुप छन्। सामाजिक सञ्जालमा चुइक्क लेख्दैनन्, बोल्दैनन् अचम्मै छ भन्या। बाहिर नबोले पनि उनीहरु 'मुटुमाथि ढुंगा राखी हाँस्नु पऱ्या छ' भन्ने गीत बारम्बार गाउँदै र सम्झदै होलान्।

## सन्दीपले दुई विकेट लिए

काठमाडौं, (नेस)



सन्दीप लामिछानेले क्यारेबियन प्रिमियर लिग (सीपीएल) मा २ विकेट लिएर आफ्नो टोली सेन्ट किट्स एन्ड नेभिस प्याट्रियट्सलाई जित दिलाउन महत्त्वपूर्ण भूमिका खेलेका छन्।

बुधबार राति भएको खेलमा नेपाली स्पिनर सन्दीपले जमैका तल्लावाहविरुद्धको खेलमा एकै ओभरमा २ विकेट लिएका हुन्।

उनले जमिरहेका केनर लेभिसलाई क्याच आउट गराए भने २ बलपछि एन्ड्रे म्याकार्थीलाई एलबीडब्ल्यूको धरापमा पारे। लेभिस एक रनबाट अर्धशतकबाट चुकेका थिए।

## महिला टोली पराजित

काठमाडौं, (नेस)

भुटानमा जारी दोस्रो यू-१५ महिला साफ च्याम्पियनसिपअन्तर्गत सेमिफाइनलबाटै बाहिरिएको छ।

बिहीबार चाम्लिङ रंगशालामा भएको खेलमा नेपाल भारतसँग २-१ गोलअन्तरले पराजित भएको हो। भारतलाई कडा चुनौती दिए पनि नतिजा नेपालविरुद्ध रह्यो।

भारतका लागि लेन्डाले ३०औं मिनेटमा गोल गरेर अग्रता दिए पनि रजनी ठोकरले ७ मिनेटपछि गोल फर्काएर खेल बराबरीमा ल्याइन्। ७५औं मिनेटमा क्रिटिना देवीले गोल गरेपछि नेपाल २-१ ले पछि परेको थियो।

# जन्मदिनमा महिला क्रिकेटको चर्चा



बाँके, (नेस)

भारतको बंगालमा क्रिकेट सिकेर आएका लेखबहादुर क्षेत्री (एलबी क्षेत्री) ले २०६१ सालमा बाँकेमा महिला क्रिकेट प्रतियोगिता आयोजना गराए। त्यतिबेला उनी नेपाल क्रिकेट संघ (क्यान) को केन्द्रीय सदस्य एवं क्षेत्र नम्बर ५ का अध्यक्ष थिए। नेपालमै पहिलोपटक आयोजना गरिएको त्यही छात्रा क्रिकेट नै नेपालको पहिलो महिला क्रिकेट प्रतियोगिता बन्यो। अर्थात् क्षेत्री महिला क्रिकेटको जन्मदातामा गनिए।

बिहीबार क्रियटिभ ह्यान्डसले क्षेत्रीको जन्मदिन मनाउन जुराइदिँदा त्यहाँ महिला क्रिकेटको चर्चा भयो। २०६१ फाल्गुन १५ देखि २२ गतेसम्म सञ्चालन भएको पहिलो महिला क्रिकेटको स्मरण गरियो। त्यहाँबाट शुरू भएको महिला क्रिकेटले पुरुष क्रिकेटले भन्दा पहिला ठूल्ठूला सफलता पाइसकेको थियो।

भारतमा ५ वर्ष 'ए' डिभिजन क्रिकेट खेलेर २०५० सालमा कोहलपुर आएका क्षेत्रीले शुरूमा बाँकेको टिममा पर्न नै संघर्ष गर्नुपरेको थियो। २०५२ सालमा कलैयामा भएको प्रतियोगितामा बाँकेको टिमबाट डेब्यू गरेका क्षेत्रीले त्यसपछि पछाडि फर्केर हेर्नुपरेन।

नेपालको पुरुष टिमले मलेसियामा सन् १९९६ मा पहिलो एसीसी खेल्दा क्षेत्री उपकप्तान थिए। २ वर्षपछि नेपालले १९९८ मा दोस्रो एसीसी आयोजना गर्दा क्षेत्री नेपालको कप्तान भइसकेका थिए। क्रिकेट खेल्न छोडेको केही समयमै क्षेत्री क्यानको केन्द्रीय सदस्य भए। २०६० सालमा क्यानको केन्द्रीय सदस्य भएपछि उनले पहिलो काम भनेको महिला क्रिकेटको शुरूआत गरे। २०६२ सालमा उनलाई क्यानबाट हटाइयो।

यसैबीच भैरहवामा पनि महिला क्रिकेट खेल्न शुरू गरिएको थियो। क्षेत्रीकै पहलमा क्षेत्र नं. ५ नेपालगन्ज र क्षेत्र नं. ४ भैरहवाको बीचमा मैत्रीपूर्ण प्रतिस्पर्धा भयो। जसलाई हेर्न क्यानका दिग्गजहरु आएका थिए। नेपालगन्जले भैरहवालाई क्लिन स्वीप गरिदियो। क्षेत्री भन्छन्- 'यो प्रतियोगितापछि राष्ट्रिय प्रतियोगिता गराउने र टिम बनाउने कुरा भएको थियो।'

पछिल्लो दिनमा महिला क्रिकेट खस्किँदै गएकामा क्षेत्रीको असन्तुष्टि रहेको छ। हुन त उनी २०६३ पछि क्यानमा छैनन्। पूर्वकप्तान र महिला क्रिकेटको जन्मदाताको हैसियतमा उनले विभिन्न समयमा विभिन्न पद पाएका छन्। आइसीसीले सन् २०१४ देखि क्यानको फन्ड रोक्नुका साथै २०१६ देखि निलम्बन गरेको छ। क्षेत्रीले यतिबेला सरकारको तर्फबाट ठूलो जिम्मेवारी पाएका छन्।

# एथ्लेटिकोले जित्यो सुपर कप

लन्डन, (एजेन्सी)

डिफेन्डिङ च्याम्पियन रियल मेड्रिडलाई हराउँदै एथ्लेटिको मेड्रिडले युईएफए सुपरकपको उपाधि जितेको छ।

एउटै सहरको प्रतिद्वन्द्वी रियल मेड्रिडलाई अतिरिक्त समयमा ४-२ ले पराजित गर्दै एथ्लेटिको मेड्रिडले उपाधि जित्यो। योसँगै पाँचौंपटक युईएफए सुपर कप जित्ने रियलको सपना पूरा हुन सकेन। क्रिस्टियानो रोनाल्डो युभेन्टसमा विस्थापित भएपछि रियलको यो पहिलो खेल थियो।

बुधबार राति इस्टोनियामा भएको खेल निर्धारित समयसम्म २-२ गोलको बराबरीमा सकिएपछि अतिरिक्त समयमा एथ्लेटिकोले २ गोल गर्दै जित हासिल गरेको थियो। एथ्लेटिकोलाई च्याम्पियन बनाउन डिएगो कोस्टाले दुई तथा साउल निग्वेज र कोकीले एक-एक गोल गरेका थिए। रियलका तर्फबाट भने करिम बेन्जेमा र सर्जियो रामोसले एक-एक गोल गरेका थिए।

एथ्लेटिकोले खेलको पहिलो मिनेटमा नै अग्रता बनाउन सफल भएको थियो। खेल शुरू भएको ४९ सेकेन्डमै क्लोज रेन्जमा गोल गर्दै कोस्टाले एथ्लेटिकोलाई अग्रता दिलाएका थिए। तर रियलका करिम बेन्जेमाले २७औं मिनेटमा गोल गर्दै खेल बराबरीमा ल्याए।

खेलको ६३औं मिनेटमा रियलले पेनाल्टीको अवसर प्राप्त गऱ्यो। सर्जियो रामोसले पेनाल्टीमार्फत गोल गर्दै रियललाई खेलमा २-१ को अग्रता दिलाएका थिए। तर खेलको ७९औं मिनेटमा एन्जल कोरेरको पासमा कोस्टाले गोल गर्दै खेललाई २-२ गोलको बराबरीमा ल्याए।

त्यसपछि निर्धारित ९० मिनेटसम्म दुवै टोली २-२ गोलको बराबरीमा रोकिएपछि खेल अतिरिक्त ३० मिनेटसम्म लम्बिएको थियो। अतिरिक्त समयको ९९औं मिनेटमा साउल निग्वेजले गोल गर्दै एथ्लेटिकोलाई ३-२ को अग्रता दिलाएका थिए। यस्तै १०४औं मिनेटमा कोकीले गोल गरेपछि एथ्लेटिको ४-२ को जित निकाल्न सफल भयो।

योसमेत एथ्लेटिकोले तेस्रोपटक युईएफए सुपर कप जित्न सफल भएको हो। यसअघि सन् २०१० र २०१२ मा पनि एथ्लेटिको युईएफए सुपर कप च्याम्पियन बनेको थियो। युईएफए च्याम्पियन्स लिग विजेता र युईएफए युरोपा लिग विजेताबीच युईएफए सुपरकप हुने गर्दछ।



**सवारी चालकका लागि स्वर्णिम अवसर**

यस कामना न्यूज पब्लिकेशन्स्का लागि एकजना सवारी चालको आवश्यकता परेकोले इच्छुक व्यक्तिले तुरुन्तै सम्पर्क राख्न सकिनेछ ।

**सुविधा**

१) घरमा बस्ने व्यवस्था । पानी -बिजुली निःशुल्क ।
२) कम्तिमा मासिक रु १५०००/- तलब ।
३) श्रीमती हुनेलाई घरमा काम गर्ने अवसर ।
४) भान्छा र बगैंचामा काम गर्ने अनुभव भएकालाई विशेष प्राथमिकता दिइनेछ ।
५) सवारी चालकको हकमा गाडी सम्बन्धि प्राविधिक ज्ञान भएकालाई विशेष प्राथमिकता दिइनेछ ।
६) सवारी चालकका एकजना बच्चालाई कक्षा १० सम्मको छात्रवृत्ति ।

सम्पर्क फोन: ४-२६११७९
भीमसेनस्थान, काठमाडौं ।

कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालयः कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोनः ४-२६११७९, फ्याक्सः ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादकः दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादकः पुष्करलाल श्रेष्ठ